# प्रदेश सभा दर्पण

आषाढ, २०७६

(दोस्रो अङ्क)




प्रदेश सभा सचिवालय

प्रदेश न. ३, हेटौंडा, मकवानपुर

# प्रदेश सभा दर्पण

आषाढ, २०७६

**(दोस्रो अङ्क)**

## प्रदेश सभा सचिवालय

प्रदेश नं . ३, हेटौंडा, मकवानपुर

| | |
|---|---|
| प्रकाशक | : प्रदेश सभा सचिवालय प्रदेश नं. ३ |
| सम्पर्क नम्बर | : ०५७-५२४८८९, ५२७५०८ |
| फ्याक्स | : ०५७-५२३६९२ |
| Website | : http://pradeshsabha.p3.gov.np/ |
| email | : state3assembly@gmail.com |
| संख्या | : ५०० प्रति |
| मुद्रण | : न्यू प्रयास छापाखाना हेटौंडा |
| | फोन : ०५७-५२३३२५ |

माननीय सानु कुमार श्रेष्ठ
सभामुख
प्रदेश सभा, प्रदेश नं. ३
हेटौंडा



## मन्तव्य

संघीय लोकतान्त्रिक गणतन्त्रको प्रत्याभूति सबै जनमानसमा पुऱ्याउने मुख्य अभिप्रायका साथ प्रदेश सभा प्रदेश नं.३ ले विविध कार्यहरू गर्दै अगाडि बढिरहेको कुरा सर्वविदितै छ । यस्तै महत्वपूर्ण कार्यहरूको सिलसिलामा प्रदेश सभामा निश्चित समय अन्तरालमा भए गरेका विभिन्न गतिविधिहरूलाई समेटेर समय समयमा प्रकाशन गर्दा प्रदेश सभाको विभिन्न गतिविधिहरू परदर्शी हुनुका साथै कार्यालयको अभिलेखीकरणमा पनि सहयोगी हुने हुनाले ‘**प्रदेश सभा दर्पण २**’ प्रकाशित गर्न लागिएकोमा गौरवको अनुभूति भएको छ । प्रदेश सभाको तेस्रो अधिवेशनमा भएका कार्यहरूको विवरण लगायत प्रदेश सभाको बैठक प्रकिया, प्रश्न व्यवस्थापन सम्बन्धी ज्ञान, समितिले अध्ययन गर्ने विषय वस्तुहरू तथा अध्ययन विधि र समितिको प्रतिवेदन लेखन जस्ता विषय वस्तुहरू पनि समावेश गरिएकोले प्रदेश सभा सम्बन्धी विभिन्न जानाकारीहरू दिनुका साथै प्रदेश सभासँग सम्बन्धित कामहरूलाई दक्षतापूर्वक सम्पन्न गर्ने सीप पनि यस पुस्तकले प्रदान गर्नेछ । प्रदेश सभा सम्बन्धी जानाकारी राख्न चाहनु हुने सबैको लागि यो पुस्तक उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु । अन्त्यमा यस पुस्तक प्रकाशनमा सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

.................................

माननीय राधिका तामाङ
उपसभामुख
प्रदेश सभा, प्रदेश नं. ३
हेटौंडा



# मन्तव्य

हामी तीन तहको राज्य संरचना सहित संघीय व्यवस्थामा छौं । न्याय र समानता सहितको परिवर्तन र समृद्धिका लागि हामीले व्यवस्था परिवर्तन गर्‍यौं । नयाँ व्यवस्थामा लक्ष्य मुताविक जनमुखी नीति र कार्यक्रम बनाउने कार्यमा हामी प्रयासरत छौं ।

प्रदेशको काम, कर्तव्य र अधिकारलाई विधिसंगत ढंगबाट संचालन गर्ने गराउने मुख्य कार्यमा प्रदेश सभाले आफ्नो भूमिका निर्वाह गर्दै आइरहेको छ ।

पहिलो पटक आफू हिँड्ने बाटो आफैं खन्दै अगाडि बढेको प्रदेश सभाले अबका दिनमा विगतको समीक्षा गर्दै आफ्नो धरातल मजबुद र जनपक्षीय बनाउँदै लैजान आवश्यक छ । अब हामीलाई नयाँ छौं र सिक्दै छौं भनेर बस्ने छुट छैन ।

यस बीचमा प्रदेश सभाबाट सम्पादन गरिएका गतिविधिहरूलाई समेटेर प्रदेशसभा सचिवालयले **'प्रदेश सभा दर्पण'** को दोश्रो अंक प्रकाशित गरिएको छ । यस प्रकाशनबाट प्रदेशसभाको गतिविधि बारे सम्बन्धित सबैले सुसूचित हुनुका साथै आवश्यक सुझाव सल्लाह प्राप्त हुने आशा राख्दछु । सरोकार पक्षको सल्लाह सुझावबाट प्रदेश सभाले आगामी दिनमा आफ्नो भूमिकालाई अझ प्रभावकारी र जनउत्तरदायी बनाउँदै लैजान मद्दत पुग्ने विश्वास पनि लिएको छु ।

२५ आषाढ, २०७६

.....................

# सम्पादकीय

जुनसुकै संस्थाको पनि उद्देश्य, लक्ष्य र कार्यक्रम हुन्छ । संस्थाले आफ्नो उद्देश्य, लक्ष्य र कार्यक्रम कार्यान्वयनको लागि योजना बनाउँछ । योजना बनाएपछि सो योजना अनुसारको कार्यक्रम कार्यान्वयन गर्छ । कार्यान्वयन गरेपछि भए गरेका काम कारवाहीको समीक्षा गर्दै प्रगति प्रतिवेदन बनाउँछ र त्यो प्रतिवेदन सार्वजनिक र प्रचार प्रसार गरिन्छ । यसपछि संस्थाले गरेको कार्य प्रगति बारे सर्वसाधारणले थाहा पाउँछन् ।

प्रदेश नम्बर ३ को प्रदेश सभाले आफ्नो स्थापनाकालदेखि दोस्रो अधिवेशनको अन्त्यसम्ममा भए गरेका काम कारवाहीको प्रगति विवरण र क्रियाकलाप सम्बन्धी विवरण समेटेर **प्रदेश सभा दर्पण**, २०७५ ( स्मारिका विशेषाङ्क) १८ माघ २०७५ मा प्रकाशित गरेको थियो । २०७५ साल फागुनदेखि २०७६ असारसम्मका गतिविधि र प्रदेश सभा तथा यसका समितिहरूबाट भए गरेका काम कारवाहीको विवरण यस अङ्कमा प्रस्तुत गरिएको छ । यसमा अघिल्लो अङ्कमा प्रस्तुत गर्न छुट केही विवरण समेत समावेश गरिएको छ ।

यस अङ्कमा माननीय प्रदेश प्रमुखको पहिलो सम्बोधन, सम्माननीय प्रधानमन्त्रीको सम्बोधन, प्रश्नोत्तर कार्यक्रम, समितिहरूको प्रतिवेदन लेखन र समितिहरूले पेश गरेका वार्षिक प्रतिवेदनको सूची, तेस्रो अधिवेशनमा भए गरेका काम कारवाहीको विवरण, विधेयक सम्बन्धी विवरण, क्षमता अभिबृद्धि तालिम र अन्तरक्रियाबाट प्राप्त जानकारी, प्रदेश सभाको सभा सञ्चालन सम्बन्धी आन्तरिक कार्यविधि, प्रदेशको राजधानी तोक्ने सम्बन्धी कार्यविधि समावेश गरिएका छन् ।

यस दर्पणमा समावेश भएका पाठ्य सामाग्रीले पाठकहरूलाई प्रदेश सभाको कार्य विवरण, अभ्यास र प्रक्रियाको बारेमा जानकारी दिने विश्वास लिइएको छ । यो प्रदेश सभा दर्पण हाम्रो दोस्रो भेट हो । यसमा कमी कमजोरीहरू त होलान् नै । देखिएका कमी कमजोरीलाई सच्याउँदै आगामी अङ्कमा अझ परिष्कृत गर्दै लैजाने प्रयोजनको लागि सम्बन्धित सबैबाट सल्लाह र सुझावहरूको अपेक्षा गरिएको छ । यहाँहरूको सल्लाह र सुझावहरूलाई आत्मसात् गर्दै प्रदेश सभा दर्पण निरन्तर रूपमा प्रकाशन र परिमार्जन गर्दै जाने विश्वास दिलाउन चाहन्छौं । सुझाव र सल्लाहको लागि हाम्रो ईमेल ठेगाना state3assembly@gmail.com । धन्यवाद ।

२०७६ असार

रामशरण घिमिरे
प्रदेश सभा सचिव

# विषय-सूची


| क्र.स | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १ | पृष्ठभूमि | १ |
| २ | प्रश्नोत्तर कार्यक्रम | १ |
| ३ | समितिको वार्षिक प्रतिवेदन | २ |
| ४. | सचिवालयको संगठनात्मक संरचना र दरबन्दी सम्बन्धी | २ |
| ५. | सचिवालयको भौतिक पूर्वाधार सम्बन्धी | ३ |
| ६. | प्रदेश सभाको तेस्रो अधिवेशनमा भए गरेका काम कारवाहीको विवरण | ३ |
| ७. | क्षमता अभिवृद्धि सम्बन्धी | १० |
| | ७.१ प्रदेश सभा कार्य सञ्चालन सम्बन्धी | १० |
| | ७.२ प्रश्न व्यवस्थापन सम्बन्धी | १५ |
| | ७.३ विधेयक दर्तादेखि प्रमाणीकरणसम्मको प्रक्रिया | १८ |
| ८. | विधेयकको स्थिति | २२ |
| ९. | प्रतिवेदन लेखन सम्बन्धी | २३ |
| १० | सभामुख र उपसभामुखको आतिथ्यमा भएका कार्यक्रम | २४ |
| ११ | हावाहुरी पीडितको लागि सहयोग रकम हस्तान्तरण | ३१ |
| १२ | सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति | ३१ |
| १३ | प्रदेश सभा तथा प्रदेश सभा सचिवालयको वित्तिय विवरण | ३१ |
| १४. | २०७५ साल वैशाख ११ गते माननीय प्रदेश प्रमुख श्री अनुराधा कोइरालाबाट प्रदेश सभामा भएको पहिलो सम्बोधनको पूर्ण पाठ | ३२ |
| १५. | मिति २०७६/०२/२१ गते सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीले यस प्रदेश सभाको सोह्रौं बैठकलाई गर्नु भएको सम्बोधनको पूर्णपाठ | ३२ |


**सूचीहरू**


| | |
|---|---|
| सूची-१ प्रदेश सभा कार्य सञ्चालन अन्तरिम कार्यविधि २०७४ | ५२ |
| सूची-२ मौखिक उत्तरको लागि प्रश्नको सूचनाको फाराम | ६० |
| सूची-३ लिखित उत्तरको लागि प्रश्नको सूचना | ६१ |
| सूची-४ प्रदेशको स्थायी राजधानी तोक्ने सम्बन्धी कार्यविधि | ६२ |
| सूची-५ प्रदेश सभामा दर्ता भै पारित र प्रमाणीकरण भएका विधेयकहरू | ६३ |
| सूची-६ विधेयकलाई व्यवस्थापन कार्यमा लैजाने टिप्पणीको नमूना | ६९ |
| सूची-७ विधेयक माथिको संशोधन प्रस्तावको ढाँचा | ७० |
| सूची-८ प्रदेश सभा सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको कार्यविधि | ७१ |
| सूची-९ प्रदेश सभा सचिवालयको आ.व. २०७५/७६ को आर्थिक विवरण | ७३ |
| सूची १० प्रदेश सभाका माननीय सदस्यहरूको विवरण | ७५ |
| सूची ११ प्रदेश सभामा माननीय सभामुख, उपसभामुख र कार्यरत कर्मचारीहरूको सम्पर्क नम्वर | ७८ |

## १. पृष्ठभूमि

२०७४ साल मंसिर १० र २१ गते भएको निर्वाचनपछि प्रदेश सभाको काम कारवाहीलाई व्यवस्थित रुपले सञ्चालनको लागि संसदीय अभ्यास र प्रक्रियाको वारे अनुभव प्राप्त कर्मचारी आवश्यक थियो । त्यसले गर्दा भौतिक संरचना लगायतको व्यवस्थापनमा सहयोग पुऱ्याउन संघीय संसद सचिवालयले सहसचिव डा. रोजनाथ पाण्डे, उपसचिव श्री अधिराज राई र शाखा अधिकृत श्री विनोद पौडेललाई पठाएको थियो । प्रदेश सभा कार्य सञ्चालन नियमावली प्रदेश सभाले बनाउने हो । सो नियमावली नबनेसम्म सभा सञ्चालनको लागि आन्तरिक कार्यविधि आवश्यक थियो । तसर्थ प्रदेश सभाको पहिलो अधिवेशनको पहिलो बैठकले प्रदेश सभा कार्य सञ्चालन अन्तरिम कार्यविधि, २०७४ पारित गरी कार्य सञ्चालन गरिएको थियो । सो कार्यविधि सूची-१ मा दिइएको छ । संघीय संसद सचिवालयबाट आउनु भएका कर्मचारीले आफूलाई दिइएको जिम्मेवारी पूरा गरी काज फिर्ता हुनु भएपछि पनि केही समयसम्म सभा सञ्चालनको लागि संघीय संसद सचिवालयबाट उपसचिव बोलाएर बैठक चलाउने गरिएको थियो । पछि हालका सचिव श्री रामशरण घिमिरेले २०७४/१२/२५ देखि २०७५/२/४ सम्म प्रदेश सभामा रही निःशुल्क सहयोग गरी प्रदेश सभाकै कर्मचारीबाट सभा सञ्चालन सम्बन्धी काम, विधेयक दफावार छलफलको लागि समितिमा पठाएकोमा समितिमा विधेयक छलफल गर्ने तरिका, छलफल सम्पन्न भएपछि विधेयक सम्बन्धी प्रतिवेदन तयार गर्ने, विधेयक सम्पादन गर्ने तरिका, विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त, उद्देश्य, प्राथमिकता प्रमुख नीतिहरू सहितको पूर्व वजेट छलफलको प्रक्रिया, प्रदेश सरकारको नीति तथा कार्यक्रमको प्रस्तुती र छलफल प्रक्रिया, राजस्व र व्ययको अनुमान पेश गर्ने र छलफल गर्ने प्रक्रिया तथा विनियोजन तथा अर्थ विधेयक सम्बन्धी कार्यविधि सिकाइदिनु भै प्रदेश सभाको कार्य सञ्चालनमा सहयोग उपलब्ध गराउनु भएको थियो ।

प्रदेश सभाको पहिलो अधिवेशन ऐतिहासिक रुपमा अत्यन्तै महत्वपूर्ण त थियो नै पहिलो अधिवेशनमा अर्थात् २०७५ साल वैशाख ११ गते प्रथम पटक प्रदेश प्रमुख माननीय श्री अनुराधा कोइरालाले सम्बोधन गर्नु भएको थियो । प्रदेश सभाको दोस्रो अधिवेशन पनि ऐतिहासिक नै रहन गएको छ । सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीले २०७५ जेठ २१ गते सम्बोधन गर्नु भएको थियो ।

प्रदेश सभाबाट भए गरेका काम कारवाहीलाई व्यवस्थित बनाउने सन्दर्भमा पहिलो अधिवेशनदेखि दोस्रो अधिवेशनसम्मका कार्यसूचीहरूको अभिलेख तयार गरिएको छ । सम्पूर्ण विवरण तयार गर्ने कार्य प्रारम्भ भै पहिलो अधिवेशनको अभिलेख तयार भएको छ । प्रदेश सभामा शून्य समयको प्रारम्भ भएको छ । विधेयकको दर्तादेखि सबै प्रक्रिया पूरा भै सभाबाट पारित भैसकेपछि प्रमाणीकरण प्रति तयार गर्ने क्षमता सचिवालयका कर्मचारीहरूमा विकास भएको छ । पहिलो र दोस्रो अधिवेशनमा पारित विधेयकहरूको संगालो विधेयक संग्रह प्रकाशित भएको छ ।

## २. प्रश्नोत्तर कार्यक्रम

प्रदेश सभा नियमावलीले प्रदेश सरकारको उत्तरदायित्व भित्रको सार्वजनिक महत्वको कुनै पनि विषयमा सदस्यले प्रश्न सोध्न पाउने र सम्बन्धित मन्त्रीले सभाको बैठकमा तत्कालै जवाफ दिने संसदीय अभ्यासको कार्यान्वयनको लागि प्रश्नोत्तर कार्यक्रम सञ्चालन गर्ने तयारी पूरा भएको छ । प्रदेश सभा नियमावली, २०७४ को नियम ४० अनुसार प्रदेश सरकारको उत्तरदायित्व भित्रको सार्वजनिक महत्वको कुनै पनि विषयमा सदस्यले प्रश्न सोध्न सक्ने व्यवस्थाको लागि प्रत्येक बैठकको पहिलो घण्टा प्रश्न सोध्ने र उत्तर दिनको लागि समय निर्धारण गरिएको छ । प्रश्न सोध्न चाहनु हुने माननीय सदस्यले लिखित

रुपमा सचिवलाई सूचना दिन सक्नु हुने व्यवस्था मिलाइएको छ । यसमा मौखिक उत्तरको लागि सूची-२ बमोजिमको र लिखित उत्तरको लागि सूची-३ बमोजिमको ढाँचामा सूचना दिनु पर्नेछ ।

माननीय सदस्यले प्रश्न सोध्ने र मन्त्रीले उत्तर दिने प्रयोजनको लागि प्रश्नोत्तर तालिका देहाय बमोजिम निर्धारण गरिएको छ ।

| सि नं. | बार | मन्त्रालय |
|---|---|---|
| १ | आईतबार | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग |
| २ | सोमबार | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३ | मंगलबार | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४ | बुधबार | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ५ | विहीबार | सामाजिक विकास मन्त्रालय |
| ६ | शुक्रबार | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

प्रश्नोत्तर कार्यक्रममा प्रश्नकर्ता माननीय सदस्यले मात्र पूरक प्रश्न सोध्न पाउने व्यवस्था गरिएको छ ।

### ३. समितिको वार्षिक प्रतिवेदन

यसभन्दा अगाडिसम्म सभाका समितिहरूले सभाले दफावार छलफलको लागि पठाएका विधेयकमा दफावार छलफल गरी विधेयकको सम्बन्धमा समितिले गरेको निर्णयको प्रतिवेदन पेश गर्ने कार्यका अतिरिक्त मन्त्रालयका पदाधिकारीहरूसँग छलफल गरी निर्देशन दिने र अन्तरक्रिया गोष्ठी सञ्चालन गर्ने कार्य गर्दै आएकोमा समितिहरूले प्रदेश सभा नियमावलीले तोके बमोजिम समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय र अन्तर्गत कार्यालयबाट सम्पादन भएका काम कारवाहीको अध्ययन गरी सभामा प्रतिवेदन पेश गर्ने जमर्को गरेका छन् । यसै सिलसिलामा हालसम्म अर्थ तथा विकास समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति, सार्वजनिक लेखा समिति, प्रदेश मामिला समिति र उद्योग, पर्यटन तथा वातावरण समितिले आ-आफ्नो वार्षिक प्रतिवेदन सभामा पेश गरेका छन् ।

### ४. सचिवालयको सङ्गठनात्मक संरचना र दरबन्दी सम्बन्धी

प्रदेश सभा सचिवालय सञ्चालनको लागि सवारी चालक र कार्यालय सहयोगीदेखि सचिवसम्म ३० जनाको मात्र दरबन्दी भएको र यो जनशक्तिले अहिलेसम्म कार्य व्यवस्था, कार्य व्यवस्था परामर्श समिति, प्रशासन, लेखा, विधेयक, दर्ताचलानी, स्टोरको कार्य गर्न त सकिएको छ तर सम्पूर्ण विवरण, पाँचवटा समिति सचिवालय, प्रश्न, योजना र तालिमको कार्य गर्न संसदीय दलका कार्यालयहरू, सभामुख, उपसभामुख र प्रदेश सभाका सचिवको लागि निजी सचिव दिन सकिएको छैन । यसले गर्दा सचिवालयको सङ्गठन स्वरुप, कार्य प्रक्रिया, जनशक्ति विकास र अध्ययन अनुसन्धान तथा तालिममा व्यापक सुधार र परिमार्जन गर्नु पर्ने देखिएको छ । प्रदेश सभा सचिवालयका काम कारवाहीहरूलाई परिणाममुखी र अझ प्रभावकारी बनाउन विद्यमान सङ्गठन संरचनामा पुनरावलोकन गरी उपयुक्त सङ्गठनात्मक संरचनाको आवश्यकता महशुस गरिएको छ । सचिवालयलाई आवश्यक पर्ने सङ्गठनात्मक संरचना र दरबन्दी निर्धारणको लागि सङ्गठन र व्यवस्थापन सर्भे गर्न  प्रदेश सभा सचिवको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयका प्रतिनिधिहरू सदस्य रहने गरी समिति पनि गठन भैसकेको छ ।

## ५. सचिवालयको भौतिक पूर्वाधार सम्बन्धी

प्रदेश सभाको काम कारवाहीलाई सहज बनाउन आगामी आर्थिक वर्षको प्रारम्भबाटै कार्य प्रारम्भ गर्ने गरी लवी सहितको सभा हल, संसदीय दलका कार्यालयहरू, समिति हल, चमेना गृह, ब्यारेक र सुरक्षा पोष्ट, समय सापेक्ष रुपमा सूचना प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउने लक्ष्य समेत राखिएको छ ।

## ६. प्रदेश सभाको तेस्रो अधिवेशनमा भए गरेका काम कारवाहीको विवरण

| बैठक संख्या | मिति | भएको काम कारवाहीको विवरण |
|---|---|---|
| १ | २०७५।१२।१७ | १. बैठकमा माननीय सभामुखबाट सभाको तेस्रो अधिवेशन आव्हान सम्बन्धी प्रदेश प्रमुखबाट प्राप्त पत्र पढेर सुनाउनु भएको ।<br>२. बैठकको प्रारम्भमा प्रजातन्त्र र लोकतन्त्र स्थापनाको लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरूप्रति श्रध्दाञ्जली स्वरुप एक मिनेट मौन धारणा गरिएको ।<br>३. त्यसपछि माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेल, प्रमुख प्रतिपक्षी दलका नेता मा. श्री इन्द्रबहादुर बानियाँ, नेपाल मजदुर किसान पार्टीका नेता मा.श्री सुरेन्द्रराज गोसाई, राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता मा.श्री रीता माझी, राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिकका नेता मा.श्री रीना गुरुङ र मा. श्री प्रेमबहादुर तामाङले शुभकामना मन्तब्य राख्नु भएको थियो ।<br>४. शुभकामना मन्तब्यको क्रममा प्रदेशको स्थायी राजधानीको विषयमा उठेको प्रश्नको सन्दर्भमा माननीय सभामुखले मिति २०७५।१२।१७ गते बसेको कार्य व्यवस्था परामर्श समितिको परामर्श अनुसार प्रदेश नं ३ को राजधानी तोक्ने सम्बन्धमा कार्यविधि निर्धारण गरी प्रक्रिया अगाडि बढाइने जानकारी दिनु भयो ।<br>५. तत्पश्चात् माननीय सभामुखले प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश प्रमुखबाट मिति २०७५।१०।१८ मा प्रमाणीकरण भै आएको व्यहोराको पत्र सभामा पढेर सुनाउनु भयो ।<br>६. तदुपरान्त माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलले मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदन सभामा पेश गर्नु भयो ।<br>७. तत्पश्चात माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री अरुण प्रसाद नेपालले प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक र प्रदेश भित्र औद्यागिक व्यवसाय स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भनी राख्नु भएको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो । त्यसैगरी माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामाले प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भनी राख्नु भएको प्रस्ताव पनि सर्वसम्मतिले स्वीकृत भयो ।<br>८. त्यसपछि माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जमकट्टेलले प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाशप्रसाद ढुंगेलले कर तथा गैर कर राजस्व सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक र माननीय |

| बैठक संख्या | मिति | भएको काम कारवाहीको विवरण |
|---|---|---|
| | | सामाजिक विकास मन्त्री श्री यूवराज दुलालले प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा पेश गर्नु भयो । |
| २ | २०७५।१२।१८ | सर्वप्रथम "मिति २०७५ चैत्र १७ गते साँझ असिनापानी सहित आएको भिषण हावाहुरीले वारा, पर्सा लगायत तराईका क्षेत्रमा पुऱ्याएको मानवीय तथा अन्य क्षतिप्रति यो सभा गहिरो दुःख ब्यक्त गर्दै यस घटनाबाट अकालमा ज्यान गुमाएका मृतकहरूप्रति हार्दिक श्रध्दाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ । साथै यस दुःखद घटनामा परी घाइते भएकाहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।" भन्ने प्रस्ताव पारित भयो ।<br>२.त्यसपछि विशेष समयको कार्यक्रम सञ्चालन भएको थियो र विशेष समयमा देहायका माननीय सदस्यहरूले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नु भएको थियो ।<br>(१) मा. श्री योगेन्द्रराज सँग्रौला (२) मा. डा. राजाराम कार्की<br>(३) मा. श्री गणेशप्रसाद दुलाल (४) मा. श्री भीमसेन खत्री<br>(५) मा. श्री केशवराज पाण्डे (६) मा. श्री सुरेन्द्रराज गोसाई<br>(७) मा. श्री जीवन खड्का (८) मा. श्री रीना गुरुङ<br>(९) मा. श्री राजकाजी महर्जन (१०) मा. श्री शोभा शाक्य<br>(११) मा. श्री केशवप्रसाद पोखरेल (१२) मा. श्री रमा आले मगर<br>३. तदुपरान्त माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेलको तर्फबाट माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाशप्रसाद ढुंगेलले प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक, आफ्नै तर्फबाट कर तथा गैर कर राजस्व सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक र सामाजिक विकास मन्त्री श्री यूवराज दुलालको तर्फबाट प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्नु भयो ।<br>४. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलमा देहायका माननीय सदस्यहरूले भाग लिनु भएको थियो ।<br>(१) मा. श्री न्हुच्छेनारायण श्रेष्ठ (२) मा. श्री सृजना सायजु<br>५. त्यसैगरी कर तथा गैर कर राजस्व सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथिको सामान्य छलफलमा देहायका माननीय सदस्यहरूले भाग लिनु भयो ।<br>(१) मा. श्री सृजना सायजु (२) मा. श्री रीता माझी<br>(३) मा. श्री रामेश्वर फुयाल (४) मा. डा. राजाराम कार्की<br>(५) मा. श्री रीना गुरुङ ।<br>६.प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सामान्य छलफलमा देहायका माननीय सदस्यहरूले भाग लिनु भएको थियो ।<br>(१) मा. श्री मीना ज्ञवाली नेपाल (२) मा. श्री रीता माझी<br>(३) मा. श्री रमेश पौड्याल (४) मा. श्री सृजना सायजु<br>(५) मा. श्री रीना गुरुङ (६) मा. श्री राधा घले |

| बैठक संख्या | मिति | भएको काम कारवाहीको विवरण |
|---|---|---|
| | | (७) मा. श्री पुकार महर्जन (८) मा. श्री जीवन डंगोल<br>(९) मा. श्री योगेन्द्रराज सँग्रौला (१०) मा. श्री रामेश्वर फुयाल<br>(११) मा. डा. राजाराम कार्की (१२) मा. श्री प्रेमबहादुर पुलामी<br>(१३) मा. श्री लालकुमारी पुन (१४) मा. श्री निमा लामा<br>(१५) मा. श्री शोभा शाक्य<br>६.उक्त तीनैवटा विधेयकमा भएको छलफलमा उठेका प्रश्न र जिज्ञासाको उत्तर माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाशप्रसाद ढुंगेलले दिनु भएको थियो ।<br>७. सम्बन्धित विधेयकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ माननीय मन्त्रीले दिनु भएपछि माननीय सभामुखले विचार गरियोस् भन्ने प्रस्तावहरू निर्णयार्थ पेश गर्नु हुँदा तीनैवटा विधेयकहरू सर्वसम्मतिले स्वीकृत भएका थिए । |
| ३ | २०७५।१२।१९ | बैठकमा माननीय सभामुखले मिति २०७५ चैत्र १७ गतेका दिन आएको भिषण आँधी हुरीबाट पीडित वारा, पर्सा लगायतका क्षेत्रका जनताको राहतको लागि यस सभाबाट माननीय सदस्यहरूले मिति २०७५ चैत्र १८ गते बसेको सभाको बैठकमा उठाउनु भएको विषयलाई ध्यान दिई मिति २०७५ साल चैत्र १९ गते बसेको कार्य व्यवस्था परामर्श समितिको बैठकको परामर्श अनुसार माननीय सदस्यहरूबाट तीन दिनको पारिश्रमिक बराबरको रकम सहयोग स्वरुप प्रदेश नं.२ सरकारलाई प्रदान गरिने निर्णय गरिएको व्यहोरा जानकारी गराउनु भएको थियो ।<br><br>२. त्यसपछि विशेष समयको कार्यक्रम भएको थियो र विशेष समयमा देहायका माननीय सदस्यहरूले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नु भएको थियो ।<br>(१) मा.श्री प्रदीपकुमार कटुवाल क्षेत्री (के.सी.) (२) मा.श्री गीता वाग्ले<br>(३) मा.श्री मुनु सिग्देल (४) मा.श्री सृजना सायजु<br>(५) मा.श्री रामलाल महतो (६) मा.श्री निमा लामा<br>(७) मा.श्री लालकुमारी पुन (८) मा.श्री प्रेमबहादुर पुलामी<br>(९) मा.श्री दीपक निरौला (१०) मा.श्री रीता माझी<br>३. तदुपरान्त माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेलले प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि विचार गरियोस् भनी राख्नु भएको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको थियो ।<br>४. त्यसपछि माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेलले प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भनी प्रस्ताव पेश गर्नु भयो । उक्त प्रस्तावमाथिको छलफलमा देहायका माननीय सदस्यहरूले भाग लिनु भएको थियो ।<br>(१) मा.श्री रमेश पौड्याल (२) मा. श्री सीता अधिकारी<br>(३) मा.श्री सरस्वती बाटी (४) मा.श्री नारायणबहादुर सिलवाल<br>(५) मा.श्री भीमसेन खत्री (६) मा.श्री रीना गुरुङ<br>(७) मा.श्री रीता माझी (८) मा.श्री शान्तिप्रसाद पौडेल<br>(९) मा.श्री निमा लामा (१०)मा.श्री न्हुच्छेनारायण श्रेष्ठ |

| बैठक संख्या | मिति | भएको काम कारवाहीको विवरण |
|---|---|---|
| | | ५. तत्पश्चात् माननीय सदस्यहरूले छलफलको क्रममा उठाउनु भएको प्रश्न र जिज्ञासाको जवाफ माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेलले दिनुभयो।<br>६. तदुपरान्त माननीय सभामुखले प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नु हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो । |
| ४ | २०७६।१२।२५ | बैठकमा माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलले २०७५।१२।१७ र १८ गते बसेका बैठकको विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका समसामयिक विषयका प्रश्नहरूको जवाफ दिनु भएको थियो ।<br>२. त्यसपछि माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री अरुणप्रसाद नेपालले प्रादेशिक व्यापार व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामाले प्रदेश बीउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रादेशिक कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेश गर्नु भयो ।<br>३. तदुपरान्त प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन,२०७४ लाई संशोधन गर्न बनेको विधेयकमाथिको संशोधन प्रस्ताव मा. श्री सीता लामाले फिर्ता लिनु भएपछि माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेलले सो विधेयकमाथिको दफावार छलफल सदनमा गरियोस् भनी राख्नु भएको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो । दफावार छलफल सम्पन्न भए पछि आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेलल उक्त विधेयकलाई पारित गरियोस् भनी राख्नु भएको प्रस्ताव पनि सर्वसम्मतिले स्वीकृत भयो ।<br>४. तत्पश्चात् आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेलले प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाशप्रसाद ढुंगेलले कर तथा गैर कर राजस्व सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक र माननीय सामाजिक विकास मन्त्री श्री यूवराज दुलालले प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि सम्बन्धित समितिमा पठइयोस् भनी राख्नु भएका प्रस्तावहरू स्वीकृत भए । |
| ५ | २०७५।१२।२६ | बैठकको विशेष समयमा देहायका माननीय सदस्यहरूले भाग लिनु भयो ।<br>(१) मा.श्री सरेश नेपाल (२) मा.श्री राधा घले<br>(३) मा.श्री वेलीमैया घले (४) मा.श्री रमेश पौड्याल<br>(५) मा.श्री मीना ज्ञवाली नेपाल (६) मा.श्री सृजना सायजु<br>(७) मा.श्री रत्नप्रसाद ढकाल (८) मा.श्री ओमबहादुर ग्लान<br>(९) मा.श्री हिरानाथ खतिवडा (१०) मा.श्री रीता माझी<br>(११) मा.श्री चेतनाथ सञ्जेल ।<br><br>२. तत्पश्चात् बैठकमा माननीय सामाजिक विकास मन्त्री श्री यूवराज दुलालले मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा पेश गर्नु भयो । |

<table>
<tr><th>बैठक संख्या</th><th>मिति</th><th>भएको काम कारवाहीको विवरण</th></tr>
<tr><td></td><td></td><td>
३. त्यसपछि माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री अरुणप्रसाद नेपालको तर्फबाट माननीय सामाजिक विकास मन्त्री श्री यूवराज दुलालले प्रादेशिक व्यापार व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामाले प्रदेश बीउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रादेशिक कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्नु भएको थियो । प्रस्तुत विधेयकहरूको सामान्य छलफलमा देहायका माननीय सदस्यहरूले भाग लिनु भएको थियो ।
<table>
<tr><th>प्रादेशिक व्यापार व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा</th><th>प्रदेश बीउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा</th><th colspan="2">प्रादेशिक कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा</th></tr>
<tr><td>(१) मा.श्री रमेश पौड्याल</td><td>(१) मा.श्री भीमसेन खत्री</td><td>(१) मा.श्री रमेश पौड्याल</td><td>(२) मा.श्री सीता अधिकारी</td></tr>
<tr><td>(२) मा.श्री सृजना सायजु</td><td>(२) मा.श्री मुनु सिग्देल</td><td>(३) मा.श्री केशवराज पाण्डे</td><td>(४) मा.श्री योगेन्द्रराज सँग्रौला</td></tr>
<tr><td>(३) मा.श्री सीता अधिकारी</td><td>(३) मा.श्री वेली मैया घले</td><td>(५) मा.श्री पुकार महर्जन</td><td>(६) मा.श्री सीता लामा</td></tr>
<tr><td>(४) मा.श्री सीता लामा</td><td>(४) मा.श्री सीता लामा</td><td>(७) मा.श्री भीमसेन खत्री</td><td>(८) मा.श्री निमा लामा</td></tr>
<tr><td>(५) मा.श्री रीना गुरुङ्ग</td><td>(५) मा.श्री वसन्तप्रसाद मानन्धर</td><td>(९) मा.श्री नारायण बहादुर सिलवाल</td><td>(१०) मा.श्री सृजना सायजु</td></tr>
<tr><td>(६) मा.श्री लालकुमारी पुन</td><td>(६) मा.श्री शान्तिप्रसाद पौडेल</td><td>(११) मा.श्री लक्ष्मण लम्साल</td><td>(१२) मा.श्री बुध्दिमान माझी</td></tr>
<tr><td>(७) मा.श्री रामेश्वर फुयाल</td><td>(७) मा.श्री सृजना सायजु</td><td>(१३) मा.श्री जीवन डंगोल</td><td>(१४) मा.श्री हिरानाथ खतिवडा</td></tr>
<tr><td>(८) मा.श्री शोभा शाक्य</td><td>(८) मा.श्री रीता माझी</td><td>(१५) मा.श्री मुनु सिग्देल</td><td>(१६) मा.श्री रीना गुरुङ</td></tr>
<tr><td>(९) मा.श्री राधा घले</td><td>(९) मा.श्री रीना गुरुङ</td><td>(१७) मा.श्री रीता माझी</td><td>(१८) मा.श्री रामेश्वर फुयाल</td></tr>
<tr><td>(१०) मा.श्री जीवन डंगोल</td><td>(१०) मा.श्री रमा आले मगर</td><td>(१९) मा.श्री राजकाजी महर्जन</td><td>(२०) मा.श्री शोभा शाक्य</td></tr>
<tr><td>(११) मा.श्री बद्री मैनाली</td><td>(११) मा.श्री शोभा शाक्य</td><td>(२१) मा.श्री बद्री मैनाली</td><td>(२२) मा.श्री छिरिङ दोर्जे लामा</td></tr>
<tr><td>(१२) मा.श्री रीता माझी</td><td></td><td>(२३) मा.श्री भावना सुवेदी</td><td>(२४) मा.श्री शान्ति प्रसाद पौडेल</td></tr>
<tr><td></td><td></td><td>(२५) मा.श्री मीना ज्ञवाली</td><td></td></tr>
</table>
४. विधेयकहरूमाथिको सामान्य छलफलमा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित मन्त्रीहरूले दिनु भएपछि उक्त तीनैवटा विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावहरू निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिले स्वीकृत भएका थिए ।
</td></tr>
<tr><td>६</td><td>२०७५।१२।२७</td><td>
यस बैठकको विशेष समयमा देहायका माननीय सदस्यहरूले भाग लिनु भयो ।
(१) मा.श्री नारायणबहादुर सिलवाल<br>(२) मा. श्री छिरिङ दोर्जे लामा<br>(३) मा. श्री शान्तिप्रसाद पौडेल<br>(४) मा. श्री रीना गुरुङ<br>(५) मा. श्री विनोदकुमार खड्का<br>(६) मा.श्री विजया श्रेष्ठ (के.सी.)<br>(७) मा. श्री कृष्णप्रसाद शर्मा खनाल<br>(८) मा. श्री पुकार महर्जन<br>(९) मा. श्री रामेश्वर फुयाल<br>(१०) मा. श्री शोभा शाक्य
</td></tr>
</table>

| बैठक संख्या | मिति | भएको काम कारवाहीको विवरण |
|---|---|---|
| | | २. तत्पश्चात् माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाशप्रसाद ढुंगेलले मागमा आधारित योजनाहरूको छनौट सम्बन्धी कार्यविधि पेश गर्नु भयो ।<br><br>३. त्यसपछि माननीय सामाजिक विकास मन्त्री श्री यूवराज दुलालले मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस भन्ने प्रस्ताव पेश गर्नु भयो । उक्त प्रस्तावमाथिको सामान्य छलफलमा देहायका माननीय सदस्यहरूले भाग लिनु भयो ।<br>(१) मा. श्री भावना सुवेदी (२) मा. श्री सृजना सायजु<br>(३) मा. श्री रीता माझी (४) मा. श्री रीना गुरुङ<br>(५) मा. श्री राजकाजी महर्जन (६) मा. श्री रामेश्वर फुयाल<br>(७) मा. श्री जीवन डंगोल ।<br><br>४. सामान्य छलफलमा उठेको प्रश्नहरूको जवाफ माननीय सामाजिक विकास मन्त्रीले दिनु भएपछि उक्त प्रस्तावलाई निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले सो प्रस्ताव पारित भयो ।<br><br>५. तदुपरान्त माननीय सभामुखले नयाँ वर्ष २०७६ सालको पावन अवसरमा प्रदेश सरकारका माननीय मन्त्रीहरू, प्रदेश सभाका माननीय सदस्यहरू, सम्पूर्ण कर्मचारीहरू, सुरक्षा निकाय, नागरिक समाज, बुद्धिजीवी, पत्रकार एवं समस्त नेपाली जनताहरूमा प्रदेश सभा प्रदेश नं.३ का तर्फबाट सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नु भयो । |
| ७ | २०७६।१।३ | बैठकको प्रारम्भमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सभापति माननीय घनश्याम दाहालले प्रदेश बालबालिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक पेश गर्नु भयो ।<br>२. त्यसपछि माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीको तर्फबाट माननीय सामाजिक विकास मन्त्री श्री युवराज दुलालले प्रादेशिक व्यापार व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामाले प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र माननीय सामाजिक विकास मन्त्री श्री युवराज दुलालले मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयकहरू दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भनी राख्नु भएका प्रस्तावहरू सर्वसम्मतिले स्वीकृत भए । |
| ८ | २०७६।१।४ | बैठकको प्रारम्भ शून्य समयबाट भएको थियो र शून्य समयमा देहायका माननीय सदस्यहरूले समसामयिक विषयमा आफ्नो धारणा राख्नु भयो ।<br>१. मा.श्री इन्द्रमाया गुरुङ २. मा.श्री कल्पना नेपाली |

| बैठक संख्या | मिति | भएको काम कारवाहीको विवरण |
|---|---|---|
| | | ३. मा.श्री कृष्णप्रसाद भुर्तेल ४. मा.श्री कृष्णप्रसाद शर्मा खनाल<br>५. मा.श्री केशवप्रसाद पोखरेल ६. मा.श्री केशवराज पाण्डे<br>७. मा.श्री गणेशप्रसाद दुलाल ८. मा.श्री घनश्याम दाहाल<br>९. मा.श्री छिरिङ दोर्जे लामा १०. मा.श्री जगतबहादुर सिम्खडा<br>११. मा.श्री जीवन खड्का १२. मा.श्री दीपक निरौला<br>१३. मा.श्री जीवन डंगोल १४. मा.श्री देवकी श्रेष्ठ<br>२. त्यसपछि माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाशप्रसाद ढुंगेलले प्रदेश सभाको मिति २०७५।१२।२६ र २७ गतेको विशेष समयमा उठेका प्रश्नहरूको जवाफ दिनु भयो ।<br>३. तत्पश्चात् प्रदेश मामिला समितिका सभापति मा. श्री माधवप्रसाद पौडेलले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक र शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सभापति मा.श्री घनश्याम दाहालले प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा समितिले गरेका निर्णयका प्रतिवेदन सहितका विधेयकहरू पेश गर्नु भयो ।<br>४. तदुपरान्त माननीय सामाजिक विकास मन्त्री श्री यूवराज दुलालले प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भनी राख्नु भएको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो र छलफलमा कुनै पनि माननीय सदस्यले भाग नलिनु भएपछि उक्त विधेयकलाई पारित गरियोस् भनी माननीय सामाजिक विकास मन्त्रीले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भयो । |
| ९ | २०७६।१।५ | बैठकको प्रारम्भ शून्य समयबाट भयो र शून्य समयमा देहायका माननीय सदस्यहरूले समसामयिक विषयमा आफ्नो धारणा राख्नु भयो ।<br>१. मा.श्री नारायणबहादुर सिलवाल २. मा.श्री प्रदीक कुमार कटुवाल क्षेत्री<br>३. मा.श्री विराजभक्त श्रेष्ठ ४. मा.श्री वेली मैया घले<br>५ मा.श्री मीना ज्ञवाली नेपला ६. मा.श्री मुनु सिग्देल<br>७. मा.श्री मैना आछामी ८. मा.श्री रजनी अमात्य जोन्छे<br>९.मा.श्री रत्नप्रसाद ढकाल १०. मा.श्री रमा आले मगर<br>११. मा.श्री रमेश पौडेल १२. मा.श्री न्हुच्छेनारायण श्रेष्ठ<br>१३ मा.श्री योगेन्द्रराज सँग्रौला १४. मा.श्री राजेन्द्रप्रसाद पाण्डे<br>१५ मा.श्री राधा घले १६. मा.श्री रामलाल महतो<br>१७. मा.श्री रामेश्वर फुयाल १८. मा.श्री रीना गुरुङ<br>१९. मा.श्री लक्ष्मण लम्साल २०. मा.श्री विजय सुवेदी<br>२१. मा.श्री विजया श्रेष्ठ (के.सी) २२. मा.श्री बुद्धिमान माझी<br>२३ मा.श्री शान्तिप्रसाद पौडेल २४. मा.श्री शोभा शाक्य<br>२५. मा.श्री सरस्वती बस्नेत २६. मा.श्री सरस्वती बाटी<br>२७. मा.श्री सीता अधिकारी २८. मा.श्री सुरेन्द्रराज गोसाई<br>२९. मा.श्री सृजना सायजु<br>२. त्यसपछि माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेलले प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकका |

| बैठक संख्या | मिति | भएको काम कारवाहीको विवरण |
|---|---|---|
| | | सम्बन्धमा प्रदेश मामिला समितिको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भनी राख्नु भएको प्रस्ताव स्वीकृत भयो ।<br>३. उक्त प्रस्तावमाथि छलफलमा बोल्नको लागि कुनै पनि माननीय सदस्यहरूको नाम प्राप्त नभएकोले सो विधेयकलाई माननीय सभामुखले निर्णयार्थ पेश गर्नु भएको थियो । यसै क्रममा माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीले उक्त विधेयक पारित गरियोस् भनी राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भयो ।<br>४. तदुपरान्त माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामाले प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भनी राख्नु भएको प्रस्ताव स्वीकृत भयो । उक्त प्रस्तावमाथि छलफलमा माननीय रमेश पौडेलले भाग लिनु भयो । छलफलमा उठेका प्रश्नको जवाफ माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीले दिनु भएपछि सो विधेयकलाई माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नु भएको थियो । यसै क्रममा माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीले उक्त विधेयक पारित गरियोस् भनी राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भयो । |

### ७. क्षमता अभिबृद्धि सम्बन्धी

प्रदेश सभाको कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन र नयाँ प्रविधि र परिवेश अनुसार अगाडि बढाउन संसदीय अभ्यास र प्रक्रिया तथा नयाँ प्रविधि बारे सचिवालयका कर्मचारीहरूको दक्षता अभिबृद्धि गराउन अति जरुरी हुन्छ । यही आवश्यकतालाई दृष्टिगत गरी संसदीय प्रक्रिया र अभ्यासको सम्बन्धमा यस आ.व.मा विभिन्न ठाउँमा विभिन्न किसिमबाट अन्तरक्रिया, गोष्ठी र अभिमुखीकृत तालिम सञ्चालन भएका थिए । त्यसरी भएका अन्तरक्रिया, गोष्ठी एवं अभिमुखीकरणबाट प्राप्त जानकारीको आधारमा यो विवरण बनाइएको छ । यो विवरण बनाउँदा नेपालको संविधान, प्रदेश आर्थिक कार्यविधि ऐन र प्रदेश सभा नियमावलीलाई अधार बनाइएको छ । यो विवरणले सचिवालयका कर्मचारीहरूलाई प्रदेश सभाको कार्य सम्पादनमा सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

### ७.१ प्रदेश सभा कार्य सञ्चालन सम्बन्धी

| क्र स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| १ | दैनिक कार्यसूची तयार गर्ने | (१) सभामुखको निर्देशानुसार दैनिक कार्यसूची तयार गरी माननीय सदस्यहरू, सभामुख, उपसभामुख, सचिव, विधेयक शाखा, प्रश्न तथा विवरण शाखा लगायत सम्बन्धित पदाधिकारीहरूलाई वितरण गर्ने ।<br>(२) कार्यसूचीको आधारमा बाचन पत्र तयार गर्ने ।<br>(३) तयार भएको बाचनपत्र सभामुखलाई देखाउने ।<br>(४) सभाको बैठकमा भए गरेका काम कारवाहीको संक्षिप्त विवरण (सूचना पत्र २) तयार गरी माननीय सदस्यहरूलाई वितरण गर्ने । | |

| क स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| २ | कार्यसूचीमा समावेश गर्ने विषयहरूको क्रमको निर्धारण | (१) सभामा सभामुखले पढेर सुनाउनु पर्ने प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्रहरू,<br>(२) शून्य समयको कार्यक्रको जानकारी<br>(३) प्रश्नोत्तर कार्यक्रमको जानकारी<br>(४) समितिका वार्षिक तथा अन्य प्रतिवेदनहरू<br>(५) विशेष समयको कार्यक्रम<br>(६) सार्वजनिक महत्वका प्रस्तावहरू<br>(७) व्यवस्थापन कार्य (समितिको प्रतिवेदन, विधेयक पेश, विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव, सामान्य छलफल, दफावार छलफल) | |
| ३ | दैनिक कार्यसूचीमा समावेश गर्ने आर्थिक कार्यविधि सम्बन्धी विषयहरू | (१) विनियोजन विधेयकका प्राथमिकता र सिध्दान्तका सम्बन्धमा (कर प्रस्ताव बाहेक)को कार्यक्रम<br>(२) वार्षिक नीति तथा कार्यक्रम<br>(३) राजस्व र व्ययको अनुमान | |
| ४ | विनियोजन विधेयकका प्राथमिकता र सिध्दान्तका सम्बन्धमा (कर प्रस्ताव बाहेक) को कार्यक्रम | (१) विनियोजन विधेयक प्रदेश सभामा पेश गर्नुभन्दा कम्तीमा एक महिना अगाडि आर्थिक मामिला तथा योजना मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिध्दान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति सहितको पूर्व बजेट तयार गरी प्रदेश सभामा प्रस्तुत गर्नु पर्दछ। | (प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ९) |
| | | (२) प्रदेश सभाले पूर्व बजेट पेश भएको एक महिनाभित्र उक्त बजेटमा आवश्यक छलफल गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उपयुक्त सुझाव तथा निर्देशन उपलब्ध गराउनु पर्ने। | नियम १३३ (५) |
| | | (३) विनियोजन विधेयकका सिध्दान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्ताव बाहेक)छलफल सभामा विनियोजन विधेयक पेश गर्नुभन्दा १५ दिन अगावै समाप्त भैसक्नु पर्छ। | (नियमावलीको नियम १३३ (४) |
| ५ | (२) वार्षिक नीति तथा कार्यक्रम | (१) प्रत्येक वर्षको पहिलो अधिवेशनको प्रारम्भ भएपछि प्रदेश सभाको बैठकलाई सम्बोधन गर्नु हुने र त्यसको लागि सदस्यहरूको उपस्थितिको आव्हान गर्नु हुने। | संविधानको धारा १८४ |
| | | (२) प्रदेश प्रमुखले प्रदेश सभाको बैठकमा प्रदेश सरकारको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी बार्षिक रुपमा सम्बोधन गर्नु हुने। | नियम ३५ |
| | | (३) प्रदेश प्रमुखले सम्बोधन गरेपछि बसेको बैठकमा मुख्य मन्त्रीले सम्बोधनको एक प्रति टेवुल गर्नु हुने। | नियम ३६ (१) |
| | | (४) प्रदेश प्रमुखको सम्बोधनको लागि एकजना सदस्यले प्रस्ताव गरी र अर्कोले समर्थन गरेको धन्यवादको प्रस्ताव प्रस्तुत गर्नु हुने प्रस्तावमा प्रस्तावक र समर्थक | नियम ३६ (२) |

| क स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| | | बोलिसकेपछि थप छलफल हुन नदिई सभामुखले निर्णयार्थ प्रस्तुत गर्नु हुने । | |
| | | (५) बैठकले पारित गरेको धन्यवादको प्रस्ताव सभामुखले प्रदेश प्रमुख समक्ष पेश गर्नु हुने । | *नियम ३६ (३)* |
| | | (६) प्रदेश प्रमुखबाट प्रस्तुत नीति तथा कार्यक्रम उपर संशोधन प्रस्ताव पेश गर्न चाहनु हुने सदस्यले त्यस्तो नीति कार्यक्रम प्रस्तुत भएको मितिले ४८ घण्टा भित्र संशोधन प्रस्तावको सूचना सचिवलाई दिनु पर्ने । | *(नियम ३७ (१)* |
| | | (७) पेश भएको संशोधन प्रस्ताव स्वीकार गर्ने वा नगर्ने अधिकार सभामुखलाई हुने । | *नियम ३७ (२)* |
| | | (८) प्रदेश सरकारको प्रस्तुत नीति र कार्यक्रममाथि छलफल गर्नको लागि सभामुखले मुख्यमन्त्री वा निजले तोकेको कुनै मन्त्रीको परामर्शमा दिन र समयावधि तोक्नु हुने । त्यसरी तोकिएको दिनमा दलीय प्रतिनिधित्वको आधारमा छलफल हुने । | *नियम ३८ (१)* |
| | | (९) छलफलमा उठेका प्रश्नहरूको जवाफ छलफलको अन्त्यमा मुख्यमन्त्री वा निजले तोकेको मन्त्रीले दिने | *नियम ३८ (२)* |
| | | (१०) मुख्य मन्त्री वा मन्त्रीले जवाफ दिएपछि छलफल समाप्त हुने । | नियम ३८ (३) |
| | | (११) पेश भएका संशोधनहरू निर्णयार्थ पेश हुने । | नियम ३८ (३) |
| | | (१२) नियमावलीको नियम ३७ बमोजिम सदस्यहरूबाट प्रस्तुत संशोधन प्रस्तावहरू अस्वीकृत भएमा प्रदेश प्रमुखबाट प्रस्तुत नीति तथा कार्यक्रम निर्णयार्थ पेश गरिने । | *नियम ३८ (३)* |
| ६ | राजस्व र व्ययको अनुमान | (१) आर्थिक मामिला तथा योजना मन्त्रीले प्रत्येक वर्ष असार १ गते प्रदेश सरकारको आगामी आ.व.को लागि राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नु पर्ने | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १३ |
| | | (२) संविधानको धारा २०७ बमोजिम अर्थ मन्त्रीले सभाको बैठकमा राजस्व र व्ययको अनुमान पेश गर्नु हुने । | नियम १२९ (१) |
| | | (३) राजस्व र व्ययको अनुमान प्रस्तुत भएपछि बसेको बैठकमा अर्थ मन्त्रीले राजस्व र व्ययको बार्षिक अनुमानको एक प्रति टेवुल गर्नु हुने । | नियम १२९ (२) |
| | | (४) माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले आर्थिक विधेयक पेश गर्नु हुने । | नियम १४० (१) |
| | | (५) राजस्व र व्ययको अनुमान टेवुल गरिएको दिन सो उपर छलफल नगरिने । | नियम १२९ (३) |

| क स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| | | | |
| ७ | राजस्व र व्ययको बार्षिक अनुमानमाथि छलफल | (१) अर्थ मन्त्रीले बैठकमा अर्थ विधेयक प्रस्तुत गर्ने अनुमतिको लागि प्रस्ताव प्रस्तुत गर्नु अगाडि राजस्व र व्ययको बार्षिक अनुमानमाथि सामान्य छलफल गर्नको लागि सभामुखले मुख्यमन्त्री वा निजको अनुपस्थितिमा निजले तोकेको कुनै मन्त्रीसँग परामर्श गरी दिन र समयावधि तोक्नु हुने । | नियम १३० (१) |
| | | (२) तोकिएको दिन र समयावधि भित्र राजस्व र व्ययको बार्षिक अनुमानमाथि सामान्य छलफल गरिने । | नियम १३० (२) |
| | | (३) छलफलको प्रारम्भ अर्थ मन्त्रीको बक्तव्यबाट हुने । | नियम १३० (३) |
| | | (४) छलफलमा उठेका प्रश्नहरूको उत्तर छलफलको अन्त्यमा अर्थ मन्त्रीले दिनु हुने । | नियम १३० (३) |
| ८ | विनियोजन विधेयक र आर्थिक विधेयक | (१) बार्षिक अनुमान माथि छलफल समाप्त भएपछि विनियोजन विधेयकका सिध्दान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) भएको छलफलको आधारमा अर्थ मन्त्रीले विनियोजन विधेयक प्रस्तुत गर्नु हुने । | नियम १३३ (५) |
| | | (२) विनियोजन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश भएपछि सभामुखले मुख्य मन्त्री वा निजको अनुपस्थितिमा निजले तोकेको अन्य कुनै मन्त्रीसँग परामर्श गरी विभिन्न शीर्षकहरूमाथि छलफल गर्न दिन र समयावधि तोक्नेछ । | नियम १३६ (६) |
| | | (३) विनियोजन विधेयकमा निर्दिष्ट गरी राखिएको प्रत्येक शीर्षकमाथि छुट्टाछुट्टै वा समूहीकृत रुपमा छलफल गरिने । | नियम १३६ (७) |
| | | (४) छलफलको क्रममा कुनै शीर्षकमाथि उठेको प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले छलफलको अन्त्यमा दिनु हुने । | नियम १३६ (८) |
| ९ | खर्च कटौति सम्बन्धी प्रस्ताव | (१) कुनै शीर्षकमा खर्च रकम घटाउन प्रस्ताव प्रस्तुत गर्न चाहने सदस्यले विनियोजन विधेयक माथिको सैध्दान्तिक छलफल (राजश्व र व्ययको अनुमान माथिको छलफल) समाप्त भएपछि सचिवलाई दिनु पर्छ । यसरी सूचना दिंदा एक मन्त्रालयमा एक दल वा स्वतन्त्र सदस्यको तर्फबाट एक मात्र सूचना दिन सकिनेछ । | नियम १३६ (१) |
| | | (२) कुनै खर्च कटौतिको प्रस्ताव स्वीकारयोग्य छ वा छैन भन्ने कुराको निर्णय सभामुखले गर्न सक्ने । प्रस्ताव नियमावलीको नियम १३५ को शर्त अनुकुल नभएमा सभामुखले सो प्रस्ताव कारण खोली अस्वीकार गर्न सक्ने । | नियम १३७ |

| क स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| | | (३) कुनै शीर्षकमा खर्च रकम घटाउने प्रस्तावमाथि संशोधन पेश गर्न पाउने छैन । | नियम १३८ |
| १० | पेश्की खर्च सम्बन्धमा | प्रदेश विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको कुनै अंश पेश्कीको रुपमा खर्च गर्न स्वीकृतिको लागि अर्थ मन्त्रीले पेश्की खर्च विधेयक प्रस्तुत गर्न सक्ने । | नियम १३९ (१) |
| ११ | अध्यादेश पेश | (१) संविधानको धारा २२० बमोजिम जारी भएको अध्यादेश जारी भएपछि बसेको सभाको बैठकमा सम्बन्धित मन्त्रीले पेश गर्ने ।<br>(२) अध्यादेश पेश गर्दा अध्यादेश जारी गर्नु परेको परिस्थिति र कारण समेतको विवरण संलग्न गर्नु पर्ने। | नियम ९४ |
| १२ | अध्यादेश अस्वीकार गर्ने सूचना | (१) अध्यादेश अस्वीकार गर्न चाहने सदस्यले अध्यादेश पेश भएको दुई दिन भित्र प्रस्तावको सूचना सचिवलाई दिनु पर्ने<br>(२) सूचना दिंदा अध्यादेश अस्वीकार गर्नु पर्नाको कारण समेत खुलाउनु पर्ने ।<br>(३) सूचना एकभन्दा बढी भएमा आपसी सहमति वा गोला प्रथाद्वारा कुनै एक प्रस्तावको सूचना मात्र छानिने ।<br>(४) अध्यादेश अस्वीकार गर्ने कुनै सूचना प्राप्त नभएमा सभामुखको अनुमति लिई सम्बन्धित मन्त्रीले सो अध्यादेश स्वीकृत गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्ने । | नियम ९५ |
| १३ | अध्यादेश अस्वीकृत गर्ने प्रस्ताव पेश गर्ने तरिका | (१) सभामुखले नाम बोलाएपछि प्रस्तावक सदस्यले प्रस्ताव पेश गर्ने र पेश गर्दा प्रस्तावको व्यहोरा पढी दिन सक्ने ।<br>(२) प्रस्तावको सूचना गर्ने सदस्यले कुनै सदस्यलाई प्रस्ताव पेश गर्न अधिकृत गर्न सक्ने ।<br>(३) सभामुखले नाम लिएपछि सदस्यले प्रस्ताव पेश नगर्न सक्ने ।<br>(४) प्रस्ताव पेश नगरेको प्रस्ताव फिर्ता लिएको मानिने । | नियम ९६ |
| १४ | अध्यादेश अस्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा छलफल | (१) प्रस्तावमाथि छलफल गर्न सभामुखले कार्य व्यवस्था परामर्श समितिको सिफारिसमा समय निर्धारण गर्ने र त्यसै अनुसार सभामा छलफल गर्ने ।<br>(२) छलफलमा उठेका प्रश्नहरूको जवाफ छलफलको अन्त्यमा सम्बन्धित मन्त्रीले दिने ।<br>(३) मन्त्रीले जवाफ दिएपछि सभामुखले प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्ने । | नियम ९७ र ९८ |

**७.२ प्रश्न व्यवस्थापन सम्बन्धी**

| क्र स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| १ | प्रश्न सोध्न सक्ने | प्रदेश सरकारको उत्तरदायित्व भित्रको सार्वजनिक महत्वको विषयमा सदस्यले प्रश्न सोध्न सक्ने । | नियम ४० |
| २ | प्रश्न उत्तरको समय | प्रत्येक बैठकको पहिलो घण्टा प्रश्न सोध्न र उत्तर दिनको लागि हुन्छ र प्रश्न उत्तरको समय समाप्त भएपछि सदनको कार्यसूची बमोजिमको अन्य कारवाही प्रारम्भ हुन्छ । | नियम ४१ |
| ३ | प्रश्नको सूचना | (१) प्रश्न सोध्न चाहने सदस्यले सोध्न खोजेको प्रश्न, प्रश्नसँग सम्बन्धित मन्त्री र प्रश्नको उत्तर मागेको मिति खुलाई प्रस्तावित मितिभन्दा पाँच दिन अगावै सचिवलाई लिखित रुपमा सूचना दिनु पर्छ। सूचना दिंदा मौखिक उत्तरको लागि भए सूची-२ बमोजिमको ढाँचामा र लिखित उत्तरको लागि भए सूची-३ बमोजिमको ढाँचामा सूचना दिनु पर्छ । | नियम ४२ (१) |
| | | (२) प्रश्नको सूचनामा एकजनाभन्दा बढी सदस्यले हस्ताक्षर गरेको भए पहिलो हस्ताक्षर गर्ने सदस्यले सूचना दिएको मानिने । | नियम ४२ (२) |
| | | (३) कुनै एउटा विषयमा एक जनाभन्दा बढी सदस्यले प्रश्नको सूचना दिएमा दर्ताक्रमको पहिलो प्रश्नलाई मात्र कायम गरिनेछ । | नियम ४२ (३) |
| ४ | प्रश्नको किसिम | लिखित र मौखिक | |
| ५ | स्वीकार नहुने प्रश्नहरू | अस्पष्ट, धेरै लामो, तथ्यहीन, निरर्थक वा महत्वहीन, कुनै प्रश्नको उत्तरको जानकारी दिन नसक्ने नीति सम्बन्धी विषय भएको, कोरा तर्क, आधारहीन अनुमान, आरोप, आक्षेप, ब्यंङ्गोक्ति वा अपमानजनक शब्दहरू भएको, काल्पनिक वा अनुमानीत समस्याको समाधान माग गरिएको, कुनै समिति समक्ष बिचाराधीन रहेको विषय वा समितिले संसद समक्ष पेश गरिसकेको प्रतिवेदनको विषय भएको, कुनै अन्य साधनबाट सहजै ज्ञात हुन सक्ने विषयको, | नियम ४८ |
| ६ | प्रश्न गर्न नपाइने विषय | (१) संविधान वा प्रचलित कानूनबाट प्रकाशन निषेध गरिएका विषय,<br>(२) स्वभावतः गोप्य रहने कुराहरू वा प्रकाशन गर्दा राष्ट्रिय हित विपरित हुन जाने मन्त्रिपरिषद्को कुनै निर्णय वा कारवाही,<br>(३) सदन वा कुनै समितिको निर्णयको आलोचना गरिएको,<br>(४) कुनै ब्यक्तिले सरकारी वा सार्वजनिक हैसियतले बाहेक अरु ब्यक्तिगत हैसियतबाट गरेको काम कुरा सम्बन्धी आचरणको विषय, | नियम ४९ |

| क्र स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| | | (५) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रचारको लागि कुनै व्यक्ति वा संस्थाको नाम आदि भएको विषय,<br>(६) न्यायिक वा अर्धन्यायिक निकाय वा अधिकारी, जाँचबुझ वा सुझाव दिन गठित आयोग वा समितिमा विचाराधीन रहेको विषय,<br>(७) सैद्धान्तिक, ऐतिहासिक वा कानूनको व्याख्या सम्बन्धी विषय,<br>(८) मन्त्री बाहेक कुनै प्रस्ताव वा विधेयक प्रस्तुतकर्ता सदस्यको कुनै बक्तब्य सत्य हो वा होइन भन्ने विषय,<br>(९) एक पटक अस्वीकृत भएको वा नियमावली बमोजिम उत्तर दिन अस्वीकार गरिएको विषय । | |
| ७ | प्रश्न परिवर्तन | सभामुखलाई उपयुक्त लागेमा मौखिक प्रश्नलाई लिखित प्रश्नमा र लिखित प्रश्नलाई मौखिक प्रश्नमा परिवर्तन गर्न सक्ने । | नियम ५५ |
| ८ | प्रश्न स्वीकारयोग्य छ, छैन ? भन्ने कुराको निर्णय | (१) सभामुखले कुनै प्रश्न स्वीकारयोग्य छ, छैन भन्ने कुराको निर्णय गर्ने ।<br>(२) सभामुखले उचित देखेमा प्रश्नको साराँशमा फरक नपर्ने गरी नियमानुकूल बनाउनको लागि आवश्यक संशोधन गर्न सक्ने ।<br>(३) संशोधन गर्नुभन्दा अगाडि प्रश्नकर्ता सदस्यसँग सभामुखले परामर्श गर्न सक्ने ।<br>(४) प्रश्न स्वीकारयोग्य छ वा छैन र संशोधन गर्न हुने नहुने भन्ने सम्बन्धमा सभामुखले गरेको निर्णय अन्तिम हुने । | नियम ५० |
| ९ | प्रश्न फिर्ता लिने वा सार्ने । | कुनै सदस्यले कार्यसूचीमा नपरेको आफ्नो प्रश्न-<br>(क) जुनसुकै बखत फिर्ता लिन सक्छ ।<br>(ख) सचिवलाई दुई दिन अगाडि सूचना दिएर अन्य कुनै दिनको लागि सार्न सक्छ । त्यसरी सारिएको मौखिक प्रश्न सो विषयका लागि निर्धारित अर्को दिनमा समावेश गर्न सकिनेछ । | नियम ५२ |
| १० | प्रश्नको सूची | (क) प्रत्येक दिन मौखिक तथा लिखित उत्तरको निमित्त रहेका प्रश्नहरूको छुट्टाछुट्टै सूची तयार गरिनेछ र त्यस्तो सूचीमा अस्वीकार नगरिएका सबै प्रश्नहरू समावेश गरिन्छ ।<br>(ख) लिखित प्रश्नको क्रम, प्राप्त समय र विषय बमोजिम निर्धारण गरिने । | |
| ११ | प्रश्न उत्तरको तरिका | (१) प्रश्न उत्तरको समय प्रारम्भ भएपछि सभामुखले कार्यसूचीको क्रमानुसार प्रश्नकर्ता सदस्यको नाम बोलाउने ।<br>(२) नाम बोलाइएको सदस्य वा निजबाट अधिकृत गरिएको सदस्य आफ्नो स्थानमा उभिएर प्रश्न सूचीमा रहेको आफ्नो प्रश्नको क्रमसंख्या उच्चारण गर्ने । | ५३ |

| क्र स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| | | (३) यसपछि सभामुखबाट सम्बन्धित मन्त्रीलाई उत्तर दिनको लागि समय दिइने ।<br>(४) नसोधिएको प्रश्न प्रश्न सूचीबाट स्वतः हट्ने । | |
| १२ | उत्तर दिन अस्वीकार गर्न सकिने | कुनै प्रश्नको उत्तर दिंदा राष्ट्रिय वा सार्वजनिक हित वा शान्ति सुरक्षा विपरित हुने देखिएमा त्यस्तो प्रश्नको उत्तर दिन इन्कार गर्न सकिने । | नियम ५४ |
| १३ | प्रश्न शाखाले गर्नु पर्ने कार्यहरू | (१) नियमावली अनुसार प्रश्न पेश गर्ने फाराम तयार गर्ने ।<br>(२) प्रश्न प्राप्त भएपछि प्रश्न नियमानुसार भए नभएको, प्रश्नको व्यहोरा पहिलेका प्रश्नहरूसँग दोहरिएको, नदोहरिएको, प्रश्नमा पहिले जवाफ प्राप्त भैसके नसकेको आदि विचार गरी प्रारम्भिक रुपमा सम्पादन गर्ने ।<br>(३) प्रश्नहरू स्वीकृत वा अस्वीकृत भएपछि स्वीकृत प्रश्नहरूमध्ये लिखित र मौखिक प्रश्नहरूको छुट्टा छुट्टै विवरण तयार गर्ने ।<br>(४) प्रश्नको भावनामा फरक नपर्ने गरी संक्षेपीकरण गरी स्वीकृतिको लागि पेश गर्ने ।<br>(.५) स्वीकृत प्रश्नहरू जवाफको लागि सम्बन्धित मन्त्रालयमा पठाउने ।<br>(६) मन्त्रालयहरूबाट जवाफ प्राप्त भएपछि सभामा राख्नको लागि प्रश्नको किसिम अनुसार भिन्नाभिन्नै कार्यक्रम बनाउने र सोको जानकारी सम्बन्धित मन्त्रालयलाई गर्ने गराउने ।<br>(७) प्रश्नोत्तर समयमा कार्यक्रममा परेका तर जवाफ दिन नभ्याएर टेवुल गरिएका तथा लिखित प्रश्नहरूको जवाफ सहितका प्रतिलिपिहरू सदस्यहरूलाई वितरण गर्ने, गराउने ।<br>(८) अधिवेशनको अन्त्य हुने दिनसम्ममा प्राप्त हुन आएका सबै प्रश्नहरूको जवाफसहित टेवुल गराउने कार्यक्रम मिलाउने ।<br>(९) सदस्यहरूले प्रश्नको सम्बन्धमा कुनै प्रकारको सहयोग, सल्लाह माग गरेमा उपलब्ध गराउने ।<br>(१०) प्रश्नोत्तर सम्बन्धी पुस्तिका तयार गर्ने ।<br>(११) अस्वीकृत भएका प्रश्नहरूको सम्बन्धमा सदस्यले अस्वीकृत भएको कारण जान्न चाहेमा उपलब्ध गराउने । | |

### ७.३ विधेयक दर्तादेखि प्रमाणीकरणसम्मको प्रक्रिया

| क्र स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| १ | विधेयकका किसिम | (१) सरकारी (प्रदेश सरकारका मन्त्रीले पेश गर्ने विधेयक) र गैरसरकारी विधेयक (मन्त्री बाहेकका प्रदेश सभाका सदस्यहरूले पेश गर्ने विधेयक)<br>(२) अर्थ विधेयक र साधारण विधेयक,<br>(३) मूल विधेयक र आश्रित विधेयक,<br>(४) नयाँ विधेयक र संशोधन विधेयक र<br>(५) अध्यादेश प्रतिस्थापन गर्ने विधेयक | |
| २ | संशोधन विधेयक | संशोधन विधेयकको साथमा तीन महले विवरण आवश्यक हुन्छ । पहिलो महलमा विद्यमान कानूनी व्यवस्था, दोस्रो महलमा संशोधन गर्न खोजेको विषय र तेस्रो महलमा संशोधन पेश गर्नु पर्नाको कारण खुलाउनु पर्दछ । | |
| ३ | विधेयकको सूचना र सूचनाको साथमा हुनु पर्ने कागजात दर्ता | (१) विधेयक प्रस्तुत गर्न चाहने सदस्यले विधेयकको साथमा उद्देश्य, कारण र ब्याख्यात्मक टिप्पणी सहितको विवरण राखी गैरसरकारी विधेयक भए सात दिन अगाडि र सरकारी विधेयक भए पाँच दिन अगाडि सचिवलाई सूचना दिनु पर्छ ।<br>(२) अर्थ विधेयक पेश गर्दा विधेयक प्रस्तुतकर्ताले विधेयकको साथमा आर्थिक टिप्पणी र यसमा खर्च सम्बन्धी दफाहरूप्रति ध्यानाकर्षण गरी विधेयक पारित भै ऐन बनेमा हुन सक्ने पटके र सालबसाली खर्चको अनुमानीत विवरण पनि संलग्न गर्नु पर्छ ।<br>(३) प्रत्यायोजित व्यवस्थापन वारे टिप्पणी । | नियम ९९<br><br><br><br><br><br><br><br>नियम १०२ |
| ४ | अर्थ र शान्ति सुरक्षा सम्बन्धी | अर्थ र शान्ति सुरक्षा सम्बन्धी विधेयक सरकारी विधेयकको रुपमा मात्र प्रस्तुत गरिने । | संविधानको धारा १९८ |
| ५ | आन्तरिक वितरण (सूचना संप्रेषण) | विधेयक दर्ता हुनासाथ सभामुख, उपसभामुख र सचिवलाई १/१ प्रति वितरण गर्ने । | |
| ६ | वितरण | विधेयक सभामा प्रस्तुत हुनुभन्दा दुई दिन अगावै सदस्यहरूलाई विधेयकका प्रति उपलब्ध गराउने ।<br>विधेयक वेवसाइटमा समेत राख्ने । | नियम १०४ |
| ७ | विधेयक प्रस्तुतीको लागि निर्णय | प्रदेश सभामा विधेयक प्रस्तुत गर्न स्वीकृतिको लागि सचिवालयले सूची-६ को ढाँचामा निर्णयार्थ पेश गर्ने र निर्णय भएपछि कार्यसूचीमा राख्न कार्य व्यवस्था शाखालाई सूचना दिने । | |
| ८ | विरोधको सूचना | कुनै विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावको विरोध गर्न चाहने सदस्यले त्यसको सूचना प्रस्ताव प्रस्तुत हुने दिनभन्दा कम्तीमा एक दिन अगावै सचिवलाई दिनु पर्छ । | नियम १०५ |
| ९ | विधेयक प्रस्तुत गर्न अनुमति माग्ने | विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावको कसैले विरोध गरेमा विरोधकर्ता र प्रस्तावक सदस्यलाई संक्षिप्त बक्तब्य दिन लगाई त्यसपछि थप छलफल हुन नदिई सभामुखले | नियम १०६ |

| क्र स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| | | बैठकको निर्णयार्थ प्रस्तुत गर्ने । विधेयक प्रस्तुत गर्ने अनुमति प्राप्त भएमा प्रस्तुतकर्ता सदस्यले विधेयकलाई तत्कालै सभा समक्ष प्रस्तुत गरिने । | |
| १० | विधेयकमाथि सामान्य छलफल | (१) विधेयक प्रस्तुत भैसकेपछिको अर्को कुनै बैठकमा प्रस्तावक सदस्यले विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न सक्ने ।<br>(२) यो प्रस्तावमाथि छलफल हुँदा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल गरिन्छ । छलफल गर्दा विधेयकको मनसाय स्पष्ट गर्नेदेखि बाहेक दफाहरूमाथि छलफल गरिंदैन र विधेयकमाथि संशोधन पेश गर्न पनि सकिंदैन । | नियम १०७ |
| ११ | विधेयकमा संशोधन | (१) सामान्य छलफल सम्पन्न भएको ७२ घण्टाभित्र संशोधन पेश गर्ने सूचना जारी गर्ने ।<br>(२) विधेयकमा संशोधन पेश गर्न चाहने सदस्यले सामान्य छलफल समाप्त भएको बहत्तर घण्टाभित्र संशोधनको सूचना अनुसूची-९ बमोजिमको ढाँचामा दिनु पर्ने ।<br>(३) सचिवले प्राप्त संशोधनको विवरण सबै सदस्यलाई उपलब्ध गराउनु पर्छ । | नियम ११० |
| १२ | संशोधन सम्बन्धी शर्त | (क) विधेयकको विषयसँग सम्बद्ध हुनु पर्ने,<br>(ख) विधेयकमा निहित सिद्धान्तको विपरीत हुन नहुने,<br>(ग) संशोधन अस्पष्ट वा निरर्थक हुन नहुने,<br>(घ) जुन दफामा संशोधन गर्न खोजिएको हो, सोही दफाको विषयमा सम्बद्ध हुनु पर्ने,<br>(ङ) सभाद्वारा पूर्व स्वीकृत सिद्धान्त र निर्णयको विपरीत हुन नहुने र<br>(च) विधेयकको कुन दफाको कुन व्यवस्था वा शब्दावलीको सट्टामा के कस्तो व्यवस्था वा शब्दावली राख्न खोजिएको हो भन्ने कुरा स्पष्ट खुलाइएको हुनु पर्ने । | नियम १११ (१) |
| १३ | संशोधन स्वीकृत गर्ने, नगर्ने सभामुखको अधिकार | कुनै संशोधनलाई स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा सम्बन्धित सदस्यलाई बोलाई त्यसमा सुधार गर्ने वा एकै आशयका एकभन्दा बढी संशोधनहरूलाई एकीकृत गरी स्वीकृत गर्ने अधिकार सभामुखलाई हुने । | नियम १११ (२) |
| १४ | संशोधन सहित दफावार छलफल | (१) सामान्यतः दफावार छलफल गर्दा दफाहरूको क्रमानुसार गरिन्छ । सभामुखले नाम बोलाएको संशोधनकर्ता वा निजले अधिकृत गरेको सदस्यले संशोधन प्रस्ताव पेश गर्नु पर्छ ।<br>(२) छलफलको क्रममा यथावत रहेको वा संशोधन स्वीकार गरिएको प्रत्येक दफालाई विधेयकको अङ्ग बनोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने । | नियम ११३ |

| क्र स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| | | (३) समयको मितव्ययिता र दोहोरोपना हटाउन एकै दफा र सोसँग अन्योन्याश्रित संशोधनहरूलाई एकसाथ छलफल गर्न सकिन्छ ।<br>(४) दफाहरूमाथिको छलफलको क्रममा कुनै भाग वा दफाहरूलाई अघि पछि सार्ने र स्थगित राख्न पनि सकिन्छ । | |
| १५ | संशोधन फिर्ता लिने | (१) संशोधन प्रस्तुतकर्ता सदस्यले सदनको स्वीकृति लिई आफूले पेश गरेको संशोधन फिर्ता लिन सक्ने ।<br>(२) कुनै संशोधनमाथि संशोधन प्रस्तुत भएको छ भने त्यस्तो अवस्थामा सोको टुङ्गो लागेपछि मात्र फिर्ता लिन सकिन्छ । | नियम ११४ |
| १६ | अनुसूचीमा छलफल | विधेयकमा रहेका अनुसूची तथा त्यसमा प्राप्त संशोधनमाथिको छलफल सम्बन्धित दफाहरूको छलफलको लगत्तै गरिन्छ र निर्णयार्थ प्रस्तुत पनि सोही बमोजिम गरिन्छ । | नियम ११५ |
| १७ | प्रस्तावना र नामको प्रस्तुती | विधेयकका सबै दफा र अनुसूचीहरू उपर निर्णय भएपछि सभामुखले विधेयकको प्रस्तावना र नाम मूल रुपमा वा संशोधित रुपमा विधेयकको अङ्ग बनोस् भनी प्रस्ताव गर्नु हुने । | नियम ११७ |
| १८ | विधेयक फिर्ता लिन सकिने | (१) विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक फिर्ता लिन चाहेमा एक दिन अगावै सचिवलाई सूचना दिनु पर्ने ।<br>(२) समितिमा विचाराधीन विधेयक फिर्ता लिन चाहेमा समितिले सोही व्यहोराको प्रतिवेदन बैठकमा पेश गर्ने ।<br>(३) सभामुखको अनुमति लिई विधेयक फिर्ता लिने प्रस्तावक सदस्यले सभाको बैठकमा प्रस्ताव पेश गर्ने ।<br>(४) विधेयक फिर्ता लिने प्रस्ताव पेश भएपछि कसैले यो प्रस्तावको विरोध गरेमा प्रस्तावक र विरोध गर्ने सदस्यलाई संक्षिप्त बक्तब्य दिन लगाई त्यसपछि अरु छलफल हुन नदिई सभामा निर्णयार्थ प्रस्तुत गरिने । | नियम १२० |
| १९ | विधेयकमाथि समितिमा छलफल | (१) जटिल विषयवस्तु भएको, व्यापक संशोधन प्राप्त र विज्ञ तथा विशेषज्ञहरूको राय सुझाव आवश्यक पर्ने विधेयकलाई दफावार छलफलको लागि समितिमा पठाइन्छ ।<br>(२) प्राप्त संशोधनहरू समेतको आधारमा दफावार छलफल हुन्छ ।<br>(३) विधेयकमाथि दफावार छलफल गर्दा सम्बन्धित मन्त्री, सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालयका | नियम १२१ |

| क्र स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| | | कानून अधिकृत, प्रदेश सभा सचिवालयका कानून अधिकृतलाई सहभागी गराउनु पर्ने ।<br>(४) विज्ञ विशेषज्ञहरूसँग छलफल सल्लाह लिन सकिन्छ ।<br>(५) समितिले गरेको निर्णय समिति सचिवले टिप्ने ।<br>(६) समितिले सबै संशोधनका विषयमा टुङ्गो लगाइसकेपछि प्रदेश सभा सचिव र कानून अधिकृतको सहयोगमा समितिका सचिवले प्रतिवेदन तयार गर्ने ।<br>(७) तयार भएको प्रतिवेदन आन्तरिक मामिला तथा कानून मन्त्रालयका कानून अधिकृतबाट सम्पादन गराई अन्तिम रुप दिने ।<br>(८) समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक सदनमा पेश गर्ने । | |
| २० | समितिको प्रतिवेदन प्रस्तुत भएपछिको प्रक्रिया | (१) प्रतिवेदन पेश भएपछि सबै सदस्यहरूलाई प्रतिवेदन वितरण गरिने,<br>(२) प्रतिवेदन वितरण भएपछि सभामुखले तोकेको दिन र समयमा विधेयक प्रस्तुतकर्ताले समितिको प्रतिवेदन सहितको विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न सक्ने ।<br>(३) प्रस्ताव स्वीकृत भएपछि समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने । | नियम १२१ को (७) र (८) |
| २१ | विधेयक पारित गर्ने प्रस्ताव | सभामा दफावार छलफल भएकोमा सो सकिएपछि र समितिमा दफावार छलफल भएकोमा समितिको प्रतिवेदन माथिको छलफल सकिएपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्ने । | नियम १२२ |
| २२ | विधेयक पारित भैसकेपछिको प्रक्रिया | (१) संशोधनलाई विधेयकमा समावेश गर्ने ।<br>(२) सम्पादनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउने र सम्पादन गराउने ।<br>(२) नियम १२४ अनुसार सभाबाट पारित भैसकेको विधेयक आवश्यक देखिएमा विधेयकका दफाहरूको संख्याको क्रम मिलाउने, आवश्यक आनुषङ्गिक सुधार गर्न र अनायास हुन गएको त्रुटीहरू सच्याउन सक्ने अधिकार सभामुखलाई भएकोले आवश्यकतानुसार आनुषङ्गिक सुधारको लागि पेश गर्ने । स्वीकृत भएमा विधेयकमा मिलाउने । | |

| क्र स | विषय | कार्यक्रम | स्रोत |
|---|---|---|---|
| | | (३) प्रमाणीकरणको पाँच प्रति नेपाली कागजमा तयार गर्ने र सभामुखबाट प्रमाणित भएपछि प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्ने ।<br>(४) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको सूचना प्राप्त भएपछि सभामुखले सो सूचना सभाको बैठकमा पढेर सुनाउने ।<br>(५) अधिवेशन चालु नभएको अवस्थामा त्यस्तो सूचना प्राप्त भएमा सूचनापत्रमा प्रकाशनका अतिरिक्त प्रचार प्रसार समेत गर्ने ।<br>(६) प्रमाणीकरण गरिएको विधेयकको एक प्रति प्रदेश सभाको अभिलेखमा राख्ने । | |
| २३ | प्रत्यायोजित व्यवस्थापन | ऐन बनाउँदा प्रदेश सभाले प्रदेश सरकारलाई नियम, विनियम, कार्यविधि, निर्देशिका बनाउने अधिकार दिएको हुन्छ, जसलाई प्रत्यायोजित व्यवस्थापन भनिन्छ । प्रदेश सभाले बनाएको ऐनले जति अधिकार दिएको हुन्छ, त्यति अधिकार मात्र प्रयोग गर्न पाइन्छ र जसलाई अधिकार दिएको हुन्छ, त्यो निकायले मात्र नियम, विनियम, कार्यविधि, निर्देशिका, दिग्दर्शन के-के बनाउने अधिकार दिएको हुन्छ, त्यो त्यो बनाउन पाउँछ । | |
| २४ | नियम तथा आदेशहरूको प्रकाशन र जाँचबुझ | (१) सभाद्वारा प्रत्यायोजित अधिकार बमोजिम बनाइएका नियम, विनियम, आदेश वा सूचनाहरू जारी भएपछि त्यसका आवश्यक प्रतिहरू सम्बन्धित मन्त्रीले प्रदेश सभा सचिवालयलाई उपलब्ध गराउनु पर्ने ।<br>(२) त्यस्ता नियम, विनियम, आदेश वा सूचनाको वारेमा सम्बन्धित समितिले जाँचबुझ र अध्ययन गरी सभामा प्रतिवेदन पेश गर्न सक्ने ।<br>(३) जाँचबुझ तथा अध्ययन गर्दा समितिले आवश्यक देखेमा मन्त्रालयलाई निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु प्रदेश सरकार एवं सम्बन्धित मन्त्रालयको दायित्व हुने । | नियम १६६ |

**८. विधेयकको स्थिति**

प्रदेश सभाको दोस्रो अधिवेशन अन्त्य भए पछिदेखि हालसम्म १६ वटा विधेयकहरू दर्ता भएकोमा हालसम्म ८ वटा विधेयक पारित भै ५ वटा प्रमाणीकरण भैसकेका छन् भने ४ वटा विधेयक समितिमा दफावार छलफलको क्रममा रहेका छन् । सभाबाट पारित भै प्रमाणीकरण भएका विधेयकहरूमा प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा

व्यवस्था गर्न बनेको विधेयक, प्रदेश बीउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रादेशिक कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश विनियोजन विधेयक, प्रदेश आर्थिक विधेयक र कर तथा गैह्रकर राजश्व सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक रहेका छन् । सभाबाट पारित भएका प्रमाणीकरण हुन बाँकीमा विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, प्रदेश आर्थिक ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश स्तरमा जलचर संरक्षण सम्बन्धी विधेयक छन् । दफावार छलफलको लागि समितिमा पठाई समितिमा विचाराधीन विधेयकहरूमा उद्योग पर्यटन तथा वातावरण समितिमा प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, प्रदेश भित्र औद्योगिक व्यवसाय स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक र प्रादेशिक व्यापार व्यवसाय सम्बन्धी विधेयक, प्रदेश मामिला समितिमा प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र शिक्षा स्वास्थ्य तथा कृषि समितिमा मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक रहेका छन् । विधेयकको स्थिति सम्बन्धी विवरण सूची-५ मा दिइएको छ ।

### ९. समितिको प्रतिवेदन

- प्रतिवेदन कुनै घटना, कार्य वा गतिविधिको अध्ययन गरी तयार गरने विवरण हो ।
- संसदीय समितिहरूले समितिलाइ तोकिएको अधिकार र कार्यक्षेत्रको अधीनमा रही कुनै घटना, सरकारबाट भए गरेका कार्य र गतिविधिको अध्ययन गरी प्रतिवेदन तयार गर्छ र सो प्रतिवेदन सभामा पेश गर्दछ ।

### ९.१ संसदीय समितिको अध्ययनको लागि परिकल्पना

- अध्ययनको विषयः कुन विषयमा अध्ययन गर्ने हो ?
- परिकल्पनाः अध्ययनबाट प्राप्त गर्न खोजेका कुरा के हो ?
- अध्ययनको क्षेत्रः कुन कुन विषय र कुन कुन क्षेत्र समेट्ने ।
- अध्ययनको सीमाः अध्ययनलाइ के के कुराले सिमित पारेका छन् उल्लेख गर्ने ।
- अध्ययन विधिः अध्ययन गर्दा कुन कुन विधि अवलम्बन गरियो त्यो उल्लेख गर्ने ।

### ९.२ समितिले अध्ययन गर्ने विषयहरू

- प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका कार्यालयको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन लगायतका क्रियाकलापको अध्ययन गर्ने ।
- प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका कार्यालयको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने वार्षिक अनुमानमा निहित नितिको सट्टा अपनाउन सकिने बैकल्पिक नीति र वार्षिक अनुमानमा गर्न सकिने किफायत सम्बन्धी ।
- मन्त्रिपरिषद्का सदस्यहरूले सरकारको तर्फबाट सभामा समय समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न सरकारले के कस्ता कदमहरू उठाइएका छन् त्यसको सम्बन्धमा ।
- सरकारी निकायको सार्वजनिक सम्पतिको संरक्षणको स्थिति ।

### ९.३ अध्ययन विधि

- मन्त्रालय र अन्तर्गत कार्यालयबाट नीति, कार्यक्रम, राजस्व र व्ययको अनुमान लगायतका विवरणहरू प्राप्त गर्ने र अध्ययनको लागि समितिका माननीय सदस्यहरूलाइ उपलब्ध गराएका विवरणहरुको अध्ययन ।

- सम्बद्ध पदाधिकारी र विषयविद्हरूसँग छलफल गर्ने ।
- आवश्यकतानुसार स्थलगत अध्ययन गर्ने ।
- सम्बन्धित कानूनको अध्ययन गर्ने ।

**९.४ स्थलगत अध्ययनका तरिका**

- सम्बन्धित क्षेत्रको अवलोकन
- प्रश्नबाट जानकारी लिने
- स्थानीय निकायका पदाधिकारी, अध्ययनको क्षेत्रमा रहेका कार्यालय प्रमुखहरु, नागरिक समाज र पत्रकारहरूसँग छलफल,

**९.५ प्रतिवेदन लेखन**

- अध्ययन र जानकारीको आधारमा विवरण तयार गर्ने ।
- प्राप्त जानकारी र सूचनाको विश्लेषण गर्ने ।
- समस्याको पहिचान र प्रस्तुती ।
- निश्कर्ष
- सुझाव वा निर्देशन
- अनुसूचीहरू
- सन्दर्भ सामाग्री

**९.६ प्रतिवेदन प्रस्तुतीको तरिका**

- मुख्य कुरा पहिलो वाक्यमा उल्लेख गर्ने र त्यसपछि मुख्य कुरालाई विस्तृतीकरण वा पुष्ट्याइ (ब्रेक डाउन) गर्ने ।
- जस्तैः बजेट प्रस्तुती आ.व.२०७५/०७६ को लागि आय अनुमान ३५ अर्व गरेको छु । यसमा २० अर्व राजस्वको स्रोतबाट र १५ अर्व अनुदान र ऋणबाट व्यहोरिनेछ । अब राजस्वका स्रोतहरूमध्ये कुन कुन क्षेत्रबाट कति कतिको अनुमान गिरएको छ त्यो उल्लेख गर्ने ।

**१०. प्रदेश सभाका सभामुख र उपसभामुखबाट प्रमुख आतिथ्यमा भएका कार्यक्रमहरू**

प्रदेश सभाका माननीय सभामुख सानुकुमार श्रेष्ठ र माननीय उपसभामुख राधिका तामाङ विभिन्न कार्यक्रममा प्रमुख अतिथि-अतिथिको रूपमा सहभागी हुनु भएको थियो । माननीय सभामुख र माननीय उपसभामुखले आतिथ्यता गर्नु भएका कार्यक्रमहरूको विवरण देहाय बमोजिम रहेको छ ।

**प्रदेश सभाका माननीय सभामुख सानु कुमार श्रेष्ठको प्रमुख आतिथ्य तथा आतिथ्यमा भएका कार्यक्रमहरू**

| मिति | कार्यक्रम | आयोजक |
|---|---|---|
| २०७५/१०/५ | सडक तथा टोल सरसफाई कार्यक्रम | हेटौंडा उपमहानगरपालिका, वाड नं. ४ |
| २०७५/१०/५ | नेपाल भाषा खलः मकवानपुर ६क्वःगु न्ह धा : नेपाल संवत ११३९ पोहेलाथ्व त्रयोव | नेपाल भाषा खलः |
| २०७५/१०/१० | राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न मकवानपुर गढीको २५६ औ बिजयोत्सव कार्यक्रम | |

| मिति | कार्यक्रम | आयोजक |
|---|---|---|
| २०७५/१०/११ | संसदीय मूल्य मान्यता र सञ्चालन सम्बन्धी तालिमको उद्घाटन | प्रदेश सभा, प्रदेश नं. ३ |
| २०७५/१०/१३ | न्यायिक समितिका पदाधिकारीहरूको लागि दुई दिने पुनर्ताजगी तालिम | जिल्ला समन्वय समिति, मकवानपुर |
| २०७५/१०/१४ | सिड प्रतिबद्धताहरूको स्थानीयकरण : प्रादेशिक योजनामा मूल प्रवाहीकरण | साथी |
| २०७५/१०/१६ | १५ औं योजनाको आधार पत्र सम्बन्धी राय सुझाव संकलन गर्नको लागि प्रादेशिक बैठक | राष्ट्रिय योजना आयोग |
| २०७५/१०/१७ | प्रादेशिक परामर्श गोष्ठी सिंचाई गुरु योजना (मस्यौदा) | नेपाल सरकार ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, जलस्रोत तथा सिंचाई बिभाग, जल साधन योजना तयारी सुविधा आयोजना |
| २०७५/१०/२० | संगीतमय श्रीमद्भागवत ज्ञान महायज्ञ समापन समारोह | श्रीकृष्ण सुधामृत सेवा संस्था नेपाल |
| २०७५/१०/२८ | १३औं अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम | राराहिल स्कूल, कीर्तिपुर |
| २०७५/१०/२९ | प्रदेश सरकारको बार्षिक उत्सव कार्यक्रम | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, हेटौंडा मकवानपुर |
| २०७५/११/२ | कोटेश्वर बहुमुखी क्याम्पस स्थापना दिवस | कोटेश्वर बहुमुखी क्याम्पस |
| २०७५/११/४ | जागृति स्कूलको अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम | जागृति स्कूल नरेफाँट, काठमाण्डौ |
| २०७५/११/९ | बिकासका सवालमा स्थानीय सरकार र नागरिक समाज बीचको सहकार्य र चुनौति | इन्सेक |
| २०७५/११/११ | मंगल मा. वि. कीर्तिपुरको अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम | मंगल मा वि कीर्तिपुर |
| २०७५/११/१२ | सांग हिसे ग्याछोलिङ बौध्द गुम्वा महा प्रज्ञा पारमिता ग्रन्थ पाठ समापन | सांग हिसे ग्याछोलिङ बौध्द गुम्वा परिवार |
| २०७५/११/१३ | मानवता प्रवर्तन ज्ञान बिज्ञान अनुष्ठान | मानव सेवा आश्रम, मकवानपुर |
| २०७५/११/१३-१५ | प्रत्यायोजित व्यवस्थापन, कानून तर्जुमा तथा समिति प्रणाली बिषयक अन्तरक्रिया | प्रदेश मामिला समिति , प्रदेश सभा प्रदेश नं.३ |
| २०७५/११/१७ | शंखधर मेमोरियल स्कूल अभिभावक दिवस तथा पुरस्कार वितरण | शंखधर मेमोरियल स्कूल, सूर्यविनायक, ४ |
| २०७५/११/१८ | पाराडाइम स्कूल अभिभावक दिवस तथा पुरस्कार वितरण | पाराडाइम स्कूल परिवार |
| २०७५/११/२० | शान्ति संबृद्धि तथा स्वणिम युगको लागि वैश्विक जागृत शान्ति पद यात्रा | ब्रम्हाकुमारी राजयोग उप सेवा केन्द्र काठमाण्डौ |

| मिति | कार्यक्रम | आयोजक |
|---|---|---|
| २०७५/११/२२ | भौतिक पूर्वाधार क्षेत्रको प्रगति बिषयक अन्तरक्रिया कार्यक्रम | अर्थ तथा बिकास समिति प्रदेश सभा, प्रदेश नं. ३ |
| २०७५/११/२४ | अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसको अवसरमा प्रदेश नं. ३ को उत्कृष्ट सहकारीहरूको नाम घोषणा | सामाजिक बिकास मन्त्रालय, प्रदेश नं. ३ |
| २०७५/११/२५ | समाज परिवर्तनको लागि सामाजिक संस्थाहरूको भूमिका | होप फाउण्डेशन |
| २०७५/११/२६ | प्रथम नुवाकोट आदिवासी जनजाति महोत्सव | आदिवासी जनजाति महासँघ जिल्ला समन्वय परिषद, नुवाकोट |
| २०७५/११/२८ | रेडियो अर्पण १००.५ मेगाहर्ज आठौ वार्षिक उत्सव | रेडियो अर्पण १००.५ मेगाहज |
| २०७५/१२/१ | निजामती कर्मचारीहरूको प्रदेश नं. ३ स्तरीय भेला एवं अन्तरक्रिया कार्यक्रम | निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन |
| २०७५/१२/२ | ओम शान्तिको आमाघर ढलान कार्यक्रम | ब्रम्हा कुमारी राजयोग सेवाकेन्द्र, मकवानपुर नेपाल |
| २०७५/१२/३ | परियोजना बैंक छलफल कार्यक्रम | प्रदेश नीति तथा योजना आयोग |
| २०७५/१२/४ | प्रादेशिक तथा स्थानीय स्तरमा निर्वाचित महिला नेतृहरूको सबलीकरण कार्यक्रम | नारी सिप सृजना केन्द्र नेपाल |
| २०७५/१२/६ | चन्द्रागिरी यातायातको प्रथम साधारण सभा | चन्द्रागिरी यातायात व्यवसायी सँघ, काठमाण्डौ |
| २०७५/१२/९ | Knowledge sharing with provincial parliamentarians on Biodiversity conservation and climate change adaptation | National federation of youth NGOs Nepal |
| २०७५/१२/११ | अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र अवलोकन | |
| २०७५/१२/२४ | गुणस्तरीय शिक्षाको लागि प्राकृतिक बिज्ञान संग्रहालयको योगदान, राज्यको दायित्व र बिद्यालयको भूमिका तथा पुस्तक बिमोचन कार्यक्रम | प्राकृतिक बिज्ञान संग्रहालय, कीर्तिपुर, काठमाण्डौ |
| २०७५/१/६ | प्रदेश सूचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयकको सम्बन्धमा आयोजित अन्तरक्रिया कार्यक्रम | प्रदेश मामिला समिति |
| २०७५/१/८ | गुह्येश्वरी मा.बि.को भर्ना अभियान कार्यक्रम | गुह्येश्वरी मा.बि. |
| २०७५/१/१० | प्रदेश नं.३ को पर्यटन ब्रान्ड सार्वजनिकीकरण तथा जुगल हिमाल आरोही माया गुरुङ्ग लगायतको टिमलाई सम्मान कार्यक्रम | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.३ |
| २०७५/१/११ | जन प्रभात मा.बि को ६९औं वार्षिक उत्सव | जन प्रभात मा.बि काठमाण्डौ |

| मिति | कार्यक्रम | आयोजक |
|---|---|---|
| | तथा अभिभावक दिवस कार्यक्रम | |
| २०७५/१/१२ | तहगत संरचनाको बिकासमा समन्वय बिषयक अन्तरक्रिया कार्यक्रम | राष्ट्रिय सरोकार तथा समन्वय समिति, |
| २०७५/१/१५ | प्रदेश नं.५ का मुख्य मन्त्री, सभामुख र उप सभामुखसँग भेटघाट | |
| २०७५/१/१८ | सांसद र सञ्चार सम्बन्ध बिषयक अन्तरक्रिया कार्यक्रम | प्रदेश सभा सचिवालय, प्रदेश नं.३ |
| २०७५/१/१९ | तनाव व्यवस्थापन कार्यक्रम | प्रदेश मामिला समिति, प्रदेश नं.३ |
| २०७५/१/२१ | मातृ शक्ति सम्मान कार्यक्रम | ब्रम्ह कुमारी राजयोग सेवा केन्द्र, मकवानपुर |
| २०७५/१/२५ | श्री कनक सुन्दरी माई मन्दिरको विविध भौतिक संरचना निर्माणार्थ आयोजित धार्मिक महामहोत्सव | |
| २०७५/१/२६ | World book of records London Felicitation ceremony | World book of records London |
| २०७५/१/२७ | प्रदेश सभा सञ्चालन तथा व्यवस्थापन बिषयक तालिम कार्यक्रम | प्रदेश सभा सचिवालय, प्रदेश नं.३ |
| २०७५/२/१२ | स्थानीय,प्रदेश र सँघ बीचको सँयुक्त सरोकार सम्बन्धी कार्यक्रम | नेपाल कानून समाज |
| २०७५/२/१२ | बित्तीय अनुशासन र मितव्ययिताको लागि सार्वजनिक लेखा समिति प्रदेश नं. ३ का माननीय सदस्यहरूको अन्तरक्रिया कार्यक्रम | सार्वजनिक लेखा समिति प्रदेश नं. ३ |
| २०७५/२/१९ | दिगो बिकासका लक्ष्यहरूको आधार तथ्याङ्क सम्बन्धी अन्तरक्रिया कार्यक्रम | प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं.३ |
| २०७५/२/२२ | International (SAARC) youth scientific conference on science and technology for prosperity connecting lives with land water and environment | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.३ |
| २०७५/२/२५ | 2019 Junior Koteshwor Invitation National Taekwondo Championship | Koteshwor Taekwondo Dojang |
| २०७५/२/२६ | मंगल मा. वि.काठमाण्डौको भवन शिलन्यास कार्यक्रम | मंगल मा. वि.काठमाण्डौ |
| २०७५/२/२७ | मानव अधिकारमुखी विकास पद्धति बिषयक एक दिवसीय कार्यशाला | राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ३, कार्यालय |
| २०७५/३/७ | खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ तथा यसको प्रवर्द्धनमा सरोकारवालाहरूको भूमिका बिषयक अन्तरक्रिया कार्यक्रम | उद्योग वन तथा वातावरण समिति, शिक्षा स्वास्थ्य तथा कृषि समिति, प्रदेश सभा प्रदेश नं.३ |




परियोजना समीक्षा र सिकाइ कार्यक्रम, हेटौंडा



सडक तथा टोल सरसफाई कार्यक्रम, हेटौंडा बजार



अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र अवलोकन, काभ्रे



समाज परिवर्तनको लागि सामाजिक संस्थाहरूको भूमिका, काठमाण्डौं



सिन्दुरे जात्रा नुवाकोट




विद्यार्थी भर्ना अभियान काठमाण्डौं



लेले धार्मिक महामहोत्सव, ललितपुर




प्रदेश नं.३ को पर्यटन ब्रान्ड सार्वजनिकीकरण तथा जुगल हिमाल आरोही माया गुरुङ्ग लगायतको टिमलाई सम्मान कार्यक्रम



सताब्दी पुरुष सत्यमोहन जोशीसँग काठमाण्डौको कार्यक्रममा



प्रदेश नं.३ को पर्यटन ब्रान्ड सार्वजनिकीकरण तथा जुगल हिमाल आरोही माया गुरुङ्ग लगायतको टिमलाई सम्मान कार्यक्रम



मानव सेवा आश्रम हेटौंडाको बगैंचा तथा तरकारीबारी निरीक्षण गर्नुहुँदै माननीय सभामुख सानु कुमार श्रेष्ठ



सम्पूर्ण विवरणको कार्यारम्भ

**प्रदेश सभाका माननीय उपसभामुख राधिका तामाङ्गको आतिथ्यमा भएका कार्यक्रमहरू**

| मिति | कार्यक्रम | स्थान |
|---|---|---|
| २०७५।५।३ | संघीय संसदका सभामुख तथा उपसभामुख लगायत सातैवटा प्रदेशका सभामुख र उपसभामुखहरूको सहभागितामा कार्यक्रम | चन्द्रागिरी न.पा. चन्द्रागिरी हिल |
| २०७५।७।१२,१३ | अन्तर प्रदेश भ्रमण तथा अनुभव आदान प्रदान | |
| २०७५।९।२ र ३ | सातवटै प्रदेशका सभामुखहरूको सहभागितामा सम्मानीय राष्ट्रपति र प्रधानमन्त्रीसँग भेटघाट । | काठमाण्डौ |
| २०७५।११।१३ | नुवाकोटको दुप्चेश्वर गाँउपालिकामा मिनिट्रक दुर्घटनाका पीडित परिवारलाई प्रदेश नं ३ सरकारले उपलब्ध गराएको राहत रकम वितरण समारोहमा सहभागिता | दुप्चेश्वर, नुवाकोट |
| २०७६।१।४ | २०७५।१२।१७ का दिन वारा पर्सा लगायतका तराईका जिल्लाहरूमा आएको हावा हुरीबाट पीडितहरूको लागि यस प्रदेश सभाबाट उपलब्ध गराइएको राहत रकम हस्तान्तरण कार्यक्रममा सहभागी । | प्रदेश नं २, |
| २०७६।१।१६ | सम्माननीय राष्ट्रपतिबाट संविधान सभाका सदस्यहरूलाई प्रदान गर्नु भएको सम्मान तथा पदक वितरण कार्यक्रममा सहभागिता र पदक ग्रहण | काठमाडौं |
| २०७६।२।२२ | अन्तर प्रदेश भ्रमण तथा अनुभव आदान प्रदान कार्यक्रम अन्तर्गत प्रदेश नं १ को प्रदेश सभा भ्रमण तथा भेटघाट | विराटनगर |





**हावाहुरी पीडितको लागि सहयोग रकम हस्तान्तरण**





**नुवाकोटको घ्याङफेदीमा राहत वितरण**

**११. हावाहुरी पीडितको लागि सहयोग रकम हस्तान्तरण:**

२०७५ साल चैत्र १७ गतेका दिन वारा, पर्सा लगायतका क्षेत्रमा आएको भीषण हुरी बतासको कारण पीडामा परेका जनतालाई राहत सहयोग स्वरुपा यस प्रदेश सभाका माननीय सदस्यहरुले प्रदान गर्नु भएको रकम रु.४,६९,०५०।- (अक्षरेपि चार लाख उनान्सत्तरी हजार पचास)को चेक प्रदेश सभाको तर्फबाट माननीय उपसभामुख श्री राधिका तामाङ्गले प्रदेश नं. २ का मुख्यमन्त्री माननीय लालवावु राउतलाई मिति २०७६/१/४ मा हस्तान्तरण गर्नु भयो ।

**१२. सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति :**

प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ५ अनुसार प्रदेश सभा र सचिवालयलाई सुचारु रुपले सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण तथा रेखदेख, नियन्त्रण र सुपरिवेक्षण गर्ने काम समेतको लागि देहाय बमोजिमको सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति रहने व्यवस्था छ ।

(क) सभामुख — अध्यक्ष
(ख) उपसभामुख — सदस्य
(ग) प्रदेश सभा सचिव — सदस्य
(घ) सचिवालय सचिव — सदस्य
(ङ) सचिवालयको प्रशासन शाखाको उपसचिव — सदस्य सचिव

यस ऐनको दफा ६ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी समितिको मिति २०७५/११ /२३ मा बसेको बैठकले समितिको बैठक सम्बन्धी कार्यविधि पारित गरेको छ, जुन सूची- ८ मा दिइएको छ ।

**१३. प्रदेश सभा तथा प्रदेश सभा सचिवालयको वित्तिय विवरण**

प्रदेश सभा सचिवालय, प्रदेश नं. ३ हेटौंडालाई आ.व. २०७५/०७६ मा प्राप्त भएको अख्तियारी बमोजिम आ.व. २०७५/०७६ भरी प्रदेश सभा तथा सचिवालय सञ्चालनमा भएको यथार्थ खर्चका आधारमा वित्तीय प्रगति विवरण तयार गरी देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| संचित कोषमाथिको व्ययभार | | | | | |
|---|---|---|---|---|---|
| सि. नं. | ब.उ.शी.नं. | विवरण | वार्षिक अख्तियारी रकम | कुल खर्च रकम | खर्च प्रतिशत |
| १ | ७०३२१२०१३ | प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा जम्मा | ८५४४०००.०० | ५९५७७८७.०० | ६९.७३ |
| प्रदेश व्यवस्थापिकाको प्रशासनिक खर्च | | | | | |
| सि. नं. | ब.उ.शी.नं. | विवरण | वार्षिक अख्तियारी रकम | कुल खर्च रकम | खर्च प्रतिशत |
| १ | ७०३२१२११३ | संचित कोषबाट व्यय- चालु खर्च | ३०८१५७०००.०० | १६०४४३७८८.७४ | ५२.०७ |
| २ | ७०३२१२११४ | संचित कोषबाट व्यय-पूँजिगत खर्च | ७२५०००००.०० | ६९२८९३७९.०० | ९५.५७ |
| **जम्मा (संचित कोष माथिको व्ययभार र विनियोजन ऐनबाट व्यय)** | | | **३८९२०१०००.००** | **२३५६९०९५४.७४** | **६०.५६** |

नोटः वित्तीय प्रगतिको विस्तृत विवरण सुची-९ मा उल्लेख गरिएको छ ।

## १४. २०७५ साल वैशाख ११ गते माननीय प्रदेश प्रमुख श्री अनुराधा कोइरालाबाट प्रदेश सभामा भएको पहिलो सम्बोधनको पूर्ण पाठ

प्रदेश सभाका सभामुख र सदस्यहरू संविधानले व्यवस्था गरेको सबै तहको निर्वाचन सम्पन्न भए । तदअनुरुप संरचना समेत निर्माण भई हामी संविधान कार्यान्वयनको तीब्र चरणमा छौ । राज्यको पुनर्संरचना सम्बन्धी व्यवस्था बमोजिम संघीय संरचना अनुसार स्थानीय तह, प्रदेश र संघ मध्ये हामी अहिले प्रदेश नं. ३ को प्रदेश सभाको बैठकमा सहभागी भैरहेका छौ । यस बीचमा प्रदेश सभाबाट मुख्यमन्त्री, सभामुख, उपसभामुखको निर्वाचन सम्पन्न भएसँगै प्रदेश सरकारले पूर्णता पाई नियमित काम भैसकेको छ । लामो समयदेखि रहेका राजनीतिक संक्रमणकाल अन्त भई मुलुक अब शान्ति र संम्बृद्धिको युगमा प्रबेश गरेको छ । प्रदेश सभाको बैठक यसैको एउटा अङ्गको रुपमा रहेको छ । यस्तो राष्ट्रिय सफलता र उज्ज्वल सम्भावना उन्मुख घडीमा यस प्रदेशको गरिमामय प्रदेश सभा बैठकमा उपस्थित भएर सम्बोधन गर्न पाउँदा मैले हर्ष र गौरवको अनुभूति गरेको छु । यस महत्वपूर्ण उपलब्धि हासिल गर्नको लागि अनवरत संघर्षमा समर्पित महान अग्रजहरूप्रति आदरभाव सहित स्मरण गर्दै दिगवंत शहिदहरूप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । संविधान सभाले सर्वाधिक लोकतान्त्रिक विधिबाट २०७२ साल असोज ३ गते जारी गरेको प्रगतिशील र लोकतान्त्रिक संविधानले सबैखाले राजनीतिक संक्रमणको अन्त्य गरी जननिर्वाचित प्रतिनिधिहरूको अगुवाइमा विकास शिलता र सम्वृद्धिको मार्ग खुल्ला गरेको छ । संविधान जारी भएपछि २०७४ सालमा सम्पन्न तीनवटै तहका निर्वाचनले जनता राजनीतिक दल, निर्वाचन आयोग, सुरक्षा निकाय, राष्ट्र सेवक कर्मचारी, सञ्चार क्षेत्र र अन्य सरोकारवाला सबैको परिपेक्षता बाहिरी मुलुकमा समेत गौरव गर्न लायक रुपमा प्रस्तुत गर्दै लोकतन्त्रलाई मेरुदण्डको रुपमा स्थापित गरेको छ । यसका लागि म यी सबै क्षेत्रप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । अब हामी प्रदेशबासी बीच कुनै मतभेद भएमा शान्तिपूर्ण विधि र जनमतबाटै समाधानका उपाय अपनाई अगाडि बढन सक्ने अवस्था रहेको समेत स्मरण गराउन चाहन्छु । यस प्रदेश भित्रको सडक, यातायात, सञ्चार, उर्जा विकास र विस्तार, कृषि, पर्यटन, सेवा क्षेत्रको आधुनिकीकरण, गुणस्तरीय र सर्वशुलभ शिक्षा र स्वास्थय, स्वच्छ खानेपानी, स्वच्छ वातावरण, उद्योग र व्यापारको समुचित विकाश लगायत दिगो विकाश लक्ष्यले निर्धारण गरेको उदेश्य प्राप्ति जनताको तीब्र अपेक्षा विषय रहेको छ । यसको साथमा यस प्रदेशलाई महत्वपूर्ण सुरुङ मार्ग मार्फत छोटो दुरीको पँहुच र एक जिल्ला एक बिशिष्टीकरण उत्पादन प्राविधिक शिक्षाको स्थापना विस्तार नयाँ सहरहरूको अध्ययन निर्माण र विस्तार जोखिममा रहेको बस्तीहरूको स्थानान्तरण वैज्ञानिक भू-उपयोग नीति लागू गरी भूमिको व्यवस्थापन गर्ने जस्ता कार्यक्रम मार्फत अगाडि बढन प्रदेश सरकारले लिएको तत्परता र संकल्पले आम प्रदेश बासीमा पनि उत्साहको सञ्चार जगाउने अपेक्षा गरेको छु । संविधान सुनिश्चितताबाटै यस प्रदेश सभाको बैठकमा सशक्त रुपमा महिलाहरूको उपस्थिति एवं यहाँको सामाजिक बनोट अनुसार समावेशी प्रतिनिधित्वको उपस्थितिले सिँगो प्रदेशको चित्र यस सभा भवनमा झल्किरहेको छ । हामी संविधानप्रति हामीले गर्व गर्ने महत्वपूर्ण विषय यो पनि रहेको कुरा सबैले अनुभूति गरिरहेका छौ । विगतमा हामी अधिकार प्राप्तिको लडाईमा विभिन्न दल समूह र सरोकारवालाहरूको तर्फबाट लड्यौं । अब त्यो चरण पूरा भएर शान्ति, संवृद्धि तीब्र विकास र आपसी एकताको वृद्धिको चरणमा प्रवेश गरेका छौं । कानूनतः दलीय व्यवस्थाले सत्तापक्ष र प्रतिपक्षको भूमिकामा रहे पनि अबको लक्ष्य प्राप्तिको लागि विवादित हुनुपर्ने कुनै अवस्था छैन । त्यसैले यो प्रदेश समतामूलक, समाजवाद उन्मुख पूर्ण लोकतान्त्रिक एक्यबद्धता, विकास र संवृद्धि प्राप्तिको दिशामा समर्पित हुँदै अगाडि बढ्न सकोस् । साथै कृषि तथा पशुपालनको व्यवसायीकरण अर्थतन्त्रको प्रवर्द्धन र बढ्दो व्यापार घाटाको न्यूनीकरण गर्दै अगाडि बढ्न सकोस् । नेपालको आफ्नै गौरवपूर्ण संवैधानिक इतिहास छ । यो प्रदेश सबै खाले इतिहासको प्रतिबिम्ब तथा भौगोलिक सामाजिक विविधता र प्राकृतिक सुन्दरताले भरिपूर्ण प्रदेश पनि हो ।

यसको गरिमा बचाउन र संवृद्धि थप्न सबैको कर्तब्य हो । यसका लागि प्रदेश भित्र व्यापक रोजगारीको अवसर सृजना गरी विदेश पलायन भएका आफ्ना अति प्रिय छोरा छोरीहरूलाई स्वदेशमै फिर्ता भई आफ्नो प्रतिभा, सिप, दक्षता र उद्यमशिलतालाई मातृभूमिमै प्रस्फुटन गर्न सक्ने गरी उपयुक्त वातावरण सृजना गर्न पनि प्रदेश सरकारको मुख्य दायित्व भित्र रहेको छ । लोकतन्त्र जनताको आवश्यकता पूर्ति गर्दै विकासको बाटो सुगम बनाउने प्रणाली हो । अर्थात् जनताको जीवनस्तरमा सुधार ल्याउन सकिएन भने लोकतन्त्र अर्थहीन नारा मात्र बन्न पुग्दछ । अझ हामी २०७२ साल बैशाख १२ गतेको भूकम्प र त्यसपछिको पराकम्पबाट पीडित सिँगो प्रदेश अहिले पनि छानामुनि पुग्न नसकेको यथार्थ सबै सामु रहेको छ । सरकारले दिने राहत पनि करिब ३० प्रतिशतसम्मले आंशिक मात्रामा लिन सकेका छन् भने बाँकी सबैलाई उक्त सहयोग लिन सक्ने वातावरण सहित  छानामुनि लाने कुरा प्रदेश सरकारले उच्च प्राथमिकता भित्र राखेर काम गरिरहेको समय सिमा भित्रै सम्पन्न हुन सकोस् भन्ने शुभेच्छा पनि व्यक्त गर्दछु । प्रदेश सभाका सभामुख हाम्रो समाज अब कुनै पनि बहानामा हिंसा, अराजकता, मुठभेडतर्फ धकेलिनु हुँदैन । अब आफ्नो गौरबशाली इतिहास र परम्परा स्थापित गर्दै तीव्र गतिमा आर्थिक, सामाजिक एवं मानव विकासको यात्रामा अगाडि बढनै पर्दछ र न्यायपूर्ण समाज स्थापित गर्नै पर्दछ । यो अग्रताको मुहान पनि तपाई जनप्रतिनिधिहरू नै हुनुहुन्छ । यसको स्पष्ट मार्ग चित्रहरू स्पष्ट रुपमा देखिन शुरु भैसकेको छ । अर्थात् नेपाललाई पछि पार्ने सामन्तवाद अब इतिहास बनेको छ । पराधिन बनाउने सोच कमजोर भएका छन् । विभाजित बनाउने शक्तिहरू  किनारा लागेका छन । जातजाति, क्षेत्र, धर्म, सम्प्रदायको आधारमा वितृष्णा फैलाई सामाजिक सहिष्णुता र सद्भाव खलबल्याउने प्रवृतिलाई रोक्न सफल भएका छौं । हाम्रो देश बन्छ र हामी बनाउन सक्छौ भन्ने आत्मविश्वासमा वृद्धि भएको छ । यो राष्ट्रिय चिन्तनलाई अब हाम्रो यो प्रदेशको पनि मुख्य आधार बनाएर अगाडि बढनु पर्दछ । अन्तरप्रदेश सम्बन्ध विकासमा सार्वजनिक निजी र सहकारी क्षेत्र बीचको साझेदारी असल कामका अनुभव आदान-प्रदान विकास र संवृद्धिमा सकारात्मक प्रतिस्पर्धा जस्ता विषय पनि हाम्रा विकास यात्राका साधन बन्नु पर्दछ । मनोमालिन्य, अशान्ति, दमन, भ्रष्टाचार, उत्पीडन र कुनै पनि प्रकारको विभेदको अन्त्य यो प्रदेशको परिचय बनोस् भन्ने विचार राख्न चाहन्छु । प्रदेश सभा, सरकार र यसको अंगहरू बीच प्रदेशका समस्या र चुनौतिको सम्बोधन तथा सम्भावना र अवसरहरूको सदुपयोग गर्ने कार्यमा आपसी तालमेल मिलाउँदै अगाडि बढ्न सकौं भन्ने नेपाल सरकारको संवृद्ध नेपाल, सुखी नेपाली भन्ने मूल नारालाई हाम्रो प्रदेशमा पनि सजिलै स्थापित गराउन सक्छौं, यो हाम्रो कर्तब्य पनि हो । यसका लागि आवश्यक कानून समयमै निर्माण गरिसक्ने प्रदेश सरकारलाई व्यवस्थित गर्दै प्रदेशको आवधिक योजना र विस्तृत परियोजना प्रतिवेदन तथा भूउपयोग नीति जस्ता कार्यलाई प्राथमिकतामा राखी त्यसका आधारमा वार्षिक नीति तथा  कार्यक्रम तय गर्दै अगाडि जाने कुरा प्रदेश सरकारको उच्च प्राथमिकताको सूचीमा रहेकाले यसबाट छिटो प्रतिफल प्राप्त हुनेछ भन्ने अपेक्षा पनि लिएको छु । यी समग्र विषयहरू प्रदेश सरकारको आर्थिक वर्ष ०७५/७६ को नीति तथा कार्यक्रममा समेटिएर आउँने हुँदा यसमा प्रदेश सभाको उल्लेखनीय भूमिका हुने नै छ । विगतमा फर्किएर हेर्दा हजारौंको शाहदत लाखौंको त्याग र संघर्ष धेरैका कष्टपूर्ण जीवन बिताई सुन्दर, शान्त, न्यायपूर्ण संमृद्ध समाज निर्माणका लागि थियौ भन्ने कुरामा कुनै दुविधा छैन । आज हामी स्वयम् जनअपेक्षाको कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी पूरा गर्ने स्थानमा आइपुगेका छौं । यस अवसरमा म यो प्रदेश सभा, प्रदेश सरकार लगायत प्रदेश भित्रका सबै सरकारी अंग गैरसरकारी एवम् निजी क्षेत्र सञ्चार जगत सरोकारवाला निकाय संघ संस्था र आम चेतनशील सबै नागरिकहरूलाई सुखी संमृद्धि र सुन्दर प्रदेश निर्माणमा आ-आफ्नो स्थानबाट एकताबद्ध भएर महत्वपूर्ण योगदान गर्न सबैमा हार्दिक अह्वान पनि गर्दछु । यो विषय इतिहासले हाम्रो पिढीँलाई सुम्पिएको समाज रुपान्तरको महत्वपूर्ण दायित्व पनि हो । यिनै ऐतिहासिक दायित्व पूरा गर्न हामी सबैलाई पूर्ण सफलता मिलोस् । मेरो हार्दिक शुभकामना धन्यवाद ।

## १५. मिति २०७६/०२/२१ गते सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीले यस प्रदेश सभाको सोह्रौं बैठकलाई गर्नु भएको सम्बोधनको पूर्णपाठ

माननीय सभामुखज्यू, प्रदेश प्रमुखज्यू, मुख्यमन्त्रीज्यू, मन्त्रीज्यूहरू, प्रदेश सभा सदस्यज्यूहरू आज मेरा निम्ति पनि एउटा विशेष दिन हो । हामी सबैका निम्ति पनि एउटा विशेष दिन हो । यस विशेष दिनमा पहिलो पल्ट प्रदेश नं. ३ को प्रदेश सभामा आएर प्रधानमन्त्रीको हैसियतले सभालाई सम्बोधन गरिरहँदा म यहाँहरूलाई सर्वप्रथम हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । तपाईहरूले जनताको विश्वास जित्नु भएको छ र यो जिम्मेवारीमा आउनु भएको छ । लामो प्रक्रियाहरू पार गरेर परीक्षाहरू पार गरेर तपाईहरू यस ठाउँमा आइपुग्नु भएको छ र अब आगामी दिनमा तपाईहरूलाई आफ्ना कामहरूमा सफलता मिलोस् । जनतामा तपाईहरूको प्रभाव बढ्दै जाओस् । तपाईको काम गराई, तपाईको व्यवहार, तपाईको आचरण, तपाईको देशप्रतिको निष्ठा र प्रेम, तपाईको जनताप्रतिको निष्ठा र प्रेम विकास प्रतिको लगाव राष्ट्रिय आवश्यकताहरू पूरा गर्ने सम्बन्धमा तपाईको योजनाबद्ध सही दिशातर्फको सक्रियताले तपाईलाई सफल बनाओस् । सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । आज हामीले यो बिल्कुल नयाँ अभ्यास गरेका छौं । प्रदेश सभालाई सम्बोधन गरेको मेरो यो दोस्रो हो । यसभन्दा अघि मैले प्रदेश ५ को सभालाई सम्बोधन गरेको थिए । त्यो बैशाख १६ गते अर्थात् एक महिना तीन दिन अगाडि । बुद्ध जयन्तिको एक दिन अगाडि बुटवलमा प्रदेश नं ५ को सभालाई सम्बोधन गरेको थिए । आज दोस्रो प्रदेश, प्रदेश नं. ३ को सभालाई सम्बोधन गर्ने अवसर मिलेको छ र यस अवसरमा म खुसी व्यक्त गर्न चाहन्छु । मलाई आमन्त्रण गर्नु भएकोमा सभामुख महोदय, मुख्यमन्त्री लगायत तपाईहरू सबैलाई हार्दिक धन्यवाद भन्न चाहन्छु । हामी एउटा नयाँ अभ्यासमा गएका छौं । यो नयाँ अभ्यास हामी आफुले संघर्ष गरेर बलिदानपूर्ण संघर्ष गरेर लामो समय संघर्ष गरेर यो परिपाटीको यो संरचनाको स्थापना गरेका हौं । आज हामी नेपालले उहिले कहिले पनि, पहिले कहिले पनि अभ्यास नगरेको संघीयताको अभ्यास गरिराखेका छौं । हामीले अभ्यास गर्न नपाएको गणतन्त्रको अभ्यास गरिराखेका छौं । यथार्थमा सार्वभौमसत्ता जनतामा रहेको गणतन्त्रको अभ्यास गरिराखेका छौं र सार्वभौमसत्ता जनतामा रहेको विकेन्द्रित र अधिकार, अवसरहरूको बाँडफाँट भएको यस्तो लोकतान्त्रिक अभ्यासबाट जनताबाट जनताका प्रतिनिधि जनताले छानेर जनताका निम्ति काम गर्ने यो प्रणाली यथार्थमा लोकतान्त्रिक प्रणाली हामीले छानेका छौं । अर्को हामीले छानेको आजको लोकतन्त्र प्रणाली पहिलेको लोकतान्त्रिक प्रणालीहरू भन्दा पृथक छ र उन्नत छ । यसकारण आज हामीले छानेको लोकतान्त्रिक प्रणाली राजनीतिक लोकतन्त्र मात्रै हाइन, पोलिटिकल डेमोक्रेसी भन्छन् नि राइटस् अफ फ्रिडम भन्छन् त्यो मात्रै हाइन, हामीले कम्प्रिहेन्सिभ डेमोक्रेसी भन्ने गरेका छौं । डेमोक्रेसी भन्न पाएपछि बोल्न पाया,सङ्गठन खोल्न पायो,छाप्न पायो, माग प्रकाशन स्वतन्त्रता पायो, उम्मेदवार हुन पायो, चुनाव लड्न पायो, भोट हाल्न पायो मात्रै होइन लोकतन्त्रको पहिलो काम लोकलाई हेर्नु हो । लोकतन्त्र लोकको तन्त्र हो भने पहिले लोकका निम्ति काम गर्दछ त्यसले त्यसकारण अहिलेको लोकतन्त्रले जैविक र मानवीय न्यायोचित प्रवृति र आवश्यकताहरूको परिपूर्ति, आधारभूत आवश्यकताहरूको परिपूर्ति, खाने लाउने कुराहरूको बन्दोबस्त परिपूर्ति, आवासको व्यवस्था, अब एक्काइसौं शताब्दीको मानवजाति चाहेजस्तो बिहानै उठेर कहाँ चारो पाइएला भनेर कुद्न पर्ने, मुसाजस्तै बिहानै उठेर कहाँ कता के पाइएला भनेर भर्सक राति पनि कुद्नु पर्ने नत्रभने जीवजन्तुहरू पनि बिहानै उठेर चारोको खोजीमा कुद्छन्, जम्माजम्मी चारोको खोजी अरु केही हुँदैन चारोको खोजी, एक्काइसौं शताब्दिको मानवजाति चारोको खोजीमा सीमित भएर बस्न सक्दैन, यो ज्ञउन्नति, प्रगति, तार्किकको शताब्दिको युग । हामी आज गुण कहाँ लगाउने भनेर होइन, मैले धेरै ठाउँका भन्ने गरेको छु । हामीसँग माटो छ,, जमिन छ, ढुङ्गा छ, चुनढुङ्गा पनि छ । अझ, खर पराल छ, बाँस छ, काठ छ, खोलानाला छ, पानी छ, घर छैन । घर बनाउँन चाहिन्छ केभन्दा जमिन चाहियो, जमिन हामीसँग छ, ढुङ्गामाटो चाहियो हामीसँग छ, सिमेन्ट चाहियो हामीसँग छ, सिमेन्ट बनाउने ढुङ्गा हामीसँग छ, छाउन परे पराल होला, खर होला हामीसँग छ, बाँस होला, काठ होला हामीसँग छ तर घर छैन । अनौठो विसँगति हामी बेहोरिरहेका छौं । हामी विद्वान पुर्खाका सन्तान, वेदव्यासका सन्तान, ऋषिमुनिहरूका सन्तान, वेदका रचनाकारहरूका सन्तान, दुनियाँ अन्धकारमा

हुँदा शास्त्र ज्ञान सिर्जना गर्नेहरूका सर्जकहरूका सन्तान हामी, आर्युवेदका रचना, औषधि विज्ञानका रचना, चिकित्सा शास्त्रका रचना त्यस्ता रचना गर्ने अन्वेषणकर्ता, अनुसन्धानज्ञाता त्यस्ता पुर्खाका सन्तान हामी त्यसैकारण मैले भन्ने गरेको छु हाम्रा पुर्खाले नचाखेका पात छैन,, कुनै बोक्रो छैन, कुनै मुन्टो छैन, कुनै फूल छैन, कुनै जरो छैन । त्यसैकारण कुन बोक्रो औषधि कुन विष, कुन पात कुन जडिबुटी कुन झार के हो भन्ने कुरा सबै बुझ्या छ । त्यो कसरी थाहा पायो सबै प्रयोगात्मक ढंगले नै । हजारौं वर्ष अगाडि जहाँ दुनियाँमा अन्धकार थियो, त्यसबेला नै हाम्रा पुर्खा ग्रह नक्षत्र गनेर बस्थे त्यस्ता पुर्खाका सन्तान हामी र धर्ति यस्तो छ जो हिमाल, हामीसँग हिमाल छ साधारण कुरा हो ।  दुनियाँको वातावरण र पर्यावरणीय सन्तुलनका लागि असाधारण कुरा हो हिमाल । यदि पानी मात्रै पर्थ्यो भने स्वाल्ल बगेर जान्थ्यो । हिउँ पर्छ बसिरहन्छ र बिस्तारै बिस्तारै त्यसले सिँचण गरिरहन्छ । यो प्रकृतिको असाधारण देन हो । बादलहरू आएर त्यसमा ठोकिन्छन्, चिसो हुन्छ त्यो उचाईमा, हिउँ हुन्छ, पानी हुन्छ र त्यसै हिमतालहरू, हिमालहरू, हिमतालहरू अनि हिमनदीहरू र झरनाहरू, नदीनालाहरू र रसिला जमिनहरू निर्माण गर्दछ । हाम्रा चट्टानहरू छन् । अर्थहीन होइन, चट्टानहरूले पानी सोसेर राख्छ र त्यो पानी बिस्तारै चुहिएर मुलहरू फुटेर आउँछ । यस्तो प्रकृतिले बनाएको छ । यति उर्वर छ, आकाशमा उड्ने नवचर, पानीमा जलचर र जमिनमा थलचर र बनस्पतिहरू । सानादेखि ठूला ती सबै हाम्रोमा छ । यस्तो ठाउँ, यस्तो भुगोल, यति उर्वर यति जीवन वाई देश र त्यस्ता पुर्खा विद्धान पुर्खाका सन्तान हामी आज बस्ने ठाउँ छैन, खाने ठाउँ छैन, खाने समस्या छ, गरिब छौं, पढ्न पाको छैन, स्कूल छैन, कलेज छैन, अस्पताल छैन, उपचार छैन कस्तो बिडम्बना । यसैकारण हामीले आज भनेको लोकतन्त्र मैले साथीहरूलाई भन्न खोजेको आज हामीले ल्याएको लोकतन्त्र भनेको राजनीतिक अधिकारयुक्त राजनीतिक अधिकारमा सीमित लोकतन्त्र मात्रै होइन, सँगसँगै सामाजिक जीवन परिवर्तन गर्ने लोकतन्त्र हो । मैले धेरै ठाउँमा बोल्दाखेरी भन्ने गरेको छु । ग्रस नेशनल प्रोडक्ट अथवा समग्र राष्ट्रिय उत्पादनका आँकडा देखाएर त्यो आँकडा माथि छ भनेर दुनियाँले चित्त बुझाओस् तर हामी चित्त बुझाउन सक्दैनौ । हामीलाई हरेक नेपालीले खान लाउन पाएको हुनुपर्छ, बस्न पाएको हुनुपर्छ, छोराछोरी पढाउन पाएको हुनुपर्छ र हरेक नेपालीले औषधिउपचार गर्न पाएको हुनुपर्छ । हामीले भनेका थियौं हरेक नेपालीले अधिकार सम्पन्न हुन पाउनु पर्छ हरेक नेपाली अधिकार सम्पन्न हुनुपर्छ । उसका सम्पूर्ण अधिकारहरू उसले प्राप्त गर्नु पर्छ । उनले प्राप्त गर्नुपर्ने अधिकार हो । असमान होइन, समान अधिकार हो । ती समान अधिकारमा पुग्नका निम्ति उसले सैद्धान्तिक रुपमा अवसर त दिइयो तर अधिकार त दिइयो तर यदि अवसर प्राप्त भएन भने उसको विकास हुन सक्दैन । उसको अधिकारको प्रयोग गर्न सक्दैन । त्यसकारण यदि अधिकार प्राप्त भएर त्यो अधिकार प्राप्त गरेकोलाई प्रयोग गर्न सक्ने अवस्थामा छैन भने उसलाई विशेष नीति विशेष व्यवस्था अन्तर्गत अवसर उपलब्ध गराइनु पर्छ र त्यो विशेष अवसर मार्फत अधिकारको उपभोग गर्न सक्ने सामर्थ्यमा हामीले पुऱ्याउनु पर्छ । त्यसकारण हामीले पछाडि परेको समुदाय पछाडि परेको हिस्सा र पछाडि परेको कुनै पनि वर्ग, तह ,पेशा, व्यवसाय, भाषाभाषी, क्षेत्र, भूगोल सबैलाई अगाडि बढाउने र अधिकारको प्रयोग गर्ने अवसर उपलब्ध गराउने विशेष नीतिहरू तर्जुमा गरेका छौं । जसभित्र समानुपातिक, समावेशी आरक्षण जस्ता कुराहरू के हुन् भन्दा यो अधिकारसम्म पुग्ने अधिकार त हामीले सबैलाई समान दिएका छौं । सबैसँग पढ्ने अधिकार छ, सबैसँग उन्नति गर्ने अधिकार छ तर यो अधिकारको उपभोग गर्ने, त्यसलाई प्रयोग गर्ने यदि सामर्थ्य राख्दैन भने हामी त्यो सामर्थ्य राख्ने ठाउँमा उनलाई पुऱ्याउनका निम्ति अवसरको प्रत्याभूति गर्छौ । त्यसका निम्ति विशेष नीतिहरूको तर्जुमा गर्छौ र अघि मैले भनेका समानुपातिक प्रबन्धहरू, सबैको प्रतिनिधित्वको प्रबन्ध, प्रतिनिधित्वको मात्रै कुरा होइन प्रतिनिधित्व एउटा पक्षको मात्रै कुरा हो प्रतिनिधित्वले खासै केही गर्दैन । उठाउने कुरा हरेकलाई उठाउने कुरा हो, त्यसमा बढी ध्यान दिनु पर्छ हरेकलाई उठाउने कुरामा । यसरी हामीले लोकतन्त्र पनि एउटा समग्र लोकतन्त्र हो, जहाँ हरेकले सुरक्षा प्राप्त गर्न सकोस् । सुरक्षा पहिलो प्राथमिकता हो । हामी प्लेनमा चढ्यौ भने सेक्युरिटी फस्ट भन्छ । प्लेनमा सेक्युरिटी फस्ट भन्छ, त्यो हामीलाई शान्त्वना दिन र हाम्रो नीति भित्र पर्छ कि सेक्युरिटीमा बलजफ्ती गरेर नउडाउने तर सेक्युरिटी फस्ट भनेको जैविक प्रवृति र आवश्यकता हो । एउटा कुरो कुनै चीज खान जादै छ र उसलाई खतरा पर्ने देख्यो भने उ खान छोडेर अर्को बाटो लुक्नेतिर पहिले लाग्छ किनभने बाँच्यो भने त भरे खाए हुन्छ नि । मरिहाल्यो भने त गई गो, त्यसकारण जैविक प्रवृति नै के हो भने बाँच्ने कुरा हो । कुनै चीज कुनै किरा

कतै जादै छ, त्यसलाई यसो अगाडिपट्टि डिस्टर्ब गर्नुस् त्यसले खतरा महसूस गऱ्यो भने उ भाग्छ, लुक्छ र सुरक्षित हुन खोज्छ । पहिलो सुरक्षाको प्रवित्ति अपनाउँछ । त्यसकारण हरेकले सुरक्षित महसूस गर्नु पर्दछ । त्यो महसूस गर्ने सुरक्षाको प्रत्याभूति हरेकलाई दिनु पर्दछ । त्यस्तो समाज हामी शान्ति सु-व्यवस्थाको समाज बनाउन चाहन्छौं । त्यसकारण मैले भनें हामी यो पृथक खालको प्रणाली, लोकतन्त्र, लोकतन्त्र भनेर हामीले भनेको लोकतन्त्र त्यसैकारण हामीले समाजवाद उन्मुख भन्याछौं । समाजवाद उन्मुख भनेको निर्मम नाफाखोर per capita income र GDB को हिसाब देखाएर गरिब गरिबै छ । खान नपाउने यति प्रतिशत, पन्ध्र प्रतिशत छन् नि भोका नांगा, पचासी प्रतिशतले खाका छन् धनी छ । per capita income माथि छ । GDB यति माथि छ । केही अर्थ छैन । जुन देशमा जनता भोको छ, त्यो देश भोकमरीयुक्त देश हो । अब नेपालीले केही वर्ष भित्र हामी यदि कुनै पनि नेपाली भिखमंगा हुनुपर्ने र भिख मागेर खानुपर्ने स्थितिमा नेपालीलाई राख्छौं भने हाम्रा प्रणालीका हाम्रा विचारका, हाम्रा नीति कार्यक्रमका, हाम्रा सिद्धान्तका र हाम्रा प्रयासका अर्थ हुँदैनन् यदि नेपालीले हात फैलायो भने भिखमंगा भयो भने । त्यसकारण मैले अघिल्लो पटक सरकार हुदै भनेको थिए यस जीवनमय उर्वर देशमा अब कोही भोकै पर्दैन, कोही भोकले मर्दैन । यो म दावाका साथ भन्छु । प्रदेश नं. ३ को प्रदेश सभामा पनि म दावाका साथ भन्न चाहन्छु कोही नेपाली भोकै पर्दैन कोही नेपाली भोकले मर्दैन । किनभने यस देशमा जनताका लागि सरकार छ । चुनौति छ तर मैले तराईमा नीति लिएको छु, अब जाडोले कठ्यांग्रिएर मान्छे मर्न नपाओस्, यो बारबेरा नभएका छाप्रा या छाप्रै नभएको स्थिति र कपडा नभएका भन्ने कोही पनि हुदैन । तराईको घर यस्तो हुन्छ, त्यहाँ एउटा घर आगलागी भयो भने त्यहाँ कति क्षति भो भन्दा हजार रुपैंया क्षति भो भन्छ किनभने त्यहाँ बाँसको भाटाको हिसाब अरु केही हुदैंहुदैन । न अन्न छ न कपडा छ न केही छ, केही नै हुँदैन त अनि क्षति के होस् । यसतो खालको स्थिति छ । यो भनेको एउटा भयावह र दयनीय स्थिति हो । यसबाट जनतालाई सुरक्षित उसमा लानु पर्छ । हामीले जनता आवास कार्यक्रम संचालन गऱ्यौं । प्रभावकारी भएन त्यसकारण जनता आवास कार्यक्रमलाई नयाँ मोडालिटीका साथ हामी लान्छौं । जनता आवास कार्यक्रम अब जुन कार्यक्रम जसरी चलेको छ, आधा भएको त्यसै अनुसारले जान्छौं । अरु हामी नयाँ बस्ती विकासको ढंगले रिलोकेड जमिन तयार गर्ने र दिने ती कामहरू गर्छौं । सरकारले घर बनाइदिनु पर्छ । सहयोग पुऱ्याइदिनु पर्छ जो सक्दै सक्दैन । असक्त भएको वर्ग नसक्ने गरी त्यसलाई, अहिले सुन्दा कतिपय कुराहरू काल्पनिक जस्ता लाग्न सक्छन् । किनभने हामीले देखेकै छैनौं । हामीले नेशनल ड्राइभ देखेका छैनौं, राष्ट्रिय अभियान देखेका छैनौ । विद्यालय बाहिर बसेका पाँच वर्षदेखि बाह्र वर्षसम्म उमेरका विद्यार्थीहरू लगभग चार लाख थिए । यसपल्ट अहिले जुम्लाबाट साक्षरता अभियान शुरु गरे यहाँहरू साराले साथ दिनुभयो । त्यसको परिणाम के भयो भन्दा अब जम्मा ५९,३०० मात्रै विद्यालय बाहिर छन् र हिजो हामीले असार पन्ध्रसम्मलाई दोस्रो चरणको भर्ना अभियान फेरि शुरु गऱ्यौं । सम्भवत: यस अभियानले स्कूल जाने उमेरका पाठशाला जाने उमेरका विद्यार्थीलाई पाठशाला पुऱ्याउँछ । अहिले नै हामीले यस अभियानबाट मात्रै जो विद्यार्थी विद्यालय बाहिर हुन्थे स्कूल छोडेका, नगएका, जान सक्ने, नसक्ने वा नपढ्ने दुई लाख तेह्र हजारभन्दा कति भर्ना भए र अब ५९ हजार मात्रै बाँकी छन् । यस अभियानबाट टुंग्याउछौं । कथमकदाचित छुटपुट भयो भने अर्को वर्षबाट ल्याउछौं । अब निरक्षर भनेको नेपालमा पाँच वर्षभन्दा मुनिका मात्रै हुन्छन् बच्चाबच्ची । अब साह्रै बुढाबुढी भइसकेका जो सिक्ने उमेर छैन, उहाँहरूलाई दुख दिएर अर्थ छैन । एकआध होलान् जो खासै प्रतिशतमा पनि आउदैनन् । नत्र अब नेपालबाट हामीले निरक्षरता अन्त्य गर्दैछौं र हाम्रो अभियान सँगसँगै उच्च शिक्षा गुणस्तरीय शिक्षा योजनाबद्ध शिक्षातर्फ जान्छ । मैले यहाँ साथीहरूलाई भन्न खोजेको हामीले प्रणाली कस्तो रोजेका छौं भन्दा जनताको प्रणाली जनताले शासन गर्ने प्रणाली र जनताका निम्ति काम गर्ने प्रणाली, यसका निम्ति देशको विकास हुनै पर्दछ । हामीले देशको विकास गर्नका लागि सुशासन पहिलो शर्त हो । त्यसकारण सुशासनको पहिलो शर्त शान्ति सुरक्षा भ्रष्टाचाररहित भ्रष्टाचार हुन नहुने भ्रष्टाचार निर्मूल गरिनु पर्ने । कुनै पनि हिसाबले मैले सार्वजनिक ढंगले भन्ने गरेको छु । म भ्रष्टाचार आफू पनि गर्दिन, अरुलाई पनि गर्न दिन्न । गरेको थाहा भयो भने अनुहार हेर्दिन । काम हेऱ्यो दण्ड दियो, सिध्यो । अनुहारतिर मेरो पार्टीको होस् कि अरुको पार्टिको हो कि कसको पार्टी हो कि, ह्याण्डसम थियो कि ब्यूटीफूल थियो कि मतलब छैन । करप्ट भयो कि भयो नो कम्प्रोमाइज, कम्प्रोमाइज हुदैन । करप्सनको मामिलामा कन्ट्रोल

हुन्छ । तपाईहरूले देख्दै हुनुहुन्छ । हामीले पनि साथीभाई यही समाजका मान्छे, हामीसँगै नजिक होलान्, अर्कोसँग नजिक होलान् कति होलान्, व्यवसाय विभिन्नले चलाएका होलान् । बेठीक व्यवसायका नाममा बेठीक भएको छ भने कुनै पनि ठाउँ हामी सहदैनौ । सिन्डिकेटमा को छ भनेर हामीले हेरेनौ सिन्डिकेट तोड्ने हो, सिन्डिकेट तोड्छौं हामी भने पछि तोड्दिम हामीले । को-को पऱ्यो भनेर अनुहार पछि हेरौंला, कस्तो-कस्तो परेछ । अरु ठाउँका सिन्डिकेटहरू पनि हामी मान्दैनौ । कमिसनखोरी चल्दैन । टान्सपरेन्ट हुनुपर्छ । करप्सन कन्ट्रोल विकासका निम्ति र करप्सन इलिमिनेशन औलो उन्मूलन भन्यौ नि हामीले त्यस्तै इलिमिनेशन अफ करप्सन त्यसकारण मैले भनेको छु मेरा केही अट्याक भन्ने थेउरीहरू छन् । अट्याक अगेन्टस् पोभर्टी, गरिबीका निम्ति आक्रमण गर्न, निरक्षरका निम्ति आक्रमण गर्न, पछौटेपनका विरुद्ध आक्रमण गर्न र भ्रष्टाचारका विरुद्ध आक्रमण गर्न, जो हुनै नहुने छन् समाजमा तिनका विरुद्ध आक्रमण गर्न यो नीति हो । त्यसकारण हामी करप्सनका विरुद्ध अट्याक गर्छौं । भर्ना अभियान हामीले निरक्षरका विरुद्ध गरेको अट्याक हो । हामीले एक ब्लो दिएका थियौं अब स्कूल भर्ना नहुने भन्ने कुराको अब अलिकति थोरै मात्र रहेको छ, समाप्त भएको छ । हामीले यो प्रणाली ल्याएका छौं । हामीले विकास गर्ने पर्छ । सुशासन दिनै पर्छ । सरकार सञ्चालन गर्दा विकास निर्माणका आयोजनाहरू या कामहरू अगाााडि बढाउँदा कुनै प्रकारको भेदभाव पक्षपात यसलाई उसलाई, ठेक्का यसलाई दिने उसलाई नदिने यो ठेकेदारहरूको कार्टेलिङदेखि लिएर यो चल्दैन । सब फियर हाम्रो ध्यान यसमा हुन्छ । यदि कहीँ त्यस्तो नभएको पाइएमा सभासदज्यूहरूले, सरकारले, प्रदेश सरकारले केन्द्रिय सरकारलाई सुझाव दिनुभए हुन्छ कि यहाँनेर यसतो पाइएन है । देखादिनु भए हुन्छ, त्यसलाई हामी कारबाही गर्छौं र प्रदेश सरकारलाई पनि म त्यही भन्न चाहन्छु । प्रदेश सरकारले त्यही कडाईका साथ काम गर्नुपर्छ । लोकतन्त्र आएपछि पनि संघीय प्रणाली हामीले ल्यायौं त्यो आइसक्यो । गणतन्त्र हामीले ल्यायौं त्यो छ । सबै जातिका जनता, सबै भाषा, सबै आस्था, सबै विश्वास, राज्य निष्पक्ष छ । सबैको सबैलाई सम्मान गर्छ र सबैलाई आदर सम्मान गर्दै सबैको प्रोटेक्सन, सबैको आस्था, विश्वासहरूप्रति सहिष्णुभाव राख्छ, समदृष्टि राख्छ संविधानले, कानूनले, व्यवहारले । अब यस परिपाटीमा हामी यो अनुकूल स्थिति हो हाम्रो लागि । यो परिस्थिति ल्याएर अब हामीले विकास गर्न सक्दैनौं भने विकास कहिले गर्ने, कसले गर्ने, कुन प्रणाली ल्याउने, लोकतन्त्र ल्याउँदा पनि हुदैन, जनताको हातमा शासन ल्याउँदा पनि हुँदैन, गणतन्त्र ल्याउँदा पनि हुँदैन, स्थानीय तहसम्म गाँउपालिकासम्म अधिकार सम्पन्न सरकार कार्यकारी, न्यायिक, विधायिकी सबै अधिकार समेतको भागबण्डा गर्दिदा समेत पनि हुदैन भने त हामी के गर्छौं तर हामी गर्न सक्छौं । म सभासदहरूलाई आत्मविश्वासका साथ अगाडि बढ्न, प्रदेश सरकारलाई आत्मविश्वासका साथ अगाडि बढ्न म आग्रह गर्न चाहन्छु । आत्मविश्वासका साथ अगाडि बढौ, परिवर्तन ल्याउन सकिन्छ । हाम्रो देश म्यानेजेबल पपुलेसन छ । सानो, भूगोलको हिसाबले पनि सानो छ र उर्वर छ, सुन्दर छ । यसका सम्भावनै सम्भावना छ र आफ्नो ढाँचाको विकास हुन्छ त्यो गर्न सकिन्छ । हामीसँग खान लाउन पुग्नेगरी उत्पादन हुन्छ । अहिले पनि एउटा हामी के भने अन्न निर्यात त कहिले आयात गर्ने भएका छौं । कहिले जीवीका चलाएका छौं भने खानेकुरा नपुग्ने गरी उत्पदन भएर हामीले किनेको होइन । तथ्यांकले के भन्छ भने हामीसँग खान पुग्ने गरी उत्पादन भएको तथ्यांक छ तर हामी या त खाने आनीबानी या त दुरुपयोग, ग्रीनल्याण्डले खाना भनेको के भन्दा आलु भन्छ । हामी खाना भनेको भात भन्छौं । मज्जाले रोटी तरकारी खाएर बाहिर निस्केको छ भो साथीले खाना खानु भो भन्यो भने हामी छैन भन्छौं । रोटी तरकारी मजैले खाएर हिड्या हो तर हतार हतार दुईगाँस भात थोरै खाएर हिड्याथ्यो ब्रेकफास्टभन्दा कम बिहानै खाएर कुदेको दिउसो कसैले सोध्यो खाना खाएको छैन होला, बिहानै खाएर हिँडेको दुई गाँस भात कता पुग्यो मतलब छैन, भात खाएको हुनाले उसले खाना खायो, खाना खाएको र नखाएको भन्ने । त्यो खाने स्वभाव आनीबानीका कारणले पनि हाम्रो त्यस्तो भएको छ । जाँड बनाउनेमा अलिकति खर्च हुन्छ, पशुलाई खुवाउनेमा अलिकति खर्च हुन्छ । कति खेर जान्छ कति के हुन्छ । त्यसकारण खेर ठूलो मात्रामा जान्छ । त्यसले हाम्रो खाद्यान्न नपुगेको भनेर अर्को कुरा तपाईहरूलाई बताउ खासै हामी मोटो चामल आयात गरिराखेका छैनौं । देशभरीमा छ तर उत्पादन हामी कपडा कारखाना सिध्याईदियौं, हामीले कपडा चाँहि राम्रै लगाउनु पर्छ डिपार्टमेन्ट स्टोरमा गएर च्याट्ट किनेर । जुत्ता कारखाना सिध्याईदियौं हामीले जुत्ता त हामीलाई राम्रै चाहिन्छ । कपास खेती सिध्याईदियौं हामीले तर राम्रो क्वालिटीकै चाहिन्छ हामीलाई

कपडा । हामी उपभोगवादी भएका छौं । उत्पादनमुखी होइन उपभोगमुखी । रेमिट्यान्स र आयातमा भर पर्ने आयात गरेपछि अलिअलि कर आउँछ, त्यसबाट अनि उपभोगवादी प्रवृति । अलिअलि मान्छेले जागीर खाएको छ । यसबाट उत्पादनतर्फ होइन, उपभोगतर्फ हामीलाई विभिन्न नामी लामा लामा भएको सीताको भात चाहिन्छ । आयात त्यो भइराखेको छ । हामीलाई कुहेका माछा आयात गरेर नखाए हुने हो, कुहेका माछामा हालेको त्यो मर्फिनले दश वर्ष भित्र मान्छेको प्रजनन् क्षमता हुँदैन, नपुंसकता हुन्छ । अब फ्यामिली प्लानिङ नेपालमा नगरे पनि हुन्छ किनभने यही माछा खाए पुग्छ । त्यस्ता विषाक्त चीजहरू हामी किनेर खाइरहेका छौं । कुहेका केरा आयात गरी गरिकन नखाए पनि हुन्छ तर हामीलाई किन पैसा चिलाउँछ थाहा छैन । हामी त्यस्ता त्यस्ता किनेर खान्छौं । रेडबुल कुनी के जातिको जुस त्यसमा केमिकल फेदर हालेको हुन्छ । त्यो कुनै आँपको जुस होइन, लिच्चीको जुस होइन, लिच्चीको दानो बोक्रो पनि देख्या छैन । त्यो जुसले केमिकल फ्लेभर हो । आँपको लिच्चीको भन्या हुन्छ नि होइन, त्यो फ्लेभर म्याङ्गो फ्लेभर, केमिकल फ्लेभर तपाईलाई आकँडा बताउने हो भने आश्चर्य मान्नु हुन्छ । अरबौंको थोरैको हो र अरबौंको पेय पदार्थहरू हामी पानी खाए हुने ठाउँमा हामी त्यो गर्छौं । त्यसकारण हाम्रा आनीबानीहरू पनि सच्याउन जरुरी छ र हाम्रो ध्यान अब उत्पादन र रोजगारीका अवसर सृजना गर्ने ठाउँमा लगानी, इन्फास्ट्रक्चर उत्पादनसँगै सम्बन्धित छ । बाटो बिजुली उत्पादनसँगै सम्बन्धित छ । आफैं उत्पादन गर्दैन कुनै चीज बाटोले तर बाटो भएपछि उत्पादन हुन्छ । त्यसकारण हामी उत्पादन दिने र रोजगारीका अवसरहरू सिर्जना गर्ने, त्यस्ता ठाउँहरूमा लगाानी गर्छौं । कृषिको आधुनिकीकरण गर्छौं, व्यवसायीकरण गर्छौं, मसिनीकरण गर्छौं । आजको दुनियाँ हामी बजारको भन्छौं । व्यवस्थापन मात्रै गर्न बाँकी हो । माल्दा आँप, लिच्ची क्यानडामा, आँप हिउँ फल्ने ठाउँमा हुदैन । हिउँ मात्रै हो त्यहाँ आप हुदैन । क्यानडामा आँप चट्ट पठाईदियो भने माल्दा आँप कति खुसी हुन्छ । त्यस्तै गरेर विभिन्न देशहरू छन् नि ती देशहरूमा हामीले आँप पठाईदिने, लिच्ची पठाईदिने, फलफुल पठाईदिने हो भने, अरबका देशहरूमा सागसब्जी मात्रै पठाउने हो भने, अस्ति एकजना एम्बेसडरले मलाई भन्नु भएको । कसरी कमाउनु भयो,, कसरी कमाउनु हुन्छ तपाईहरू पैसाभन्दा उहाँले एकदिनको एउटा कुरा भन्नुभयो हामीले भ्यालेन्टाइन डेलाई टार्गेट गरेर गुलाबहरू रोप्यौं भ्यालेनटाइन डेलाई टार्गेट गरेर, भ्यालेनटाइन डेको अघिल्ला दिन ठूलो स्केलमा फूल टिप्ने, काट्ने मिलाउने, प्याकिङ गर्ने र रातभरीमा प्लेनमा हाल्ने र युरोपका देश देशमा फूल पुऱ्याउने । अनि उनले मलाई भने अचम्म लाग्दो पैसा कमाई एकै दिनमा, एक/एकवटा थुंगा फूल, अघिपछि मान्छेले मोल गर्छ गुलाफको एउटा थुंगाको भाउ कति मन परेको मान्छेलाई दिनका लागि त भाउ महंगै हालिहाल्छ नि । त्यहाँ भाउ के गुलाबको फूल देको, मनपरेको एउटा मान्छेलाई दिनुछ त्यति भनेपछि थपक्क तिऱ्यो लियो । अर्थात् दुनियाँ हामीले उत्पादन गर्नु र बाहिर पठाउनु पर्दछ । हामीलाई धर्तिले उत्पादन गर्ने जमिन देको छ, अरुलाई तेल देको छ उनीहरू तेल बेच्छन्, बाँकी अरु किन्छन् । त्यो बाँकी अरु चाहिँ तेल हामीले किन्नु पऱ्याछ । अहिले अलिक समय तेल हामीले निकाल्ने सम्भावना कति छ, अध्ययन भइराख्याछ शुरु गरिसक्याछु मेबाट, अहिलेबाट । यस मईबाटै शुरु भइसक्यो तेलको अन्वेषण, कतिको सम्भावना छ, यहीँ रहेछ भने यहीँ गरिन्छ । हामी अहिले इलेक्ट्रिक उर्जाको प्रयोगको क्षेत्रतिर जादैछौं, जे होस्, त्यसरी हामी एउटा नयाँ ढंगले अगाडि जादैछौं र आत्मनिर्भर हुने उपभोग्य वस्तुहरू आफूले आयात गर्नु नपरोस् उत्पादन गर्ने आयत गर्नुपर्ने वस्तुहरू अनावश्यक आयात नगर्ने । आयात पनि यसतो नचाहिने कुराहरू आयात गरेर आइरहन्छन् । नचाहिने कुराहरू उपभोग गरेर आइरहन्छन् । हामीले अब त्यस्ता चीजहरूको उपभोगको अब उपयोगको आदत घटाउनु पर्छ । भ्रमपूर्ण पेय पदार्थ भ्रमपूर्ण खालका जंकफुड्स् जहाँ यसतो value add गरेको हुन्छ । यो प्रोसेसिङ भन्छ नि यसको कस्ट यति बढाइदिएको हुन्छ । त्यसता कुराहरूमा हामी अल्झेका छौं र ठूलो घाटामा छौं । अब हाम्रा लागि उद्योगहरूको स्थापना नचलेका उद्योगहरूका लागि, हेटौंडाको कपडा कारखाना, टेक्सटाइल इन्डस्टी, फेरि चलाउने मैले अठोट गरेको छु, फेरि चल्छ, त्यसका निम्ति नयाँ मेशिनहरू ल्याइनेछ र यसमा प्राइभेट सेक्टर पनि मिलाइन्छ किनभने सरकारी मात्रै भयो भने घाँस हाल्ने कोही नपाइने दूध खाने मात्रै भेटिने हुन्छ । त्यसै भएर सिदिन्छ । त्यसकारण म्यानेजमेन्ट पक्ष अलि प्राइभेटलाई पनि दिने र प्राइभेटलाई सेयर हाल्न लगाउने नीति बढ्ता मैले ल्याएको छु । एक-एकवटा उद्योगहरूको विषयमा म अहिले जान चाहन्न एउट उद्योगको त मैले भनिहाले । नेपाललाई आधुनिकीकरण र औद्यौगिकीकरणमा लानै पर्छ । रोजगारीका

अवसरहरू कृषिमा आधारित साना, घरेलु मझौला साना उद्योगहरू, सहकारीका माध्यमबाट धेरै र केही ट्रेमेन्डर्स अनौठा उद्योगहरू हामी संचालन गर्न सक्छौं । हाम्रा पुर्खाहरूले हामीलाई भन्ने गर्थे हाम्रो देश त्यस्तै रहेछ पनि छ पनि माटो छुँदा अन्न होस् माटोलाई  छोयो भने त्यो दुई महिनामा अन्न भइहाल्छ, बनाउन सकिन्छ, फलफूल बनाउन सकिन्छ । ढुंगा छुँदा द्रव्य होस् भनेको ढुङ्गा त सबभन्दा महँगो त्यही रहेछ अर्को त्यही रहेछ ढुङ्गाहरू । हामीसँग यसो हेर्दाखेरी काला चट्टान र पत्थर देखिन्छ त्यही मात्र होइन, रुबी छन् अनेक छन् अनेक छन् अनेक प्रकारका धातुहरू छन् । हामीसँग सुन छ । हामीसँग खोलाको बालुवामा सुन छानिराख्या छन्, चालिराख्या छन् राप्तीमा त्यही गरिराख्या छन्, त्रिशुलीमा त्यही गरिराख्या छन्, मान्छेले त्यो जीवीकै चलाइराख्या छन् । सुन छानेर, सुन निकाली राख्या छन् । खोलामा बगिराख्या छ बालुवासँगै बगिराख्या छ सुन । कसतो देश होला भने भित्र कति के छ । हाम्रो सिमेन्ट हामी भारत त्यत्रो विशाल देश छ, उत्तराखण्ड बाहेक वास्तवमा भारतसँग चुनढुंगा छैन । लाइमस्टोन नभएको हुनाले भारतले धेरै इन्डस्ट्री चलाउन सक्दैन । बंगलादेशमा छदैंछैन । बंगलादेश विकास निर्माणको बाटोमा तीव्र ढंगले अगाडि बढ्न खोज्छ, । सिमेन्ट उसलाई चाहिन्छ । भारतलाई सिमेन्ट चाहिन्छ र भारतलाई हामी सस्तो सिमेन्ट उपलब्ध गराउन सक्छौं उनीहरूको भन्दा । हामीले सिमेन्ट उत्पादन गरेपछि गुणस्तरमा र मूल्यमा हामीसँग भारतले प्रतिस्पर्धा गर्न सक्दैन किनभने हामीसँग पर्याप्त ढुंगा छ । अहिले हामी कोइला दक्षिण अफ्रिकाबाट ल्याउँछौं राम्रो खालको कोइला चाइनाबाट । हाम्रैमा कोइलाहरूका सम्भावना हेर्नु पर्छ । हामीसँग फलाम खानी छ, अरु खानी छ भने कोइला खानी पनि छन् तर स्तरीय कोइला अलि छैन हामीसँग अहिलेसम्मको बुझाईमा र छ कि त्यो हामीले हेर्नु पर्नेछ । हामीसँग फलाम खानी छ त्यही धवादि भन्ने फलामखानी, ती मगर भाषामा मिनम भनेको फलाम, मिनमडाँडा त्यो मिनलखानी त्यो त तनहुँमा छदैछ, खैरेनी पोखराभन्दा अलिकति पारीपट्टि, सेतीको पारीपट्टि, भिमान जाने बाटोभन्दा दाहिनेपट्टि त्यहाँ फमाल खानी छ, तामाखानी छ । सयौं वर्ष अगाडि त्यहाँको फमाल निकालेर आरनमा चुटेर लट्ठा बनाएर बनाएको झोलुंगे पूल भिमान जाने सेती तर्ने पूल त्यही हो,। अहिले भर्खर पक्की पूल बनेको छ तर त्यो पुरानो पूल झुन्डिराखेको छ, त्यहाँ सधै छ झुन्डिराखेको । यही हाम्रै फलामले तीँको फलामले त्यही मिनमखानीको फलामले पर्वतमा फलामखानी गा.वि.स थियो, अब सायद त्यो गाउपालिकालाई बनाएको होला, सेवा केन्द्र बनाएको होला । नामी देशको फलाम खानी यस्ता थुप्रै ठाउँ छन् जहाँ हामीसँग खानीहरू छन् । अरु खानीहरूको चर्चा गरिरहनु परेन हामीसँग तेलखानी अरु धेरै खानीहरू छन् र सबैभन्दा ठूलो कुरो हाम्रो बजारमा अहिले तीनसय, चारसय, पाँचसय, छसय रुपैंयासम्मका खानेपानीका बोतल, प्लास्टिकका बोतलका पानी, छसय रुपैया बोतल नेपालको बजारमा फ्रान्सको पानी ल विचार गर्नुस्, जहाँ हिमाल छ, जहाँ जलस्रोत छ त्यहाँ छसय रुपैंया बोतल पनि ठूलो भए हुन्थ्यो नि, तीनसय, चारसय, पाँचसय रुपैंया यत्रो बोतलको । औषधि किनेर खाए जस्तो पानी नेपालमा । आफ्नो पानी धमिल्याउछौं, आफ्ना पानीमा लगेर फेहोर मिल्क्याइदिन्छौं, अरुको पानी हामी त्यत्रो बोतल छ सय रुपैंयामा किनेर खान्छौं । हिमाल खानी हिउँ खानी पानी खानी कसरी पानी मूलबाट निस्किराखेको छ खल्लल, त्यो पानी कस्तो हो भने त्यो पहिलेदेखि हिउँ भएर पग्लिन्छ । त्यसपछि त्यसले जडिबुटीहरूको पर्दैखेरी जडिबुटीहरूको पातहरू फूलहरूमा पर्छ र त्यो पानीमा त्यो मिसिएर सिन्चित हुन्छ । त्यसपछि औषधिका जराहरूमा पस्छ र जराहरू छुँदैछुँदै औषधिमय गुण लिएर आएछ । अनि तल मिनरल खनिज मिनरल वाटर भनेको त्यसभित्र खनिजतत्व हुन्छ । हाम्रो शरीरमा जो खनिज तत्वहरूको मिश्रण हुन्छ, त्यो पथ्थरमा गएर चट्टानमा गएर मिनरल भित्र त्यो खनिजहरू लिएर आउँछ । यसरी खनिजहरूयुक्त भएर हाम्रो पानी मूल फुटेर आउँछ । मिनरल वाटर भनेको त्यो हो । फिल्टरमा छान्यो, अनि मिनरल वाटर भन्यो बोतलमा हाल्यो हामीलाई बेच्यो । कहाँ हुन्छ उनीहरूकहाँ मिनरल वाटर कहाँबाट आयो, मिनरल वाटर, सिँगापुरमा पानी छैन अहिले निकाल्दैछ । इजरायलमा पानीको थोपो छैन, थोपो समुन्द्र मात्रै हो । तर इजरायलले पानी मेडिटेरेन्सीबाट उसले पानी प्रशोधन गर्छ । समुन्द्रको पानीलाई प्रशोधन गरेर ड्रिंकिङ वाटर बनाउँछ अहिले । एक घन मिटरको ५४०० तयार गर्छ । यस्ता पानी त कति भए भए एक घन मिटरको । मैले सिँगापुरको एउटा विकासका कामहरूमा लागेको एउटा पूर्व एम.पी सँग अस्ति भेटेको थिए । इजरायलले राम्रो ड्रिंकिङ वाटर ५४ सेन्टमा एक घन मिटर उत्पादन गर्दोरहेछ र वितरण गर्दैरहेछ । यत्रो महंगो ५४ रुपैयामा एक घन मिटर, एक मिटर यता एक मिटर यता एक मिटर यताको जति त्यो ५४ रुपैंया पऱ्यो ५४ सेन्ट

भनेपछि त ५५ रुपैंयामा पाउँछ भन्दा त्यस्तो महंगो कहाँ हुन्छ । यो ५/१० सेन्टमा पाउनु पर्छ सिँगापुरको त्यो थियो अथवा अरु त्यसरी अगाडि बढ्दैछन् समुन्द्रको पानीलाई कन्भर्ट गरेर हाम्रामा त पिउने पानी निस्किएको हुन्छ । हाम्रा यस्ता धेरै पशुपालन गऱ्यौं भने हामीले हिमाली भेगमा यस प्रदेशका उत्तरी भेगका साथीहरूलाई थाहै छ । चौंरीको दूध चौंरीको चीज अरुभन्दा पाँच गुणा महंगोमा तिब्बतले लान्छ । पाँच गुणा महँगोमा अरुभन्दा किनभने चौंरीको यार्सागुम्बा चरेको छ त्यसले, जडिबुटी चरेको छ त्यसले, मिनरल वाटर पिएको छ त्यसले । त्यो त मिनरल वाटर पिएर हुर्केको हो नि त्यो त्यसकारण त्यसको दूध चारगुणा महँगो छ । हाम्रा अगाडि सम्भावनै सम्भावना छन् तर ती सम्भावना हामी चिन्न सकिराखेका छैनौ, देखिराखेका छैनौ । त्यसकारण मैले भन्ने गरेको छु एउटा उपयोगको सिद्धान्त, सदुपयोगको सिद्धान्त म सबै साथीहरूलाई भन्न चाहन्छु समय सबभन्दा महत्वपूर्ण छ समयको सदुपयोग गरौं । अर्को जमिन अत्यन्तै महत्वपूर्ण छ, त्यसको सदुपयोग गरौं । पानी महत्वपूर्ण छ यसको सदुपयोग गरौं हामीलाई प्रकृतिले दिएका जुन चीज छन् हावा भो घाम भो यी चीजहरूको सदुपयोग गरौं । हामीलाई प्रकृतिले पोटेन्सियल दिएको छ, सम्भावना बुद्धिको क्षमताको सम्भावना दिएको छ त्यसको विकास गरौं र त्यसको अधिकतम विकास गरौं । हामीसँग तागत छ, क्षमता छ, सामर्थ्य छ, व्यक्तिगत, पारिवारिक, सामुदायिक वा राष्ट्रिय, प्रादेशिक, जिल्लाको, नगरको क्षमता छ त्यसको अधिकतम सदुपयोग गरौं । सदुपयोग गऱ्यौं भने हामीले विकास गर्न सक्छौं । सदुपयोगको सिद्धान्तलाई हामीले ध्यान दिनु पऱ्यो । यसो गऱ्यौं भने हामीले हाम्रो टुरिजम सेक्टरलाई हामीसँग प्राकृतिक टुरिजम, हामीसँग धार्मिक टुरिजम, ऐतिहासिक टुरिजम, कलाको टुरिजम, सुन्दरताको टुरिजम, अध्ययन अन्वेषणको टुरिजम, औषधि आदिको टुरिजम, अनेकौं ढुङ्गा हेर्न आउने पऱ्यो भने नेपाल आउनु पर्छ, अनौठा जीवजन्तु हेर्नुपऱ्यो भने नेपाल आउनुपर्छ । गैंडा हेर्न अमेरिका गएर हुँदैन, गैंडा हेर्ने त नेपालमा हो नि, अमेरिका गएर ठुला-ठुला देशमा पनि गैंडा जन्मिदैंन, हात्ती जन्मिदैन, यो सानो देश भएर पनि जन्मिन्छ यहाँ । मयूर हेर्न यहाँ आउनु पर्छ क्यानडामा हुँदैन यहाँ हुन्छ, रुसमा मयूर हुँदैन यहाँ हुन्छ । रुसमा, पोल्याण्डमा यी देशहरूमा उत्तरमा हुने अर्ना जस्तो ठूलो एउटा हुन्छ । अर्ना जस्तै तर ठूलो त्यसलाई जुब्रा भन्छन् । सबभन्दा ठूलो जन्तु त्यही ठूलो अर्ना जंगली जनावर हो । ठूलो अलि गैंडाभन्दा अलि ठूलो हुन्छ अझ त्यो एउटा हो जुब्रा भन्ने अरु हुँदैन । अनौठो जीवजन्तु त्यस्ता सिँग भएका हाम्रामा अर्ना त कति हो कति छन् तर गैंडा अन्त पाइदैंन । रेड पाण्डा यहाँ हुन्छ । त्यसकारण हाम्रो देशमा टुरिजमका सम्भावना पशुपतिनाथ, मुक्तिनाथदेखि लिएर विश्वनाथदेखि लिएर केदारनाथदेखि लिएर केदारनाथको शिरदेखि लिएर के छैन यहाँ, स्वयम्भुनाथदेखि लिएर बौद्धनाथदेखि लिएर के छैन यहाँ, चितवनका गैंडा हात्तीदेखि लिएर के छैन यहाँ सब चीज यहाँ हामीसँग छ, त्यसकारणले हामी विकास गर्न सक्छौं । हाम्रो देशको विकासको सम्भावना हाम्रो आत्मविश्वास हाम्रो दृष्टिकोण हाम्रो योजना हाम्रो संकल्प हाम्रो सक्रियता यसमा निर्भर गर्छ र हामी विकासतर्फ अगाडि बढ्छौं । हाम्रा निम्ति परिस्थिति अनुकुल छ, हामीसँग लामो समयपछि अहिले म सरकारमा छु मैले सरकारको नेतृत्व गरिरहेको छु भनेर होइन तर हामीलाई बहुमतको सरकार चाहिएको थियो । बहुमतको सुढृद सरकार चाहिएको थियो र हामीले बहुमतको सुदृढ सरकार बनाउन सकेका छौं किनभने जनताले हामीलाई त्यसरी पत्याएको छ । हामीसँग अनुकुल लोकतान्त्रिक प्रणाली चाहिएको थियो स्थापना गर्न त्यो प्रणाली संचालन गर्न बहुमतको स्थिर सरकार चाहिएको थियो स्थापना गरेका छौं । हामीसँग हाम्रा सम्पूर्ण प्रयासहरूलाई केन्द्रित गरेर अगाडि बढाउने भिजन, योजना र संकल्प चाहिएको थियो त्यो हामीसँग छ । अब छिमेकी सम्बन्ध असल हुनपर्थ्यो, छिमेकसँग झगडा भईराख्यो भने विकास गर्न गाह्रो हुन्छ । छिमेकी सम्बन्ध असल चाहिएको थियो, म पहिलोपल्ट प्रधानमन्त्री हुँदा नाकाबन्दी लागिराखेको थियो । प्रधानमन्त्री भएर गएर बहाली त लिए बहाली लिंदा मुस्किलले प्रधानमन्त्रीका गाडीमा त तेल हालेको थियो बाँकी लाइनमा थिए । गाडी कस्तो हालतमा थियो । स्कूलहरू बन्द भइसकेका थिए, कलेजहरू बन्द, भइसेकका थिए, अस्पतालहरू बन्द भइसकेका थिए, औषधिहरूको अभाव भइसकेको थियो, ब्लड डोनेसन गर्न, ब्लड दिन, ब्लड डोनेट गर्न ब्लड प्याकेट चाहिन्छ प्याक्स त्यो थिएन । हवाई ईन्धन थिएन, हवाई इन्धनहरू भए एयरपोर्टबाट काँधमा बोक्न बाइकहरूको उपाय छैन, त्यो हालतमा देश थियो । त्यस ठाउँबाट आज हाम्रा छिमेकीहरूसँग सम्बन्ध सुमधुर भएको छ । हामीले सम्बन्ध पुनर्स्थापित गरेका छौं र म गर्भका साथ भन्न चाहन्छु यहाँहरूलाई यहाँहरू सबैलाई र देशबासी सबैलाई भन्न चाहन्छु गर्भका साथ सम्बन्ध सुधार्नु राम्रो

हुनुपर्छ छिमेकीहरूसँग भनेर निहुरिएर होइन, झुकेर होईन, अनुचित ढंगले होईन, आफ्ना आन्तरिक मामिलामा हस्तक्षेप स्वीकारेर होइन, सार्वभौमसत्तालाई अन्डरमाइन गर्न दिएर होइन, स्वतन्त्रतालाई या भौगोलिक अखण्डतालाई नजरअन्दाज गरेर होइन, मिल्नै पर्छ जसरी पनि भनेर जसरी पनि होइन, सार्वभौमसत्तालाई मानेर, स्वाधिनतालाई मानेर, आन्तरिक मामिलामा हस्तक्षेप गदिन भनेर त्यसरी हामीले गरेका छौं र म राष्ट्रको हामीले शिर उठाउने गरी र शिर उठाएर नै सम्बन्धलाई सुधार गरेका छौं । प्रधानमन्त्री हुने बित्तिकै म भारत गएँ, अलिअलि चर्चा चल्यो भारत किन गयो, पहिले भारत किन गयो भनेर, पहिले कता गयो के गऱ्यो भन्ने होइन, सार्वभौमसत्ता कस्तो रह्यो, स्वाधिनता कस्तो रह्यो, भौगोलिक अखण्डता कस्तो रह्यो, देशको स्वाभिमान कस्तो रह्यो, सम्झौता कस्तो रह्यो, हित भयो कि भएन हेर्नुपऱ्यो त्यो । नचाहिने कुरामा टेक लिएर काम छैन, हामी जुँगाका लडाई लड्दैनौ खौरिदिन्छौं, महिला दिदी बहिनीहरूको आउँदै,आउँदैन आनन्दै छ । जुंगाको लडाई भन्ने पर्दै,पर्दैन । हाम्रो पर्न खोज्यो भने खौरिदिए हुन्छ । जुँगाको लडाई लड्ने काम छैन । राष्ट्रिय हितको निम्ति लड्नु पर्छ, जुँगाको लडाई नलड्ने, राष्ट्रिय हित नछोड्ने, राष्ट्रिय हितमा अड्ने हाम्रो नीति त्यो हो । हामीले त्यो नीति फलो गरेका छौं दृढताका साथ र त्यसमा हामी सफल भएका छौं, साथीहरूले हेर्नु भएको छ । कुनै पनि सम्झौता एउटा पनि अनुचित गर्दैनौ । नेपालले छिमेक सम्बन्ध र राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्धलाई नयाँ उचाईमा उठाएको छ । सार्वभौम समानताको उचाईमा हाम्रा सम्बन्धहरूलाई हामीले स्थापित गरेका छौं र त्यो हाम्रा छिमेकीहरूसँगका सम्बन्धहरू, हाम्रा सम्झौताहरू, हाम्रा संयुक्त वक्तव्यहरू वा संयुक्त बिज्ञप्ति, संयुक्त प्रेस वक्तव्य, हाम्रा कारोबार यी सबै कुराले यी कुराहरूलाई पुष्टि गर्छन् । हामी खोक्रो दाबी मात्रै गर्दैनौ । मैले कुन देशमा जाँदा कसरी कुरा गरे भन्ने कुरा सबै खुलस्त छन् रेर्कडेड छन्, सबै कुरा ट्रान्सपरेन्ट छ । त्यसकारण म हाम्रो राष्ट्र एकजुट भएको छ । एकजुटका साथ राष्ट्रिय सार्वभौमसत्तालाई अगाडि बढाएको छौं । हाम्रा आधारभूत पाँचवटा कुरा छन् भनेर मैले भन्दै आएको छु सदैव । हाम्रो राष्ट्रियताको सवाल, जसलाई हामी असाधारण महत्व दिन्छौं, अद्वितीय महत्व दिन्छौं कम्प्रोमाइज गर्दैनौ । राष्ट्रियताको सवालमा हाम्रो सार्वभौमसत्ता, हाम्रो भौगोलिक अखण्डता, हाम्रो स्वाधिनता जसमा कसैले हाम्रा आन्तरिक मामिला वा बाह्य सम्बन्धहरूमा कुनै प्रकारको हस्तक्षेप गर्न सक्दैन, पाउदैन । हाम्रा राष्ट्रिय हितहरूको रक्षा र सम्बर्द्धन र हाम्रो गौरवपूर्ण स्वाभिमानको रक्षा, त्यो स्वाभिमानलाई माथि उठाउँने कुरा यो हामी छोड्दैनौ । यो एउटा विषय भयो, राष्ट्रिय हित जसले पनि हेर्छ तर राष्ट्रिय हित हेरिरहंदा राष्ट्रिय हित मात्रै भन्यो भने बलियाको राष्ट्रिय हित र दुब्लालाई नोक्सान पार्ने हुनसक्छ । त्यसकारण राष्ट्रिय हितको प्रश्नमा न्यायोचित र अन्तर्राष्ट्रिय उत्तरदायित्व अनुकूल हुनु पर्दछ । न्यायपूर्ण हुनु पर्दछ राष्ट्रिय हित र हामी हाम्रा छिमेकीका जायज चासो, चिन्ता, सरोकारहरूलाई सम्बोधन गर्छौ सम्मान गर्छौ । हाम्रा छिमेकीहरूलाई नोक्सान पार्नु हामीलाई छैन । हाम्रा छिमेकीका विरुद्ध कसैलाई कुनै प्रकारको केही गतिविधि गर्नु छैन गर्न दिदैंनौं हाम्रो नीति, त्यो हो । हामी विश्वशान्तिको पक्षमा छौं । हामीले शान्तिको महत्व बुझेका छौं । हामी आफैं पनि द्वन्दमा फस्यौं । हामी आफैं पनि द्वन्दबाट गुज्रियौं र हामी आफैंले पनि द्वन्द्व व्यवस्थापन गऱ्यौं । नेपालको आजको डेमोक्रेसी, नेपालको आजको अवस्था दुनियाँका लागि एउटा पोलिटिकल यूनिभर्सिटी नेपालको आजको अवस्था । डेमोक्रेसीको हिसाबले, डेमोक्रेटिकको हिसाबले, हाम्रा प्रणालीका हिसाबले द्वन्द्व व्यवस्थापनका हिसाबले हामी कसरी राष्ट्रिय सहमति बनाउँदै लगेका छौं त्यस हिसाबले, प्रतिकुलतासँग कसरी जुध्दै आएका छौं, त्यस हिसाबले छिमेक सम्बन्धलाई बिग्रेका अवस्थाबाट सुधार्दै कसरी लैजान सकेका छौं, त्यस हिसाबले नेपाल एउटा आजकल ओपन यूनिभर्सिटी भनिन्छ नि त्यस्तै यो एउटा यूनिभर्सिटी ओपन यूनिभर्सिटी हो । यसका सम्पूर्ण प्रयासहरू छन् तर अहिलेसम्ममा हामी एउटा कुरामा दाबी गर्न सक्दैनौं कि हामीले आर्थिक उन्नति गऱ्यौं, विकास गऱ्यौं र सम्बृद्धि हासिल गऱ्यौं, दाबी गर्न सक्दैनौं किनभने हामी अहिलेसम्म राजनीतिक परिवर्तन र सामाजिक परिवर्तन मै लागेका छौं, जुन कुरामा हामीले सफलता प्राप्त गऱ्यौं । हामी अन्तर्राष्ट्रिय सम्बन्धमा कही केही तिक्तता आयो भने पनि शान्तिपूर्ण माध्यमबाट र संवादको माध्यमबाट टुंग्याउनु पर्छ भनी राख्याछौं र हाम्रो मान्यता अनुसार आज जुन बारेमा अमेरिका र डिपीआरके उत्तर कोरियाका बीचमा संवाद हुदैंछ औपचारिक । अनौपचारिक ढंगले थुप्रै भए । उत्तर र दक्षिण कोरियाका बीचमा १९५३ देखि टुटेको श्रृंखला जोडिएको छ । संवादको माध्यमबाट र थुप्रै ठाँउका यस्ता दृष्टान्तहरू छन्, जसमा संवादको

माध्यमबाट टुंग्याइएको छ । आज औपनिवेशिक घेरा होइन, आज निरंकुशताको घेरा होइन, त्यसकारण violence जरुरी छैन । उपनिवेशमा स्वाधिनताका लागि राष्ट्रले violence गर्थ्यो । तानाशाहीमा स्वतन्त्रताका लागि मुक्तिका लागि अधिकारका लागि  मानिसहरूले प्रतिरोध गर्थे । आज जनताको सरकार छ, जनताको शासन छ, जनताको व्यवस्था छ, त्यसकारण हिंसा आवश्यक छैन । कसैले हिंसालाई सिद्धान्तको विषय बनाउँछ, रोजाईको विषय बनाउँछ भने त्यो अनुचित हो र म भन्न चाहन्छु हिंसा आवश्यक छैन । आउनुस् कुरा गरौं, टुंग्याउँ हिंसामा जानुपर्ने आवश्यकता छैन । सबैलाई म भन्न चाहन्छु । होइन नेपाललाई विकास हुन नदिने, तपाई आफ्नै बुद्धि बिग्रिएर नेपाललाई विकास हुन नदिने फेरि समस्यामा फसाउने कुबाटो हिंड्न खाज्नु भएको हो भने पनि हामीले रोक्नु पर्छ । अरु कसैको औजार भएर तपाई यी कामहरू गर्दै हुनुहुन्छ भने त्यसलाई पनि रोक्नु पर्छ, म प्रधानमन्त्रीको हैसियतले भन्दैछु रोकिनेछ, अब नेपालमा नो डिर्स्टबेन्स । हाम्रा विकासका, हाम्रा सम्बृद्धिका चाहना पूरा गर्ने बाटोमा नो डिर्स्टबेन्स । कतिले स्वतन्त्र मधेश, पृथकतावादी आन्दोलनका कुरा गरिरहेका छन् म बडो नम्रताका साथ भन्न चाहन्छु विखण्डनकारी, देशद्रोही कुरालाई कुनै पनि राष्ट्रले सहदैन र अहिलेको सरकारले पनि हामी यो नीतिहरू यस्ता विखण्डनकारी यति सानो नेपाल छ । यसमा विखण्डन कहिले थियो ? कहाँ थियो ? त्यो मधेश भन्ने देश वाहियात कुरा गर्ने । अनि कसैले कब्जा गऱ्यो, कसैले के गऱ्यो भन्ने । गलत आरोपहरूमा होइन, हामी मिलेर देशको विकास गरौं । मैले भनेको छु, देशको कुनै पनि भूभागलाई कुनै पनि भूभागमा बस्ने जनतालाई, कुनै पनि भूभागमा बस्ने कुनै पनि पेशा व्यवसाय अपनाउने कुनै पनि वर्ग वा समुदायलाई पछाडि पार्ने होइन । अगाडी बढाउने नीति लिन्छ सरकारले । हाम्रो समानताको नीति गरिबी बाँड्ने अभावको वितरणको निम्ति होइन । सम्बृद्धि हासिल गर्ने र सम्बृद्धिको न्यायोचित नीति हो । त्यसकारण म सबैलाई भन्न चाहन्छु । सम्बृद्धि हासिल गर्ने नीतिमा साग लागाऔं । सम्बृद्धिको समुचित वितरण गर्ने नीतिभन्दा बेटर अर्को कुनै नीति छ भने बताउनु पऱ्यो । छैन भने फेरि अनावश्यक कुराहरू गरिरहनु र नेपालमा शान्ति हुन नदिनु, नेपाललाई अप्ठ्यारोमा पारिरहनु, नेपालमा विकास हुन नदिनु, नेपाललाई गरिब बनाइरहनु र हाम्रा भाइबहिनी, छोराछोरीहरूलाई विदेश पठाइरहनु अनि काठका बाकसमा बन्द बनाएर फिर्ता ल्याइरहनु, आँशु हामीले बगाइरहनु, हामी पीडित भइरहनु यो सिलसिला अब चलाउन सकिदैन । त्यसकारण हिंसा नेपालमा अब जरुरी छैन । पृथकतावाद कुनै पनि हालतमा नेपालमा सह्य हुँदैन म स्पष्ट भन्न चाहन्छु । पृथकतावाद, विखण्डन अहिले शान्तिपूर्ण भनिए पनि भन्ने शान्पिूर्ण हो तर पृगकतावाद तयारीका लागि अहिले शान्तिपूर्ण भनिएको हो । पृथकतावाद जस्तो राष्ट्रद्रोही अपराधिक क्रियाकलाप पिसफूल हुनै सक्दैन । अन्ततः त्यसकारण यो बाटोमा नजान म सबै सम्बन्धित व्यक्तिहरूलाई म आग्रह गर्न चाहन्छु । क्रान्ति परिवर्तनका नाममा आदि इत्ये हिंसात्मक कुराहरू यो चन्दै उठाउँनको लागि आतंक मात्रै फिँजाएको हो कि के हो ? क्रान्ति नै गर्छु भन्ने कुनै भ्रम छ भने त्यो असम्भव भ्रमको कुरा हो । त्यो असम्भव छ । त्यतापट्टि नलाग्न म सबैलाई आग्रह गर्न चाहन्छु । आउनुस् मिलेर देश बनाऔं । अहिले पनि सरकार उदार छ, मिलेर देश बनाउन तयार छ । तर यो द्वन्द्व बढाउन चाहदैंन । यस सरकारका कामकारबाहीहरू अहिलेको सरकारका कामकारबाहीहरू पूर्ण रुपमा पारदर्शी हुन्छन्, संविधान सम्मत हुन्छन्, कानून सम्मत हुन्छन्, लोकतान्त्रिक हुन्छन्, देशको हितको पक्षमा हुन्छन्, जनताको हितको पक्षमा हुन्छन् । त्यस बाहेक जान सक्दैनन् । कतिपय मित्रहरूले राजनीति गर्नका लागि अलिअलि कुरा उठाउँछन् राजनीति गर्नका लागि, तानाशाहीकरण तिर जान लाग्यो देश भनेर । म यसो विचार गर्छु मैले पचास वर्ष अगाडि आन्दोलन थाल्दा वा गिरफ्तार हुँदा, चवन्न वर्ष अगाडि आन्दोलन थाल्दा राजतन्त्र फाल्छौं, पञ्चायत ढाल्छौं, जनताको व्यवस्था ल्याउछौं भन्दा तानाशाही ल्याउछौं भनेको होइन, थिएन । मदन दाई अगाडि हाम्रा अग्रजहरूले पुष्पलालहरूले स्थापना गर्दा लोकतान्त्रिक गणतन्त्र डेमोक्रेटिक रिपब्लिक स्थापनाकै कुरा गर्थे । हामी जेल बस्दा कठिनाई सहँदा, गोलघर बस्दा, भूमिगत जाँदा, यातना सहँदा हामी तानाशाही ल्याउनका लागि तानाशाह हुनका लागि होइन । लोकतन्त्रका लागि त्यो हामीले सहेका थियौं । मर्न तयार हुने मान्छे स्वार्थका लागि मर्न तयार हुन सक्दैन । बाँच्यो भने मात्रै स्वार्थ पूरा हुन्छ । त्यसकारण बाँच्ने बाटोतिर लाग्छ । हामी बाँच्ने बाटो तिर होइन, आदर्शको बाटो तिर लाग्यौं किनभने हामीलाई लोकतन्त्र चाहिएको थियो । लोकतन्त्र कसैले हामीलाई उपहारमा दिएको विषय होइन । अरुले ल्याइदिएको लोकतन्त्र हामीले स्वीकारेको होइन । हामीले लडेर ल्याएको हो, लोकतन्त्र त्यसकारण

लोकतन्त्र लडेर जसले ल्यायो, उसैले लोकतन्त्र मास्छ, तानाशाही ल्याउँछ भन्ने कुरा गर्नु अर्गेलै हो तर आलोचना गर्ने अरु ठाउँ नभएसी त्यस्ता कुराहरू भनेका कुरालाई पनि अन्डरस्ट्यान्ड गर्न सकिन्छ, बुझ्न सकिन्छ किन भनेको भन्ने कुरा । खैर हामी देशमा यो प्रणाली हामीले ल्याएका छौं, यो बहुदलीय व्यवस्था नि, बहुदलीय व्यवस्था हामीले ल्याएपछि एकभन्दा बढी दल हुने भए । पक्ष सत्ता हुने भए, विपक्ष अर्को पक्ष हुने भए । यस्तो हुन्छ । यो त हामीले नै छानेर ल्याएको व्यवस्था हो । अहिले केही केही विद्वान्हरूले म आजकल अखबारहरू लेख्छु बहुमत आयो, सधै बहुमतको सरकार चाहियो स्थिर सरकार चाहियो, स्थायित्व हुनुपर्‍यो भनेर लेख्ने सर्टिफिकेटधारी विद्वान्हरू यतिबेर के लेख्छन् यो बहुमत भनेको खतराको कुरा हो । यो बहुमत खतराको कुरा हो है । यो बहुमत भएपछि बहुमतले निर्णय गर्दै जानेहरूले पनि मान्दै जानुपर्ने । यो त तानाशाही भै गो नि । जनता हलमा ल्याउने बाटो तिर नलागौं जस्तो लाग्छ मलाई त । जनतालाई सहज बनाउने बाटो तिर लागौं । लोकतन्त्र बहुमतीय प्रणाली हो । लोकतन्त्र बहुमत छ भनेर असंवैधानिक, गैरकानूनी, जथाभावीको बाटो सरकार हिंड्न पाउंदैन, सक्दैन । शक्ति पृथकीकरणको सिद्धान्त छ, स्वतन्त्र न्यायलय छ, अरु निकायहरू छन् र सर्वपरी कुरा त न्यायाधीश जनता छ नि । भोलि देख्छ नि व्यक्तिगत तवरमा मलाई के भनिएन देशद्रोही भनिएन कि अनेक चीज भनियो तर त्यो कुरा पछि व्यवहारबाट पुष्टी त भएन । जनजातिका बीचमा गएर जनजाति विरोधी भनियो, मधेशमा गएर मधेसी विरोधी भनियो, जसको बीचमा पुगिन्छ त्यसकै विरोधी भनियो । त्यो व्यवहारबाट पुष्टि भएन, हुँदैन । अहिले अलि अलि मान्छेहरूले भन्ने गरेका छन् । अहिलेको सरकार पनि के हो कसो हो भनेर । अहिलेको सरकार स्थिर सरकार हो । कसै कसैले सरकारमा समस्या हुने कसैले पार्टी, एकता भएको पार्टी फेरि फुट्ने के भन्ने कसैले के भन्ने । बाबुआमाले पढाएको त्यति काम लाग्यो कमसेकम कुरा फिट्न त जानेकै कान्छोले भए पनि सन्तोष गर्नुपर्छ । त्यसको केही आधार छैन । हाम्रो ध्यान अर्जुन दृष्टि भन्छ नि अर्जुनले रुख देखेनन् त्यहाँ द्रोणाचार्यले के देख्यौ त्यहाँ भन्दा रुख देख्यौ ? देखिन, रुखको हाँगा देख्यौ ? देखिन, सानो डालो देख्यौ ? देखिन, त्यहाँ चरो कुनै देख्यौ ? त्यो पनि देखिन । चराको टाउको पनि देखेनौ ? देखिन, के देखेका छौ त अर्जुन तिमिले ? मैले त चराको आँखा मात्रै देखेको छु । हाम्रो ध्यान अरुतिर छैन, हाम्रो ध्यान सम्बृद्ध नेपाल र सुखी नेपाली तिर छ । सुखी नेपाली भित्र प्रतिपक्ष पनि पर्छ । प्रतिपक्षलाई भोट हालेको जनता पनि भोको नाङ्गो हुनु हुँदैन । त्यो मेरो जिम्मा हो किनभने मैले भनेको सम्बृद्ध नेपाल सुखी नेपाली, सम्बृद्ध नेपाल भनेको हेटौंडा बाहेक भनेको त होइन नि, सम्बृद्ध नेपाल भनेको चितवन बाहेक भनेको होइन, सम्बृद्ध नेपाल भनेको बारा बाहेक भनेको होइन । सम्बृद्ध नेपाल भनेको सुखी नेपाल फलानो फलानो बाहेक अरु चाहिं सुखी है भनेको होइन, सम्पूर्ण नेपाली । एउटा नेपाली भोको हुन्छ भने नेपाली जनताले खान पाएको छ भन्न सकिदैंन त्यो म मान्दिन । एउटा नेपाली भोको छ भने सम्पूर्ण नेपालीले खाएको हुन सक्दैन । यो फराकिलोपन लोकतन्त्रको । नेपालमा मान्छेहरूलाई अचम्मै लागेको छ । कतिपयले भन्छन्, यो प्रधानमन्त्रीले भनेको कुरा के साच्चै हो, यो साँचो हुन सक्छ र यस्तो भनेर । यस्तो डेमोक्रेसी हामीले दुनियाँमा देखेको छैन भनेर । त्यही नदेखेको डेमोक्रेसी यहाँ ल्याउन खोजेको । सगरमाथा अन्त देखेको छ ? नेपालमा आउनुपर्छ, गैंडा अन्त देखिन्छ ? नेपालमा आउनुपर्छ, साच्चैको लोकतन्त्र न्यायको लोकतन्त्र अन्त देखिएन भने नेपालमा आउनु पर्छ । पाँच वर्ष भित्रमा त्यो गराएर छाड्छु । हाम्रो प्रतिपक्षमा अलि अलि आलोचना गर्ने व्यक्तिहरू हुनुहुन्छ । पाँच वर्ष पछाडि म फोरकास्ट अहिले नगरौं । पाँच वर्ष पछाडि स्थिति त्यो हुँदैन । अब हामीसँग अभ्यास एकदम नयाँ प्रणाली हामीले ल्याएका छौं । नयाँ प्रणाली यसकारण प्रदेश नं. ३ को प्रदेश सभामा प्रदेश सभा भर्खर बनेको छ । सभा हलमा बीचमा खाँबो छ हेर्नुस् त । यो ओरिजिनल सभाहल भन्ने कुरा त बीचमा खाँबो हुँदैन नि सभाहलमा, बीचमा खाँबो छ । यतापट्टि मान्छे देखिदैंन यता हेर्नुपर्छ । सभाहल त्यस्तो हुदैंन । म त्यहाँ नगएको एउटा कारण के छ भने यो बीचमा अलिकति खाँबो खाँबोका लागि ठाँउ छोडेको हुनाले त्यहाँ गयो भने धेरै साथीहरू देखिदैंन त्यहाँबाट बोल्दा । धेरै नदेखिने भएको हुनाले धेरै देखिने गरी बोलु भनेर म यहाँ बाट बोलेको । नयाँ हो यो हामीले यसै गर्न खोजेको होइन तर यसबाट थाल्न खोजेको हो । थाल्नु त यहिँबाट पर्‍यो नि त खाँबो छ के गर्ने । यसबाट थाल्ने हो तर सभा भवन बनाउन । भव्य आधुनिक सभा भवन हुन्छ । हामीसँग नयाँ प्रणाली हामीले शुरु गरेका छौं । नयाँ व्यवस्था हामीले शुरु गरेका छौं । नयाँ अभ्यास हामीले शुरु गरेका छौ । संविधानमा लेख्यौं हामीले अनुसूची एक दुई तीन चार पाँच छ सात आठ नौ अधिकारको

बाँडफाँड, स्रोतहरूको बाँडफाँड सबै कसरी लेखेको हो भने न्यूरोडमा एउटा पिंजडा राख्थ्यो त्यहाँ भित्र सुगा राख्थ्यो अनि वरतिर खाम राख्थ्यो र कसैको ग्रह हेर्नु पर्‍यो भने सुगाको त्यो पिंजडाको मुख खोलिदिन्थ्यो सुगा ट्रेन्ड थियो फुत्त बाहिर निस्किएर एउटा खाम टपक्क टिप्यो बीचबाट ट्याक्क दिएपछि अनि पढ्यो । हाम्रो हालत त्यस्तै हो, कुनै दृष्टान्त छैन, सुगाले खाम छाने जस्तै यस्तै त होला नि भनेर यति यति यता गरौं यति यति यता यरौं यता यति भागवण्डा गरौं अनुसूची आठमा यो गरौं नौ मा यो गरौं साझा अधिकार यो गरौं आफ्ना आफ्ना अधिकार यो गरौं तीनटैका अधिकार यो गरौं दुईटाका अधिकार यो गरौं प्रदेश र स्थानीय तहका यो गरौं प्रदेश र केन्द्रका यो गरौं तीनटैका यो गरौं अनुमानै त हो । अनुभव थिएन छैन हामीसँग । यो अनुभव हामीले गर्दै गर्नुपर्छ । म प्रदेश सरकारलाई भन्न चाहन्छु र प्रदेश सभाका सदस्यज्यूहरूलाई भन्न चाहन्छु मन्त्रीज्यूहरूलाई भन्न चाहन्छु, सबैलाई भन्न चाहन्छु । हामी माथि के अधिकारको थुप्रो अधिकार भनेको सिरानी हो, जो लाएर सुत्छु । अधिकार सिरक हो, जो म ओढेर सुत्छु । अधिकार डस्ना हो जसमाथि म सुत्छु । हामीलाई देश विकास गर्नु परेको छ । जहाँ अधिकार जसलाई दिंदा विकास हुन्छ, त्यहाँ अधिकार दिने त्यहाँबाट विकास गर्ने । अब मैले अधिकार राखेर म भारी बोक्न सक्दिन भने उहाँलाई दियो भने उहाँ बोक्न सक्नुहोला उहाँलाई दिनुपर्‍यो । स्थानीय तहले गर्न सक्ने काम स्थानीय तहलाई दिनुपर्‍यो । यो लडाईको विषय होइन, हामीले अधिकारको स्रोतहरूको बाँडफाँडको कुरा गरेका छौं । यो एउटा बुझाई कस्तो छ भने लडाईको विषय हो कि । लडाईको विषय होइन यो, यो त हामीले राष्ट्रनिर्माणलाई तिब्रता कसरी दिन सक्छौं भन्ने कुराको जिम्मेवारीको बाँडफाँड हो । ठेकेदारहरूले कहिले कहिले के गर्छ भने यति पार्ट यसले गर्ने यति पार्ट यसले गर्ने यति भाग यसले गर्ने भाग लागाउँछ । हामी कार्य विभाजन गर्छौं राष्ट्रनिर्माणको कार्यविभाजन अस्ति मैले नीति कार्यक्रममा त्यो उल्लेख गरेको थिए । सम्माननीय राष्ट्रपतिज्यूबाट जुन नीति कार्यक्रम उहाँको सम्बोधन मार्फत आएको छ, त्यसमा यी अधिकारका बाँडफाँट आदिका बारेमा । जे होस् यहाँ हामीले गर्न खोजेको यो कुनै लुछाचुँडी होइन । केन्द्रिकृत शासन चलाउन खोजेको, केन्द्रमा अधिकार राख्न खोजेको, केन्द्रले के गर्न खोजेको, केन्द्रले किन गर्न परेको छ र, केन्द्रले देश विकासको म प्रधानमन्त्रीको हैसियतले मैले देश विकासको ड्राइभ गर्ने हो र अब नेपालले हाइवे पक्डेको छ, अब गाडी फिफ्त गेयरमा कुद्छ । त्यो कुरा हो फिफ्त गेयरमा । किनभने अब हाइवे पक्डेको छ, हाइवेको लागि डेमोक्रेसी आदि इत्यादि अघि मैले भने जुन पोलिटिकल र सोसल, हिजो हामीलाई जात जातमा फुटाउने पहिचानका नाममा जात जातमा फुटाउने, भाषा, धर्ममा, क्षेत्रमा, अनेकमा फुटाउने अनेक प्रयास भए ती सबै हामीले टुंग्यायौं । विश्वका अनुभवहरू यस्ता यस्ता छन् हामी कराएर हिड्यौं, हामी फुट्नु हुँदैन, जुट्नु पर्छ, जुटेर देश बनाउनु पर्छ । अब सात सय एकसट्ठी वटा हाम्रा सरकार बनेका छन् । सात सय त्रिपन्न स्थानीय तह, सात वटा प्रदेश तह र एउटा केन्द्रिय तहका गरी सात सय एकसट्ठी वटा सरकार बनेको छ । यी सबै एउटा देशका एउटा सरकार हुन् । ती एउटा सरकारका सात सय एकसट्ठी सरकार बने भन्नुको अर्थ फरक फरक सोभरेन सरकार होइन । एउटा सरकारका कामको सजिलो, अधिकारको सजिलो, अधिकार उपभोगको सजिलो, सेवा सुविधा उपलब्ध गराउन सजिलो, सेवा केन्द्र हामीले किन खडा गरेकाभन्दा त्यहाँबाट नजिकैबाट सेवा पुर्‍याउन सकियोस् भनेर । सेवा केन्द्र भनौ कि सरकार भनौ सेवा उपलब्ध गराउने औजारहरू हुन् संयन्त्रहरू हुन् । केन्द्रबाट सेवा उपलब्ध गराउने संयन्त्र केन्द्रिय सरकार हो, संघीय सरकार हो । प्रदेशबाट सेवा सुविधा विकासका कामहरूलाई ड्राइभ गर्ने त्यो उपलब्ध गराउने, त्यो प्रदेश सरकार हो । स्थानीय तहहरू महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिकाहरू तिनीहरू एउटा राष्ट्रका एउटा देशका एउटा सरकारका इन्स्ट्रुमेन्टहरू हुन्, छुट्टै होइन । अब हाम्रो ध्यान म साथीहरूलाई भन्न चाहन्छु, हाम्रो ध्यान एकदम ढुक्क साथीहरू हुनु भए हुन्छ । हाम्रो ध्यान स-साना कुरामा जानु हुँदैन, त्यसले हामीलाई बदनाम गर्छ । साना कुरामा नअलमलिनुस् देश विकासका कुरामा अलमलिनुस् । अलिकति समय दुःख गर्नुस् । एउटा सूत्र साथीहरूलाई भन्न चाहन्छु । जनताले जे मन पराउँछ त्यो काम गर्नुस्, जे मन पराउँदैन त्यो नगर्नुस् । जनताले मन नपराउने आनिबानी व्यक्तिगत तवरमा मेरो खुसी त हो नि भनेर हुँदैन । तपाई हिजो नमस्ते गरेर भोट लिनु भएको छ तपाईले, तपाईको काम गर्छु, तपाईप्रति बफादार हुन्छु भनेर अनि उसले सोध्दा तपाईले गलत जवाफ दिन, रुखो जवाफ दिन पाउनु हुन्न । उसप्रति उत्तरदायित्व हुनुपर्छ भनेको तपाई उसलाई जवाफ दिन तपाईका कामको सधैं तयार हुनुपर्छ ।

तपाईले कुनै गलत काम गर्नु भयो भने उसले सोध्न सक्छ किन यो गर्नु भयो भनेर । तपाईले गाह्रो नमानिकन साह्रो नमानिकन अप्ठ्यारो नमानिकन जवाफ दिनुपर्छ त्यसकारण गल्ती गर्न हुँदैन । जनताले मन नपराउने खालका काम गर्नु हुँदैन । अर्को मातहतका मान्छेको नजरमा नगिर्नुस् । म यदि मातहतका मान्छेको नजरमा नगिर्ने सिद्धान्तमा रहें भने मैले भ्रष्टाचार गर्न चाहें भने पनि मेरो छेउछाउ हुने मातहतका मान्छे कोही न कोही नलिइकन त मैले भ्रष्टाचार गर्नै सक्दिन । एक्लै बसेर भ्रष्टाचार त हुँदैन । त्यसकारण एउटा फर्मूला के अपनाउनुस् भने मातहतको मान्छेको नजरमा नगिर्नुस् । हरिभक्त कटुवालले एउटा कविता लेखेका थिए । मैले धेरै ठाउँमा यो कविता भनेको छु । जुनलाई टाढैबाट हेर प्रिय नजिकबाट हेर्दा दागी देखिन सक्छ । अरु त्योभन्दा पछि भनिरहनु परेन । म साथीहरूलाई भन्न चाहन्छु हामी कवि होइन, हामी कवि भए पनि जनप्रतिनिधि हौं । कोही कवि पनि हुनु होला, फेरि होइन भन्दा चित्त दुख्ला । जनप्रतिनिधि हौं त्यसकारण हामीलाई टाढाबाट होइन साथी नजिकबाट हेर, फेला पार्छौ कतै भने धब्बाहरू खोज दागीहरू खोज भन्न सक्नुपर्छ । हाम्रा आनीबानी, व्यवहार, बचन कुनै कुराहरूमा फेला पार्न सक्छौं भने धब्बाहरू खोज दागीहरू खोज टाढाबाट होइन साथी नजिकबाट हेर । अलिकति हरिभक्त कटुवालको कवितालाई उल्टाउनु पर्छ । यो कुरा म तपाईहरूका अगाडि चिनेजानेका साथीहरूका अगाडि माइकबाट अगाडि टेलिभिजन यो मुभिले क्यमेराले पनि खिचेको छ । यो प्रसारण पनि हुन्छ र देशका अगाडि भन्दैछु । टाढाबाट होइन साथी नजिकबाट हेर, सक्छौं कहीं कतै भने धब्बा पत्ता लगाएर हेर । दागीहरू पत्ता लगाएर हेर । यत्तिकै त भन्न सकिन्न होला । म चाहन्छु–नेपालमा सबै नेताले त्यसैगरी भनून्, त्यसैगरी काम गरुन् । हामी हरेकले त्यसैगरी काम गर्नुपर्छ । हामीलाई नजिकबाट हेर्दा दागी रहित धब्बा रहित देख्नुपर्छ । टाढाबाट हेर्‍यो स्फटिक जस्तो छ, नजिकै गएर हेर्दा विभिन्न खालका दाग धब्बाहरू । हामी दागधब्बा रहित हुनु पर्छ किनभने हामी जनताका मान्छे हौं । देश बनाउने संकल्प गरेका मान्छे हौं, त्यसकारण कुनै प्रकारको दागधब्बा सह्य हुँदैन । कसले के गर्छ भन्नु भयो भने जनताले गर्छ त्यो पछि थाहा पाइन्छ । जनताले गर्छ जे गर्ने हो जनताले गर्छ । अलिपछि हेरिराखेको हुन्छ, हिसाब किताब । चित्रगुप्तको खाता भन्छौं नि हामी चित्रगुप्तको भन्दा डरलाग्दो हुन्छ जनताहरूको खाता, डरलाग्दो हुन्छ । हिसाब किताब तलमाथि हुँदैन । अबको जनताहरू त झन सारो हिसाब किताबमा परफेक्ट छ । कुनै चीजले पनि हिसाब किताब तलमाथि गर्न सक्दैन । तसर्थ मेरो आग्रह हो के माननीयज्यूहरूको ध्यान त्यता जानु पर्‍यो । यस सभाको ध्यान त्यता जानु पर्‍यो । यहाँको प्रदेश सरकारको ध्यान त्यता जानु पर्‍यो । तपाईहरूको युनिटीलाई म धन्यवाद भन्न चाहन्छु । तपाईहरूका अगाडि केही कामहरू छन्, प्रदेशको अस्थाई केन्द्र छ, राजधानी तोक्नु पर्नेछ । मेरो सुझाव छ राजधानी एउटा हुन्छ । जति रस्साकस्सी गरे पनि एउटा हुन्छ । सबभन्दा अनुकुल सबभन्दा राम्रो सबभन्दा ठिक जे हुन्छ त्यो गर्नुस्, सहमतिले गर्नुस् । लडाई गरिरहनु पर्ने विषय नै होइन । कुन ठाउँको विकास तपाईलाई राजधानी भयो भने हेटौंडामा राजधानी भयो भने विकास हुन्छ भन्ने लाग्या होला अन्त राजधानी नभए पनि विकास हुन्छ । अहिले म त उहिले बिरामी भएर चारपल्ट पेट चिरेर अनेक म त पार्टपूर्जा फेरेको मेशिन जस्तो भएर काम गरिराखेको छु । किड्नी ट्रान्सप्लान्ट गरेको एघार वर्ष भयो । प्रधानमन्त्री पोहोर परार भई सकेको थिएँ । भूतपूर्व प्रधानमन्त्रीको एउटा फोटो टाँसिदिएको छ, अर्को टाँस्दैन अब त्यही फोटो हो । त्यही फेटो टाँस्ने हो भने त टाँसिएकै थियो । अहिले म अठार घण्टा बीस घण्टा किन काम गरिराखेको छु । देश बनाउने उद्देश्यका लागि मात्रै, अरु उद्देश्यका लागि हो । नत्र मैले यो बल्ल बल्ल मर्दा मर्दा बचेको अलिकति जिन्दगीलाई अलिकति आरामसँग बित्न दिए पनि हुन्थ्यो । मैले बीस घण्टा काम गर्नु पर्दैनथ्यो । तपाईहरूलाई अचम्म लाग्ला म आज पनि दुई बजे नै सुतेको हिजो पनि दुई बजे नै सुतेको अस्ति पनि दुई बजे नै सुतेको अथवा मैले अलिकति मेहनत साथ नै काम गर्ने गर्छु । हामीहरू हरेकमा त्यो भावना चाहियो । त्यो भावनाका साथ हामी काम गर्छौं भने अहिले म प्रधानमन्त्री छु भने सदरमुकामभन्दा सदरमुकाम हुन लायकका कुनै ठाउँ पछाडि पर्दै, पर्दैन त किन पीर गर्नुहुन्छ । कुनै पनि ठाउँ सदरमुकामभन्दा पछाडि पर्दैन । बाटा बनिहाल्छन्, स्कूल खुलिहाल्छन्, उद्योग खुलिहाल्छन्, कलेज खुलिहाल्छ अनि तालिम केन्द्रहरू खुलिहाल्छन्, अस्पताल खुलिहाल्छन्, सुरक्षा निकायहरू त्यहाँ रहिहाल्छन्, रोजगारीका अवसरहरू सृजना हुन्छन् अनि के मा फरक पर्छन् । त्यसकारण सहमतिका साथै गर्नुस् । नामाकरण यो कुनै ठूलो कुरा हो र नामाकरण । साँघुरोभन्दा फराकिलो बाटो हिँड्नुस् । साँघुरोभन्दा फराकिलो बाटो हिँडे हुन्छ । यो अधिकार

यस सभाको । संविधानले यस सभालाई त्यो अधिकार दिएको छ तर मेरो आग्रह के हो भने यसलाई विवादको विषय बनाईरहनु पर्ने त्यस्तो आवश्यकता हुँदैन । विवादको विषयभन्दा सहमतिको विषय सहमतिका साथ किन तपाईहरूलाई विकासका अगाडिका लक्ष्यहरूमा जानु पर्नेछ । तपाईहरूलाई म भन्न चाहन्छु । संघीय सरकार कतिपयले भन्छन् यो यस्तो भयो उस्तो भयो भनेर । तपाईहरूलाई म के भन्न चाहन्छु भने कतिवटा कुरा अन गोइङ प्रोजेक्टस्हरू के के कस्तो पनि परेको छ भने त्यो तल अहिले हामीले यथार्थ हो जनशक्ति पठाउनै सकेको छैन । जनशक्ति नपठाएपछि तपाइले पैसा मात्रै पठाए पनि जनशक्ति पुग्दैन । जनशक्ति र पैसा पठाउनु पर्छ नत्रभने काम हुन सक्दैन । कतिपय ठाउँका मागहरू नै के हुन् भने अहिले अन गोइङ प्रजेक्ट यद्यपि त्यो तल पाउनु पर्ने हो । प्रदेशले पाउनु पर्ने, स्थानीय तहले पाउनु पर्ने तर अहिले त्यहाँ पठाइदियो भन्न हुँदैन । त्यसकारण केन्द्र सरकारले नै जसरी चलिराखेको छ, त्यसरी नै हेरिदियोस् र त्यसलाई पछि उपर्युक्त ढंगले हस्तान्तरण गरोस् भनेर । हामीले कतिवटा कुरा असार मसान्त सम्मका लागि भनेका छौं र यो एक महिना दश दिन भित्र असार मसान्त सम्म थुप्रै Administrative प्रशासनिक ब्यूरोक्रेटिक र अरु चीजहरूलाई मिलाउने । तपाईहरूले धेरै कतिवटा निर्देशनहरू हेर्नु पनि भएको छ असार मसन्त थुप्रै कुरामा असार मसान्त । त्यसलाई यस आर्थिक वर्ष भित्रको सिमा भित्र राखेर हामीले असार मसान्त भनेर अलिक भनेका छौं । संघीय सरकार शासक होइन, संघीय सरकारले हुन त कतिपयले दम्भी भयो दम्भी होला आदि इत्यादि भन्छन् । मैले भन्ने गरेको छु म गाईभैसीं चराएर हुर्केको गाउँको केटो । राजाले लगेर मलाई कोचकाच पारेर नेल हथकडी लगाएर जेलमा लगेर हालिदिएको थियो । जनताले लगेर प्रधानमन्त्री बनाइदिएको छ । यति जनताबाट मैले स्नेह सम्मान पाएको छु । अनि दम्भी हुनुपर्ने कारण के म त गाईभैसीं चराएर आएको मान्छे, घाँस काटेर आएको मान्छे, डाले घाँस काट्न पनि आउँछ, भुँई घाँस काट्न पनि आँउछ । मलाई भाँडा माझ्न मज्जाले आँउछ । साथीहरूलाई सुन्दा अनौठो लाग्ला । मसला आजकल त पिनेकै पनि पाइन्छ । सिलौटामा मसला पिस्नु सजिलो छैन । लौरो समाउने बित्तिकै लौरोले चिन्छ, सिलौटाले चिन्छ यो मसला पिन्ने मान्छे हो कि होइन । होइन भन्ने बित्तिकै मसला सिलौटामा बस्दै,बस्दैन बाहिर निस्किन्छ, बाहिर जान्छ । त्यो मसला पिनिराखेको दिदीबहिनीहरूलाई थाहा हुन्छ । त्यो नजान्ने मान्छेलाई लौरो दिनुस् त त्यो मसला पिन्दिने होइन । मसला बाहिर बाहिर झर्छ यस्ता काम पनि मैले सिकेको छु । अथवा लिप्ने, पोत्ने, बढार्नेदेखि लिएर मलाई आउँछ । मैले हवाइजहाज चलाउन पाइलटिङ पढिन, ड्राइभिङसम्म गर्छु । त्यसकारण भाँडा मस्काउनेदेखि लिएर चुलो बाल्नेदेखि लिएर कहिले कहिले आन्दोलनको आगो बाल्नेदेखि लिएर ती सबै काम मैले गरेको छु र देश चलाउनेसम्म पनि मलाई जनताले जिम्मा दिएको छ । मैले भन्ने गरेको छु यो फाउको जिन्दगीमा मलाई केही लिनु छैन निष्प्रिय । मैले जे सक्छु देशका लागि गर्छु, मलाई केही लिनु नै छैन । तसर्थ एकदम दम्भी होला कि होइन । म जेलमा हुँदा यति नरम अलिक बोल्दैनथे । जेलमा सँगै बसेका साथीहरूलाई थाहा छ । जेलमा हुँदा अलिक नरम भाषा हुँदैनथ्यो मेरो अलिक रफ कडा कडा खालको हुन्थ्यो । अहिले त्यस्तो छैन किनभने जेलमा मलाई लाग्थ्यो कि अलिक दबाउन खोज्छ कि अलिक नरम बोल्यो भने दबेको हेपिएको ठान्छ कि । मैले यो जेल बस्न मानेछु स्वीकारेछु भन्ने बुझ्छ कि त्यसकारण अलि अररो अररो बोल्थे । अनि मलाई प्रशासकहरूले भन्ने गर्थे नेल हथकडी लगाएर खोरमा बसेको छ । यत्रा ठूला कुरा गर्छ यो भनेर । ती ठूला कुरा थिएनन् ती विश्लेषक थिए । अररो छ, मुर्खता छ भन्थे मुर्ख त अलि अलि होला सायद तर त्यो मेरो विश्लेषणमा आधारित थियो । अहिलेको जो संघीय सरकार मेरो नेतृत्वमा छ, त्यो सरकार दम्भ देखाउने शासक हो भन्ने ठान्ने होइन । विकासका लागि देशमा परिवर्तन ल्याउनँका लागि समर्पित छ, लोकतन्त्र सुढृद गर्न लोकतन्त्रलाई वास्तविक अर्थमा कार्यान्वयन गर्न संकल्पित छ र देशलाई सम्बृद्ध नेपाल बनाउन, सुखी नेपाली बनाउन दृढ संकल्पित छ । यही अठोटमा त्यो छ । यसका निम्ति प्रदेश चाहे प्रदेश सभालाई चाहिएको सहयोग होस्, चाहे प्रदेश सरकारलाई चाहिएको सहयोग होस्, चाहे उपमहानगरपालिका वा नगरपालिकालाई चाहिएको सहयोग होस् अथवा महानगरपालिकाहरूलाई चाहिएको सहयोग होस् अथवा अरु सहयोग होस् हरेक प्रकारका सहयोग यथासक्य सम्भव छ । अहिलेको अवस्थामा त्यो संघीय सरकारले गर्न तयार छ त्यो दिन्छ । तपाईहरूसँग यति सुन्दर सम्भावनाहरू छन् । सर्भे शुरु भएको छ रेलको, रेलको सर्भे शुरु भई सक्यो रसुवा गढीबाट, तेलको सर्भे शुरु भइसक्यो । रेलको सर्भे अगस्तसम्ममा सकिन्छ । वीरगन्ज, काठमाण्डौं

यही हो बाटो । एक वर्ष भित्र सर्भे सकिन्छ मोदीजी ले भनेको त सुन्नु भयो होला तपाईहरूले । मान्छेले मजाग उडाउँदैं गर्छन् यहाँ रेल कुद्न शुरु भई सक्छ अब । एक वर्ष भित्र सर्भे शुरु हुन्छ र बाँकी चार वर्षमा रेल कुद्छ । काठमाण्डौंमा तीन वर्ष भित्र मेट्रो कुद्छ । अनि हामीले त्यो पास खोलिसक्यौं बाटाको धुन्चेतिरबाट होइन, पल्लोतिर त्रिशुलीको पश्चिम तिरबाट खोलिसक्यौं । अब त्यो बाटो दुई वर्ष भित्रमा त्यो बाटो बनाइसक्ने हामीले धारणा राखेका छौं । यो इन्टरनेशनल हब हुन्छ पूर्व पश्चिम उत्तर दक्षिण सबतिर । यो टुरिजमको सेन्टर हुन्छ । यो कला, संस्कृति, साहित्यको मनोरञ्जन लिने र अध्ययन गर्नेहरूको केन्द्र हुन्छ । Ancient civilization खोज्न पऱ्यो भने यहाँ आउनु पर्छ । मैले विभिन्न देशमा गएर भन्दाखेरी भन्ने गरेको छु । हाम्रो चाँगुनारायणले डाँडामा अठार सय वर्षदेखि न्यूयोर्क कसरी बन्यो, पेरिस कसरी बन्यो, म्यानहाटन कसरी बन्यो, वासिङटन कसरी बन्यो सबै चाँगुनाराणले अठार सय वर्षदेखि हेरिराखेको छ । फस्ट वर्ल्ड वार, सेकेण्ड वर्ल्ड वार भनेका त अस्तिका कुरा हुन् । अठार सय वर्षदेखि चाँगुनारायण त्यहाँ बसेर हेरिरहेका छन्, सानो कुरा होइन । अठार सय वर्षदेखि चाँगुनारायण कस्ता रहेछन् त, पेरिस बनेको थिएन, लण्डन बनेको थिएन, एउटा एथेन्स थियो, रोम थियो । केही यूरोपका त्यस्ता दक्षिणी तटबर्ती मेडिटेरियन सीका सिभिलाइजेशन मात्रै शुरु भएका थिए । त्यसबेला हाम्रो सिभिलाइजेशन अमेरिका भरी घुमेर हेर्दा एउटा पनि कलात्मक झ्यालढोका तपाईले देख्नु हुन्न । हाम्रोमा त झ्याल कलात्मक, ढोका कलात्मक, ढुङ्गा कलात्मक, काठ कलात्मक । छनौट हेर्नु भयो भने हजारौं वर्ष अगाडि खोपेको काठ कसरी त्यसबेलाको पनि पहिचान हो । हजारौं वर्ष अगाडि खोपेको काठ जस्ताको त्यस्तै छ त्यो चीज । तपाईहरूका अगाडि असाधारण सम्भावना छ । के छैन तपाईंहरूसँग यार्सागुम्बा छ, प्रशोधन गर्न बाँकी छ । चौंरी छन् बढाउन बाँकी छ, डेरी प्रोडक्टस् बढाउन बाँकी छन् । मिल्क प्रोडक्टस् बढाउन बाँकी छन् । चक्लेट हामीले न्यूजिल्याण्डकै खानुपर्ने छैन यही चक्लेट बनाउन सकिन्छ । भन्नुस् हिमालयन चक्लेट डबल प्राइस । किन डबल प्राइस because its Himalayan chocholate यो त चौंरीको दूधबाट बनेको हो, लटरपटर होइन । त्यसकारण यसको चारगुणा दाम । तपाईले लुकाउनै पर्दैन त्यो चारगुणा । किनभने यो किनभने त्यो । अरु चक्लेटलाई यति यो चक्लेटलाई यति र त्यो हामीलाई सप्लाई गर्न गाह्रो हुन्छ, पुऱ्याउन गाह्रो हुन्छ, त्यति जान्छ । हामीले आरोग्य सेन्टरहरू खोल्न सक्छौं । आरोग्य सेन्टरमा म्यानह्याटनको मान्छेलाई ल्याएर यसो डाँडाको आरोग्य सेन्टरमा यसो बुद्ध मुद्रामा बसाएर लामो सास तान्नुस् त भन्नु सास छोड्नुस् अनि सोध्नुस् उसलाई How are you feeling ? did there any difference or not ? सोध्नुस् उसलाई उसले फिल गर्छ गर्नैपर्छ किनभने त्यस्तो हावामा उसले जिन्दगीमा सासै फेरेको थिएन त । अनि उसलाई भन्नुस् okey for this we charge no money once please salute our place त्यो गर्छ उसले । सम्भावनाको चाङ हो हाम्रो देश । हामीले त्यसलाई चिन्नु र सदुपयोग गर्नु पऱ्यो । त्यसलाई प्रोमोट गर्नु पऱ्यो यस काममा । यो प्रदेश एकताबद्ध भएर सफलतापूर्वक अगाडि बढ्नेछ भन्ने मैले ठानेको छु । यहाँका सरकारलाई म धन्यवाद भन्न चाहन्छु । यसले आफ्ना नीति, योजना आफ्ना कार्यक्रमहरू तदनुसार तयार गरेर, त्यस अनुसार अगाडि बढ्न चाहिरहेको छ । म प्रतिपक्षलाई धन्यवाद भन्न चाहन्छु । जो समझदारीपूर्ण व्यवहारमा छ । माथि केन्द्रमा त तपाईहरूले देख्नु भएको छ । कहिले कहिले केन्द्रमा प्रतिपक्ष भित्र आफै पनि समस्या पर्न खोज्छ । सर्वसम्मतिले नीति पास गर्दिए । अब सर्वसम्मतिले नीति पास कसरी भयो, यो त नगर्नु पर्थ्यो कि भन्ने फेरि आफै भित्र छलफल गरी विरोध कसरी गर्ने भन्ने पनि समस्या भयो त्यहाँ । विरोध कसरी गर्ने । पत्रपत्रिकामा भन्नु बेग्लै हो । यो निर्णय गर्ने ठाउँमै, यो विरोध गर्ने ठाउँमा म थिए भनेर आवाज कसरी दिने । त्यसकारण हुन्न भन्ने आवाज सुनिएन । सर्वसम्मतिले पारित भयो । म धन्यवाद भन्न चाहन्छु कि यो समझदारीका लागि । मैले ७७.६१ कति मत प्राप्त गरे । त्यतिबेला एमाले र माओवादी केन्द्र भन्ने जुन पार्टी थिए त्यो एकता भइसकेको थिएन । मेरो एकल पार्टीसँग बहुमत थिएन । तर संसद्मा प्रधानमन्त्रीको हिसाबले मैले विश्वासको मत पाउँदा साथीहरूले ७७.६१ प्रतिशत भनेको त्यसलाई ७८ प्रतिशत भनिन्छ । जसले मत दिनु भएन, त्योभन्दा बाँकीले विरोधमा दिएको होइन । धेरै हुदैं हुनुहुन्नथ्यो । प्राप्त नगरेको मात्र हो । कति उपस्थित नै हुनुहुन्न थियो । भोट नदिनुभन्दा बरु बाहिरै जानु ठीक छ । कतिपय दलीय कारणले, अब दलको कुरा हो । प्रतिपक्षमा भएर भोटै त नदिउ होला भनेर भोट दिनु भएन । तर पछि भन्नुभयो मन त लागेको थियो तर दिन मिलेन । यसले एउटा राष्ट्रिय धारालाई देखाउँछ । युनिटीलाई देखाउँछ र हामी अत्यन्त उदारताका

साथ सहिष्णुताका साथ भिन्नताहरूलाई स्वीकारेर भिन्नताहरूलाई सहेर भिन्नताहरूलाई सम्मान गरेर नै अगाडि बढ्छौं । भिन्नता त हुन्छ । अलिकति आलोचना त हुन्छ र त्यसको जरुरी छ भनेर त हामीले लोकतन्त्र ल्याएका हौं । कहीँ कमी छ भने देखाइदिन्छ नि । त्यसकारण मेरो सबै साथीहरूलाई भनाई त्यही हुन्छ हरिभक्त कटुवालको कवितालाई उल्टाएर टाढाबाट होइन, साथी नजिकबाट हेर । सक्छौं कतै भने धब्बा दागी खोज । मेरो त आफ्नो कविता हुन्छ । हामीले सामाजिक न्याय र समानताका पक्षमा असाधारण काम गरेका छौं । स-साना कामहरू पनि सामाजिक जागरणका काम । अन्धविश्वास पछ्यौटेपन अहिले पनि बोक्सी लाग्यो भन्दै छ । अहिले पनि बोक्सी लाग्यो भन्ने भ्रम पाल्दैछ । अहिले पनि छाउपडी चर्चा गर्ने विषय हो । अब मान्छेको घरै छैन घर नभएका मान्छेहरूलाई हामी खुल्ला के मुक्त क्षेत्र भनेर घरै छैन अनि के घर त छैन अनि के मुक्त घरै नभएपछि । जसको घरै छैन, अनि के मुक्त नमुक्त । त्यसकारण हामीले यो सबै प्रबन्ध गर्नु पर्नेछ । खालि एउटा हल्ला मात्रै गरेर होइन । जसको घरै छैन । कसै कसैको घर भनेको हामीले देखेका छौं नि तराईतिर यसो भाटा लगाएर यस्तो बनाएको हुन्छ एउटा छाप्रो । छाप्रो पनि होइन, त्यसलाई के भन्ने च्याउ खेती गर्नेले पनि राम्रो बनाएको हुन्छ । भैंसी गोठ जतिको पनि छैन, गाई गोठ जतिको पनि छैन अनि त्यस्तो भएपछि मुक्त क्षेत्र कहाँबाट हुन्छ । त्यसकारण मुक्त क्षेत्र बनाउने गरी हामीले जानु पर्‍यो । अब हामी कति पछाडि छौं । अनेक अन्धविश्वासले, त्यसले अहिलेसम्म सरकारलाई सजिलो पनि भएको छ किनभने जनता बिरामी नै हुँदैन । बिरामी नभएपछि डाक्टर पनि चाहिएन, औषधि पनि चाहिएन, अस्पताल पनि चाहिएन । उसलाई त भूत लाग्छ, प्रेत लाग्छ अब भूतप्रेतलाई त औषधि चाहिएन नि । भूतप्रेतलाई औषधि किन चाहियो ? अहिलेसम्म जनचेतना त्यहाँ छ, जब उसले बुझ्छ कि भूतप्रेत लागेको होइन रहेछ म त बिरामी भएको रहेछु भनेर जचाँउनु पर्‍यो, म बिरामी भएँ भन्छ अनि डाक्टर चाहियो, औषधि चाहियो अस्पताल चाहियो । जनता सचेत भएर म बिरामी भएछु डाक्टर लेउ, औषधि लेउ, अस्पताल लैजाउ भन्नुभन्दा अगाडि हामीले त्यहाँ पुर्‍याउनु पर्छ । तिमीलाई बोक्सी लागेको होइन, तिमीलाई प्रेत लागेको होइन, तिमी बिरामी भएको हो । तिमीलाई ढ्याङ्ग्रो ठटाएर होइन, अण्डा मन्छाएर होइन, तिमीलाई यो औषधिले यो सुईले यसो अप्रेशनले यसले ठीक पार्छ, त्यो हामीले भनेर गरेर देखाएपछि बल्ल उ ढुक्क हुन्छ । त्यसकारण हाम्रो ट्रान्जिसन जनता सचेत भइसकेको छैन । भूतप्रेत लाग्यो भनिराखे कै छ, ढुक्क छ । उ बिरामी हो, त्यसकारण उ बिरामी छस् भन्ने पनि बताउनु पर्छ । ढुक्क मानेर होइन, देशमा परिवर्तन ल्याउनु पर्छ । सामाजिक न्याय समानताको पक्षमा समानता लोकतन्त्रमा हुन सक्दैन । असमानता लोकतन्त्रका लक्ष्य नै होइन, लोकतन्त्र र असमानता मिल्दैन । अधिकारको असमानता र परिस्थिति समानताको असमानतामा भिन्नता छ । अधिकार र अवसरको समानता तर उत्तिकै धनी एकैचोटी बनाइहाल्न सकिदैन । तसर्थ हामीले के बुझ्नु पर्छ भने भेदभावको अन्त्य गर्नुपर्छ । भेदभावको अन्त्य र अधिका, अवसरको समानता पहिलो अब डिस्प्यारिटी भन्छ नि, डिस्प्यारिटी अथवा आर्थिक असमानता अरु प्रकारका असमानता त्यसलाई न्यून गर्दै लैजान सकिन्छ । जुन चीज तत्काल गर्न सकिन्छ अधिकार अवसरको उपलब्धता त्यो छिटो गर्नुपर्छ, अरु बिस्तारै गर्दै जानुपर्छ । यी पक्षहरूमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ र स–साना कुराहरूबाट, ठाउँबाट, गाउँबाट, टोलबाट हरेक ठाउँबाट हामीले आफूबाट, घरबाट, छिमेकबाट हरेक ठाउँबाट हामीले गर्दै लैजानु पर्छ । मेरो आग्रह यहाँहरूलाई के छ भने जनताको मनोबल कोही यस्तै हो, जे आए नि यस्तै हो, विकास हुँदैन, भनाइ मात्रै हो । यस्तो हो, उस्तो हो भनिराखेका हुन्छन् । भनाई मात्रै होइन, भनाइ मात्रै हुँदैन, हिजो केही केही नराम्रा कामहरू भए । हिजो केही केही उल्टो बाटो हिडियो । भएका उद्योग नीजीकरणका नाममा उद्योग बेच्दै खादै गर्ने त होइन नि त, नीजी क्षेत्रलाई प्रोत्साहित गर्ने र उद्योग फस्टाउने बाटो लिने हो तर हाम्रो भृकुटी कागज कारखाना के भयो, हामीलाई कागज प्रशस्त चाहिन्थ्यो, यत्रो विद्यार्थी पढाउनु छ, यत्रो किताब छाप्नु छ यत्रो पाठ्यक्रम बनाउनु छ, यत्रो कामहरू गर्नुछ, यत्रा कार्यालय गाउँ गाउँसम्म हामीले यो अभियान फैलाउनु छ कि कागज चाहिएको छ कागज कारखाना चाहिँ उहिले बेचेर खाइयो । यो कुनै हुनत मान्छेहरूले पुरुषार्थका निम्ति यो कुरा गर्लान् तर राम्रो काम भएन, उल्टो बाटो हिड्यो । यसको अर्थ मैले इतिहासलाई सरापेर विगतका गल्तीहरूलाई देखाएर आफूले एक्स्क्यूज लिन खोजेको होइन । मैले कोर्ष सच्याउन खोजेको । कोर्ष हरेक चीजमा हामीले सच्याउन जरुरी छ र हामी नीजी क्षेत्रलाई पनि साथ लिएर वैदेशिक लागानीलाई आकर्षित गरेर जान्छौं । हाम्रो साथीहरूमा कसैमा

कुनै प्रकारको अस्पष्टता छ जस्तो मलाई लाग्दैन । अब हामी शिक्षाको क्षेत्र, स्वास्थ्यको क्षेत्र हामीले नयाँ नीतिहरू पनि ल्याएका छौं र केही कुराहरूलाई हामीले थप एडजस्ट गर्दै पनि लानु पर्नेछ । अवस्था के छ भने अलिकति बीचमा आर्थिक हिसाबका अनुशासनहरू उलंघन भए । अहिले हामी आठ खर्ब अथवा आठ सय अर्ब जति राजस्व उठाउँछौं । पहिले बजेट र योजनामा नभएका कार्यक्रममा नभएका स्रोतको सुनिश्चितता गरिएको छ भनेर मन्त्रीले तोक लगाउँदै दिदैं गरेका र ठेक्का लागेका आयोजनाहरू थुप्रो छन् र अहिले आयोजना हाम्रा वर्षभरीका आम्दानी आठ खर्ब त्यति चाहिं आम्दानी हामीले यो बेथितिसँग दिएको ठेक्का पट्टाको जसको कुनै ब्याग्ग्राउण्ड छैन, केही छैन धितो जमानी केही पनि नभएको हावादारी योजनाहरू, जो ठेक्कामा गइसके । अब एउटा सरकारले ठेक्का लगाइसक्यो, ठेकेदारले लिईसक्यो, अनि काम गरिसक्यो, त्यसलाई हामी अस्वीकार कसरी गरौं । अस्वीकार नगरेपछि हामीले त्यो पैसा त क्रमशः तिर्दै त जानु पऱ्यो । अहिले अर्थतन्त्रको अवस्था नाजुक छ । यदि हामीले यो बिना योजना, बिना कार्यक्रम, बिना बजेटमा स्रोत सुनिश्चितता भन्दै तोक लगाउँदै गरेर, जसरी भयो भयो के कारणले भयो चुनाव अगाडि तपाईहरू बुझ्न सक्नु हुन्छ । तर यस्तो आर्थिक अनुशासनहिनताको कारणले अर्थतन्त्र धेरै चौपट र डामाडोल हुन्छ । उसको इन्डेक्स कसरी घट्यो, शेयर मार्केट किन घट्यो, यसकारण कि आर्थिक अनुशासनमा भयानक विचलन आएपछि । यदि धितो जमानी भएन भने पैसा, पैसा रहदैन कागज हुन्छ । त्यसैकारण बैंकले लेख्छ हजारको नोट निकालेर हेर्नु भयो भने रु.एकहजार यसको धितो रुपैंया माग्न कसैले आएमा नेपाल राष्ट्र बैंकले तुरुन्त भुक्तान गर्नेछ भनेर । किनभने यसको धितो छ, यो कागज होइन, यसको धितो छ भनेको त्यो । त्यो धितो छ भन्ने कुरामा राष्ट्र बैंकको गभर्नरले हस्ताक्षर गर्छ नोटमै । धितो छ भन्ने लेखेर त्यो नोट मै हस्ताक्षर गर्छ । अथवा धितो छ भन्ने कुराको ग्यारेन्टी । नक्कली हो भन्ने विभिन्न विधिहरू अपनाइन्छ । धितो हुँदाहुँदैं पनि यो नोट र त्यसमा लेखिएको हस्ताक्षर पनि सक्कली हो भनी अरु बीचमा त्यान्द्रा, बीचमा नदेखिने फिक्सहरू राख्ने गरिन्छ । तर त्यस्तो त्यही बेलाको त्यो पैसा जाने स्थिति बन्यो, त्यो भयावह स्थिति सृजना गऱ्यो, त्यसले शेयर बजारमा तरलता ल्यायो । पूँजी परिचालन अस्वस्थ ढंगले भयो । यस्ता कुराहरूको समस्यामा हामी अलिकति छौं तर फेरि पनि सम्हाल्न सकिन्छ । यो देश अप्ठ्याराहरू पार गरेर आएको देश हो । कठिनाईहरू पार गरेर आएको देश हो, झेलेर आएको देश हो र फेरि पनि हामी झेलेर अगाडि बढ्छौं । यस वर्ष हामीलाई अलिकति कठिनाई छ । हाम्रा विकासका प्रयासहरूलाई अगाडि बढाउने कुरामा कठिनाई छ तर हामी बाह्य सहयोग र बाह्य ऋण सब लोनहरू र आन्तरिक ऋण मोबिलाइजेशनहरू आदि र खासगरी आन्तरिक ऋण परिचालन सहकारीहरू मार्फत र स–सानो पूँजीहरू मार्फत अगाडि बढ्न सक्छौं विकासमा । विकासका कामहरूलाई अगाडि बढाउन सक्छौं र यसलाई अलिकति मेकप गर्न सक्छौं । प्रदेशले अलि धित मर्ने गरी पैसा आएन भन्ने यस वर्ष ठान्नु स्वाभाविकै हो । एक त हामीले रेगुलेट गरिसकेको छैनौ, थिति बसाइसकेको छैनौं, काम हुन सक्ने स्थिति बनिसकेको छैन, अर्कोतिर बजेटको स्थिति आफैंमा पनि यस्तो छ । तसर्थ यो वर्ष हाम्रा निम्ति एउटा नयाँ सम्बृद्धि तर्फको इतिहास रचनाको पहिलो वर्ष हामीले भनेका छौं र यो माइनस इयर हो । माइनस इयरबाट हामी फेरि पनि ८ प्रतिशत प्रोडक्टिभिटी वृद्धि गर्छौं फेरि पनि र यो ८ प्रतिशत उत्पादन वृद्धि नेपालका लागि अभूतपूर्व असाधारण हो । जो यस प्रतिकुल अवस्थामा गरिन्छ । यस काममा लाग्न म सबै साथीहरूलाई हार्दिक आग्रह गर्न चाहन्छु । अब मैले धेरै समय नलिउँ । हामी सामाजिक लगायतका जागरणका कामहरूलाई अगाडि लान्छौं । कोअर्डिनेटेड फर्ममा संघीय सरकार, प्रदेश सरकार, प्रहेश सभा, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउपालिका सबैले कसरी संयोजनकारी ढंगले विकासका कामलाई अगाडि बढाउन सक्छन् । त्यसमा जान जरुरी छ । त्यस हिसाबले सक्रियताका साथ जाऔं । हामी पहाडका दुर्गमका असुरक्षित ठाउँहरू यो चितवनको माथितिरपट्टि मकवानपुरकै पनि कतिपय ठाउँमा असुरक्षित वस्ती र यस ठाउँका पनि थुप्रै असुरक्षित वस्तिहरूलाई सुरक्षित वस्तिमा सार्नै पर्छ । त्यो अलिकति पैसा दिएर जनता आवासको हिजो जसरी हामीले कारोबार गऱ्यौं, त्यसरी होइन । लोकेड गर्नुपर्छ प्रदेश सरकारलाई पनि म भन्न चाहन्छु । लोकेड गर्नुस् ती ठाउँहरू र ती ठाउँहरूमा वसाउनुस् वस्ति, घर सानै होस् । त्यस्तो गरिसकेपछि अनि हामीले अनेक मुक्त क्षेत्र घोषणा गर्नु पर्दैन । ती भित्रै अनेक बनाइदिएपछि मुक्त हुन्छ । घर नभएपछि मुक्त क्षेत्र सबै मुक्त क्षेत्र हुन्छ त्यो । यसलाई हामीले त्यस ढंगले लैजाऔं । आफ्ना आफ्ना विभिन्न अभियानहरू सञ्चालन गरेर जाऔं । मैले अघि भने

शिक्षा सम्बन्धी भर्ना अभियानले एक वर्षमा यति तल झारिदियो कि अब उनान्साठी हजार मात्रै बाँकी छन् हामीसँग । अरु प्रदेशहरूसँग हामी मिलेर काम गर्छौं, अरुका अनुभवहरूबाट सिक्छौं र छिटै नै मैले यो प्रदेश समन्वय समिति त्यसको एक्ज्याक्ट नाम अहिले मलाई आएन । मेरै नेतृत्वमा प्रदेशहरूका बीचमा अर्न्तप्रदेश एउटा समन्वय जस्तो समिति छ । त्यसको पनि बैठक समय समयमा गरेर प्रदेशहरूका समस्या र संघबाट त्यसलाई गर्नुपर्ने सम्बोधन जस्ता कुराहरूलाई पनि हामी ध्यान दिन्छौं । त्यसकारण म साथीहरूलाई आग्रह गर्न चाहन्छु । एउटा उत्साहका साथ आत्मविश्वासका साथ तपाईहरू हामी एउटा भाग्यमानी पुस्ता हौं । यी सकै नयाँ चीज ल्याउन सफल भएका छौं । यो नयाँ चिजलाई सफल ढंगले प्रयोग गर्ने चुनौति हाम्रो अगाडि आएको छ । हामी सफल ढंगले त्यसको सामना गर्छौं र सफल हुन्छौं । यसमा पनि अब यो इकोनोमी राइट र विकासका अभियानमा सफल हुन्छौं । सम्बृद्ध नेपाल सुखी नेपालीको यात्रा सही रहेछ, हुने रहेछ । दुनियाँमा हुन्छ यति उर्वर देशमा किन हुँदैन, सबैका देशमा हुन्छ यहाँ किन हुदैन ? एउटा मत्रै चीज तेल मात्रै खनेर निस्किने ठाउँ छ भने यहाँ त के छैन । यस्तो ठाउँमा विकास कसरी हुँदैन विकास हुन्छ । हामी देशका लागि हौं, जनताका लागि हौं, विकासका लागि हौं, सम्बृद्धिका लागि हौं, अग्रगमनका लागि हौं, आधुनिकताका लागि हौं र आधुनिक स्मार्ट नेपाल । अलिक समयपछि हामी अर्ग्यानिक नेपाल बनाउँछौं । म साथीहरूलाई आधुनिकता तर्फ अर्ग्यानिक भने मैले आफ्नै बारीलाई पनि अर्ग्यानिक बनाउने बाटोमा जान हामीले कोशिस गर्‍यौं भने हामीले फाल्तु बजारी विषाक्त चीजहरू खान छोड्यौं भने हामीले मात्रै कुलत छोडिदियौं भने कुलत विरुद्धको अभियान चलायौं भने कुलतबाट हुने नोक्सानी पनि हुँदैन, पैसा पनि नोक्सानी हुँदैन, स्वास्थ्य पनि नोक्सानी हुँदैन, सामाजिक क्षति पनि हुँदैन केही पनि हुँदैन र हामी अर्ग्यानिक नेपाल बनाउछौं । अब हामी खालि डाक्टर इन्जिीनियरमा मात्रै होइन, स्कलरशिप, एग्रिकल्चर, म्यानेजमेन्ट आदिका स्कलरसिप पनि पठाउँछौं र हामी फरेष्ट्रिको सम्बन्धमा पठाउँछौं । हरेक क्षेत्रमा हामी स्पेशिलाईजेशन, सुपरस्पेशिलाइजेशन गर्छौं । मैले मदन भण्डारी इन्स्टिच्यूट अफ साइन्स एण्ड टेक्नोलोजी, जो ग्लोबल स्ट्याण्डर्डको सुपर स्पेशिलाइजेशनको एउटा साइन्टिफिक इन्स्टिच्यूट यस प्रदेशमा खोलिदिन सक्ने हो र यस प्रदेशले दुई सय बिघा जमिन पनि दिन सक्दैन पाँच सय बिघा जमिन पनि दिन सक्दैन भने मैले डाकबराबर गनुपर्‍यो । प्रदेशहरूमा कसलाई चाहिने हो लैजाउ । कसले जमिन दिन्छ, त्यसलाई दिने भनेर । तर यसको अर्थ फेरि एउटा इन्स्टिच्यूट हामीले त्यस लेभलको बनाएर अरु इन्स्टिच्यूट बनाउदैनौ होइन । हामी हरेक प्रदेशमा मेडिकल कलेज हरेक प्रदेशमा यूनिभर्सिटी, हरेक प्रदेशमा यो भोकेशनल त हामीले गाउँ गाउँमा पुर्‍याउँछौं । भोकेशनल ट्रेनिङहरू भनेको सेवा केन्द्रहरू भनेका छौं नि हामीले त्यहाँसम्म पुर्‍याउँछौं, गाउपालिकासम्म र प्राविधिक शिक्षा फेरि भोकेशनल ट्रेनिङ र प्राविधिक शिक्षा भोकेशनल एजुकेशन र टेक्निकल एजुकेशन बेग्लै हो । टेक्निकल एजुकेशनलाई हामी अलि पर्मानेन्टली बढी लैजान्छौं । एजुकेशनमा हामीले पढ्ने र सर्टिफिकेट सिरानीमा हालेर दुखित हुने त्यो पीडाको विषय हुने रोजगारी सिर्जना गर्न पनि नसक्ने अन्त पनि नपाउने यस्तो पनि बनाउदैनौं । हामी जीवन उपयोगी शिक्षा तर्फ जान्छौं, हाम्रा शिक्षा पद्धतिहरू विकास त्यसैगरी गर्छौं । खानेपानीका समस्याहरूदेखि लिएर अरु समस्याहरू विकासका सम्पूर्ण क्षेत्रमा पिपुल फस्ट जनताका लागि जनतामुखी कार्यक्रमहरू ल्याउँछौं । यसले विकासका कार्यक्रमहरू ह्वात्तै अगाडि बढेको आँकडा देखिदैन । तर ह्यापिनेसको इन्डेक्समा तपाईले हेर्नु भयो भने अहिले साठी लाखदेखि असी लाख जनता एउटा मापदण्डबाट असी लाख जनता निरपेक्ष गरिबीको रेखामुनि छ । अर्को मापदण्डबाट साठी लाख जनता निरपेक्ष गरिबीको रेखामुनि छ । निरपेक्ष गरिबीको रेखामुनि भनेको खान लगाउँन नपाउँने, नपुग्ने स्थिति, तपाई हाम्रो कार्यकालमा तपाईले निरपेक्ष गरिबीको रेखामुनि नेपाली छ भन्ने कुरा अन्त्य गर्न सकेनौं भने के काम लाग्यो । त्यसकारण म दावाका साथ भन्छु निरपेक्ष गरिबीको रेखामुनि भन्ने कुरा हाम्रो कार्यकाल भित्र नै त्यसलाई समाप्त गर्छौं । अनि हुन्छ सम्बृद्ध नेपाल सुखी नेपाल । यो सम्भव छ भन्छन् हामीले एउटा पछि अर्को गर्ने होइन, एकैचोटी हामी काम गर्छौं । बाटा बनाइन्जेलसम्म सिमेन्ट उद्योग नखोल्ने, सिमेन्ट उद्योग पूरा नभइन्जेल पशुपालन नखोल्ने, पशुपालन नभइन्जेलसम्म कपास खेती नगर्ने त्यस्तै हो र, एकैचोटी गर्छौं नि यो सबै काम, त्यसकारण विकास एकैचोटी सबैतिर उर्लेर आउँछ । हामीसँग अहिले पच्चीस टन उन्नत जातको धानको बीउ आएको छ । डेड सय टन आउने भनेको हाम्रो कृषिले के के गरेर पच्चीस टन मात्रै आएको छ । त्यै पनि दिनलाई चिन्ता छ । त्यो सड्ने भो, त्यो बिग्रिने

भो, हामी म यहाँहरूलाई आग्रह गर्न चाहन्छु । यहाँहरूको मन्त्रालयहरूले योजना बनाओस् । उन्नत जातको धानको बीउ कुन ठाउँमा कसरी प्रयोगात्मक ढंगले लगाउनु हुन्छ ? डबल उत्पादन त्यसको विशेषता के हो भने डबल उत्पादन दिन्छ । तर त्यसलाई हामीले छिटै ल्याउने र छिटै अब सिजन आउन लागिसक्यो छिटै ल्याएर छिटै हामीले त्यसको प्रयोग गर्नु पर्नेछ । यी सबै काममा तदारुकता राख्न केन्द्रसँग केन्द्रका विभिन्न मन्त्रालयहरूसँग प्रदेशको सरकारले तदारुकता राखेर काम गरोस् । हामीले कानून निर्माणका सम्बन्धमा काम अगाडि बढाएका छौं । छिटै नै कति वटा कानून । हाम्रो जनशक्तिको तपाईहरूलाई थाहा नै छ, त्यो जनशक्ति कमै छ । हामीले ३२/३३ वटा बनाइसकेका छौं, केही कानूनहरू निर्माण हुदैछन् । केही नेपाल ऐन संशोधन गर्नु पर्ने विधेयकको तयारी भइरहेको छ । त्यसकारण कानून निर्माण गर्ने हिसाबले पनि हामी अब छिटै ती कुराहरू पूरा गर्छौं । त्यसकारण अब केही समय भित्र संविधानको कार्यान्वयन सम्बन्धी कानूनी अड्चन जुन परेको छ, त्यसलाई कानून निर्माणबाट कानून संशोधनबाट अरु कुराहरू हामी नयाँ विकास गरेर कतिपय संरचनाहरूलाई व्यवस्थित गर्ने तरीकाहरू व्यवस्थित गरेर स्मार्ट सरकार हामीले सोचेका छौं कि साउनको प्रारम्भबाट अथवा आगामी आर्थिक वर्षबाट यो नयाँ गति चलाउँन सक्छौं । म यही आग्रह गर्न चाहन्छु । सबै साथीहरूलाई र मैले सोचेको छु, ठानेको छु यहाँहरूले यो विश्वासका साथ अगाडि बढ्न् हुनेछ । निराश जनता जति खतरनाक केही हुँदैन । आशावादी जनता जति ठूलो शक्ति हामीसँग केही हुँदैन । त्यसकारण जनतालाई आशावादी बनाउनु होस् । जनतामा निराशा पलाउन नदिनु होस् । एकताको भावना जगाउनु होस् । आत्मविश्वास बढाउनुस्, यसरी अगाडि बढेपछि हामी परिवर्तन ल्याउँन सक्छौं । म सबैमा धेरै धेरै शुभकामना फेरि पनि भन्न चाहन्छु, मलाई यस सभामा सम्बोधनका लागि आमन्त्रण गर्नु भएकोमा धन्यवाद भन्दै सबै साथीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आफ्नो भनाई यहीं टुंग्याउँछु, धन्यवाद ।

## सूची-१

प्रदेश सभाले मिति २०७४/१०/१८ मा पारित कार्यविधि

## प्रदेश नम्बर तीनको प्रदेश सभा कार्य सञ्चालन अन्तरिम कार्यविधि, २०७४

**प्रस्तावना** : प्रदेश सभाको कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र अन्य कार्य नियमित गर्नको लागि तत्सम्बन्धी नियमावली निर्माण नभएसम्मको लागि नेपालको संविधानको धारा १९४ बमोजिम प्रदेश सभाले यो अन्तरिम कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "प्रदेश नम्बर तीनको प्रदेश सभा कार्य सञ्चालन अन्तरिम कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अन्तरिम कार्यविधिमा,-

(क) "बैठक" वा "सभा" भन्नाले प्रदेश सभाको बैठक सम्झनु पर्छ ।

(ख) "मन्त्री" भन्नाले मुख्य मन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री सम्झनु पर्छ ।

(ग) "सचिव" भन्नाले संविधानको धारा १९५ बमोजिम नियुक्त सचिव सम्झनु पर्छ र सो शब्दले सचिवको नियुक्ति नभएको वा सचिव अनुपस्थित रहेको अवस्थामा सचिवको रुपमा काम गर्न सभामुखले तोकेको प्रदेश सभा सचिवालयको अधिकृत कर्मचारीलाई समेत जनाउँछ ।

(घ) "सचिवालय" भन्नाले प्रदेश सभा सचिवालय सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले प्रदेश सभाको सदस्य सम्झनु पर्छ ।

(च) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ र सो शब्दले संविधानको धारा १८२ को उपधारा (५) बमोजिमको अवस्थामा प्रदेश सभाको बैठकको अध्यक्षता गर्ने प्रदेश सभाको ज्येष्ठ सदस्यलाई समेत जनाउँछ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ज) "हाता" भन्नाले प्रदेश सभाको बैठक कक्ष, उपकक्ष, दीर्घा सहित भवनको परिसर लगायत सम्पूर्ण भाग सम्झनु पर्छ र सो शब्दले बैठक सञ्चालन गरिने भवनसँग जोडिएको चोक र समय-समयमा सभामुखद्वारा तोकिएको अन्य स्थान समेतलाई जनाउँछ ।

३. **प्रदेश सभाको बैठक** : (१) संविधान बमोजिम प्रदेश सभाको अधिवेशन आह्वान भएपछि प्रदेश सभाको बैठक आवश्यकता अनुसार सभामुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) बैठक कक्षमा सभामुखको आगमन भई राष्ट्रिय धुन बजे पछि बैठक प्रारम्भ हुनेछ ।

(३) सभामुखले बैठक सम्बन्धी जानकारी प्रत्येक बैठकको अन्त्यमा सदस्यहरूलाई दिनेछ ।

४. **सदस्यहरूको उपस्थिति र बस्ने क्रम** : (१) बैठकमा आसन ग्रहण गर्नु अघि प्रत्येक सदस्यले बैठक कक्ष बाहिर राखिएको पुस्तिकामा उपस्थिति जनाउनु पर्नेछ ।

(२) प्रत्येक सदस्यले सभामुखद्वारा निर्धारित क्रम र स्थानमा आसन ग्रहण गर्नु पर्नेछ ।

(३) अपाङ्गता भएका सदस्यको हकमा सभामुखले निश्चित स्थान र क्रम तोकी निजको साथमा एक जना सहयोगी समेतलाई बस्ने अनुमति दिन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सभाका सदस्य नरहेका प्रदेश मन्त्रिपरिषद्का सदस्यलाई सभामुखले मन्त्रिपरिषद्का सदस्यहरूको लागि निर्धारित क्रम र स्थानमा बस्ने अनुमति दिनेछ ।

५. **बैठकको अध्यक्षता :** (१) प्रदेश सभाको बैठकको अध्यक्षता सभामुखले गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो बैठकको अध्यक्षता गर्ने सदस्य दफा ६ बमोजिम सभामुख पदमा प्रस्तावित भएमा सभामुख पदमा प्रस्तावित नभएको उपदफा (३) बमोजिम मनोनीत व्यक्तिले सो दिनको बैठकको अध्यक्षता गर्नेछ ।

(३) संविधानको धारा १८२ को उपधारा (५) बमोजिमको अवस्थामा बैठकको अध्यक्षता गर्ने सदस्यले आफ्नो अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न पहिलो बैठकबाट बढीमा पाँच जना सदस्यहरूलाई मनोनीत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अध्यक्षता गर्दा सदस्यले त्यसरी अध्यक्षता गरिरहेको बैठकमा सभामुखले प्रयोग गर्न पाउने सबै अधिकार प्रयोग गर्न सक्नेछ ।

६. **सभामुखको निर्वाचन :** (१) संविधानको धारा १८२ को उपधारा (१) बमोजिम सभामुखको निर्वाचन प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्तिले तोकेको दिन र समयमा हुनेछ तथा त्यसको सूचना सचिवले प्रकाशन गर्नेछ ।

(२) सभामुखको निर्वाचनको लागि तोकिएको दिनको निर्धारित समयभित्र कुनै सदस्यले अर्को कुनै सदस्यलाई सभामुख पदमा निर्वाचित गरियोस् भन्ने अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्तावको सूचना सचिवलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रस्तावको सूचना प्रस्तावक सदस्यले बैठकमा प्रस्तुत गरेपछि समर्थक सदस्यले समर्थन गर्नेछ । त्यस्तो प्रस्तावको सूचना एउटा मात्र प्राप्त भएमा समर्थक सदस्यले बोलिसकेपछि बैठकमा अध्यक्षता गर्ने व्यक्तिले प्रस्तावित सदस्य सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समयमा सभामुखको लागि एकभन्दा बढी प्रस्तावको सूचना प्राप्त भएकोमा प्रस्तावक सदस्यले दर्ता क्रमानुसार प्रस्ताव प्रस्तुत गर्ने र समर्थक सदस्यले समर्थन गर्ने क्रम सकिएपछि सबै प्रस्तावहरूमाथि संक्षिप्त छलफल हुनेछ र त्यसपछि बैठकमा अध्यक्षता गर्ने व्यक्तिले प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्णय दस्तखत सहितको मत विभाजनद्वारा हुनेछ ।

(६) सभामुखको लागि एकभन्दा बढी प्रस्तावको सूचना प्राप्त भई उपदफा (५) बमोजिम निर्णयार्थ प्रस्तुत गर्दा जुन प्रस्ताव प्रदेश सभाको सम्पूर्ण सदस्यहरूको बहुमतबाट पारित हुन्छ, त्यस्तो प्रस्तावमा प्रस्तावित सदस्य सभामुख पदमा निर्वाचित भएको मानिनेछ र बाँकी प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु पर्ने छैन ।

(७) सभामुखको पद कुनै कारणले रिक्त भएमा यस दफा बमोजिमको कार्यविधि बमोजिम निर्वाचन गरी पूर्ति गरिनेछ ।

७. **उपसभामुखको निर्वाचन :** (१) उपसभामुखको निर्वाचन सभामुखले तोकेको दिन र समयमा हुनेछ तथा त्यसको सूचना सचिवले प्रकाशित गर्नेछ ।

(२) उपसभामुखको निर्वाचन सम्बन्धी प्रक्रिया सभामुखको निर्वाचनको लागि यस कार्यविधिद्वारा निर्धारित प्रक्रिया अनुसार हुनेछ ।

८. **<u>सभामुख र उपसभामुखको शपथ</u>** : आफ्नो कार्यभार सम्हाल्नु अघि सभामुखले प्रदेश प्रमुख समक्ष र उपसभामुखले सभामुख समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

९. **<u>बैठकमा सभामुख तथा सदस्यले पालना गर्नु पर्ने कुराहरू</u>** : बैठकमा सभामुख तथा सदस्यले देहायका कुराहरू पालना गर्नु पर्नेछ :-

(क) बैठक कक्षमा सभामुख प्रवेश गर्दा सबै सदस्यले सम्मान प्रकट गर्न उठ्नु पर्ने,

(ख) सभामुखले बैठक समक्ष सम्मान प्रकट गरी आफ्नो आशन ग्रहण गर्नु पर्ने,

(ग) सभामुखको ध्यानाकर्षण गर्नको निमित्त उठ्नु पर्ने र सभामुखले निजको नाम बोलाएपछि वा इशाारा गरेपछि मात्र बोल्नु पर्ने,

(घ) बैठकमा बोल्न चाहने सदस्यले सभामुखको अनुमति लिएर मात्र बोल्नु पर्ने,

(ङ) बैठकमा भाग लिने सदस्यले बोल्दा सभामुखलाई सम्बोधन गरेर बोल्नु पर्ने र सभामुखले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नु पर्ने,

(च) सभामुखको आसन तथा बोलिरहेको सदस्यको बिचबाट हिँड्न र सभामुखको आसनतर्फ पिठ्यूँ फर्काएर बस्न नहुने ।

१०. **<u>छलफलमा भाग लिने सदस्यले गर्न नहुने कुराहरू</u>** : बैठकमा हुने छलफलमा भाग लिने सदस्यले देहायका कुराहरू गर्नु हुँदैन :-

(क) कुनै सदस्यले बैठकमा बोलिरहेको समयमा अशान्ति, बैठकको मर्यादा भङ्ग, वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्नु नहुने,

(ख) सभामुखको आचरण वा निर्णयको आलोचना गर्नु नहुने,

(ग) संविधानको धारा १९१ बमोजिम बहसमा बन्देज लगाएका विषयमा बोल्नु नहुने,

(घ) कसैलाई व्यक्तिगत आक्षेप लगाउनु नहुने,

(ङ) अशिष्ट, अश्लिल, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु नहुने,

(च) बोल्न पाउने अधिकारलाई बैठकको कार्यमा बाधा पार्ने मनसायले दुरुपयोग गर्नु नहुने ।

११. **<u>बैठकमा सुव्यवस्था कायम राख्न सभामुखको विशेषाधिकार</u>** : (१) बैठकमा अभद्र व्यवहार गर्ने वा दफा ९ र १० मा उल्लिखित कुनै कुराहरू उल्लङ्घन गर्ने सदस्यलाई सभामुखले निजको व्यवहार नियन्त्रण गर्न चेतावनी दिन सक्नेछ । सभामुखबाट त्यस्तो चेतावनी पाएपछि सम्बन्धित सदस्यले आफ्नो व्यवहार नियन्त्रण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश पालना नगर्ने सदस्यलाई सभामुखले बैठक कक्षबाट बाहिर जान आदेश दिन सक्नेछ । सो आदेश पाएपछि त्यस्तो सदस्य तुरुन्त बैठक कक्ष बाहिर जानु पर्नेछ र सो दिनको बाँकी अवधिसम्म बैठकमा निज उपस्थित हुन पाउने छैन ।

(३) उपदफा (२) बमोजिम दिएको आदेश पालना नगरी कुनै सदस्य बैठक कक्षबाट तुरुन्त बाहिर नगएमा सभामुखले निजलाई मर्यादापालकको सहयोग लिई बैठक कक्ष बाहिर निकाल्न सक्नेछ । त्यसरी निष्काशित सदस्यले त्यसपछिको तीन वटा बैठकमा भाग लिन पाउने छैन ।

(४) बैठक स्थल र बैठक स्थलको हातामा सुव्यवस्था कायम राख्ने तथा प्रवेश नियमित गर्ने अधिकार सभामुखलाई हुनेछ । सो प्रयोजनको लागि सभामुखले दिएको आदेश पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१२. **प्रस्ताव पेश गर्न सक्ने** : (१) कुनै सदस्यले सभामुखको अनुमति लिई प्रदेश सभाको जिम्मेवारी भित्रको कुनै पनि विषयसँग सम्बन्धित प्रस्ताव बैठकमा पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने सदस्यले सो कुराको लिखित सूचना बैठक शुरु हुनुभन्दा कम्तीमा एक दिन अगावै सचिवलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश भएको प्रस्तावलाई बैठकमा छलफल गराउन उपयुक्त लागेमा दफा १५ बमोजिमको कार्यव्यवस्था परामर्श समिति गठन नभएसम्म सभामुखले आवश्यकता अनुसार प्रदेश सभामा प्रतिनिधित्व भएका राजनीतिक दलका संसदीय दलका सम्बन्धित पदाधिकारीसँग परामर्श गरी त्यस्तो प्रस्तावलाई स्वीकृति दिनेछ ।

तर प्रदेश सरकारको तर्फबाट पेश हुने प्रस्तावको हकमा यो उपदफा बमोजिमको प्रक्रिया अपनाउनु अनिवार्य हुने छैन ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएको प्रस्तावमा दलीय आधारमा छलफल गर्ने गरी सभामुखले समय निर्धारण गर्न सक्नेछ ।

(५) सभामुखले छलफलको प्रारम्भमा प्रस्तावक सदस्यको नाम उच्चारण गरेपछि प्रस्तावक सदस्यले संक्षिप्त मन्तव्य दिनेछ । त्यसपछि सभामुखले छलफलमा भाग लिने अन्य सदस्यहरूलाई समय दिनेछ ।

(६) उपदफा (५) बमोजिम छलफल समाप्त भएपछि सभामुखले त्यस्तो प्रस्तावलाई निर्णयार्थ बैठक समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

१३. **छलफल र निर्णय गर्ने तरिका** : (१) प्रस्ताव विना बैठकमा कुनै विषय उपर छलफल गर्न सकिने छैन ।

(२) बैठकमा पेश हुने प्रस्तावमा दफा १२ बमोजिम सभामुखको स्वीकृति प्राप्त भएको हुनु पर्नेछ । प्रस्तावको मूल भावनामा असर नपर्ने गरी सभामुखले प्रस्तावमा आवश्यक संशोधन गर्न सक्नेछ ।

(३) बैठकमा विचाराधीन रहेको प्रस्तावलाई सभामुखले निर्णयार्थ प्रस्तुत गर्दा प्रश्नको रुपमा पेश गर्नु पर्नेछ ।

(४) प्रस्तावको प्रकृति र गम्भिरतालाई दृष्टिगत गरी प्रस्ताव उपर निर्णय गर्दा सभामुखले आवश्यकता अनुसार "हुन्छ" र "हुन्न" भन्ने ध्वनी मत वा दस्तखत सहितको मत विभाजनमध्ये कुनै विधि अपनाउन सक्नेछ ।

१४. **नियमापत्ति** : (१) बैठकमा तत्काल विचाराधीन रहेको कुनै कुरामा कुनै सदस्यलाई यस कार्यविधिको कुनै दफाको उल्लङ्घन भएको छ भन्ने लागेमा जुन दफा उल्लङ्घन भएको हो सो खुलाई नियमापत्ति उठाउन सक्नेछ । नियमापत्ति उठाउने सदस्यले सभामुखबाट स्वीकृत सूचक

अभिव्यक्ति वा इशारा पाएपछि त्यस्तो विचाराधीन कुरामा बोलिरहेको सदस्यले बोल्न बन्द गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियमापत्ति उठाउने सदस्यले आफ्नो कुरा र आधार स्पष्ट गरी नियमापत्ति सम्बन्धी कुरा मात्र बोल्न पाउनेछ ।

(३) उपदफा (२) बमोजिम नियमापत्ति सम्बन्धी कुरा बोलिसकेपछि त्यस्तो सदस्यले आफ्नो स्थान ग्रहण गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम बैठकमा उठाइएको नियमापत्तिको सम्बन्धमा सभामुखको निर्णय अन्तिम हुनेछ ।

१५. **कार्यव्यवस्था परामर्श समितिको गठन** : (१) बैठकमा पेश हुने विषयहरूको प्राथमिकता, समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने प्रयोजनको लागि र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्शको लागि सभामुखको अध्यक्षतामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलको सदस्य समावेश हुने गरी एक कार्यव्यवस्था परामर्श समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यव्यवस्था परामर्श समितिमा बढीमा एघार जना सदस्य रहनेछन् ।

(३) प्रदेश सभाका उपसभामुख र प्रदेशको कानून सम्बन्धी विषय हेर्ने मन्त्री समितिका क्रमशः पदेन उपाध्यक्ष र सदस्य हुनेछन् ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सभामुखले कुनै सदस्यलाई कार्यव्यवस्था परामर्श समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

१६. **प्रदेश सभाको सचिवालय** : (१) संविधानको धारा १९५ बमोजिम प्रदेश सभाको छुट्टै सचिवालय रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सचिवालयको लागि नेपाल सरकार वा प्रदेश सरकारले आवश्यक कर्मचारी उपलब्ध गराउने छन् ।

(३) सचिवालयले दफा १५ बमोजिमको कार्यव्यवस्था परामर्श समितिको निर्णयानुसार प्रचलित कानून बमोजिम आवश्यक विशेषज्ञको सहयोग लिन सक्नेछ ।

१७. **प्रदेश सभा संसदीय दलको कार्यालय** : (१) प्रदेश सभामा प्रतिनिधित्व भएका सबै राजनीतिक दलको प्रदेश सभा संसदीय दलको कार्यालय सचिवालय परिसर वा यसको आसपासमा रहनेछ ।

(२) यस कार्यविधि बमोजिम सदस्यहरूलाई उपलब्ध गराउनु पर्ने कागजपत्र तथा विवरण सचिवालमा राखिएको निजको नाम उल्लेख भएको पिजनहोलमा सभामुखद्वारा निर्देशित तरिकाले राख्ने व्यवस्था सचिवालयले मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सचिवालयले पिजनहोलमा कागजपत्र तथा विवरणहरू राखिएकोमा सम्बन्धित सदस्यले त्यस्तो कागजपत्र तथा विवरणहरू प्राप्त गरेको मानिनेछ ।

१८. **बैठकको कार्यसूची र कारबाहीको विवरण :** (१) सभामुखको निर्देशन बमोजिम सचिवले प्रत्येक बैठकमा प्रस्तुत हुने विषयहरू समावेश भएको कार्यसूची बैठक बस्नुभन्दा अगावै तयार गरी सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) सचिवालयले प्रत्येक बैठकमा भएको सम्पूर्ण कारबाहीको विवरण अभिलेख गर्ने प्रबन्ध मिलाई सोको संक्षिप्त विवरण तयार गरी सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम तयार भएको बैठकको कार्यसूची र कारबाहीको संक्षिप्त विवरण सचिवालयको सञ्चार कक्ष मार्फत नियमित रुपमा सञ्चार माध्यमहरूलाई समेत जानकारी गराउनु पर्नेछ ।

१९. **प्रदेश प्रमुखबाट सम्बोधन :** (१) संविधानको धारा १८४ बमोजिम प्रदेश प्रमुखले प्रदेश सभाको बैठकमा प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी बार्षिक रुपमा सम्बोधन गर्नेछ ।

(२) संविधानको धारा १८४ बमोजिम प्रदेश प्रमुखले सभाको बैठकमा आवश्यकता अनुसार सम्बोधन गर्न सक्नेछ ।

२०. **धन्यवादको प्रस्ताव :** (१) दफा १९ बमोजिम प्रदेश प्रमुखले प्रदेश सभालाई सम्बोधन गरेपछि बसेको बैठकमा मुख्यमन्त्रीले सम्बोधनको एक प्रति टेवुल गर्नेछ ।

(२) दफा १९ बमोजिम गरिएको सम्बोधनको लागि प्रदेश प्रमुखमा धन्यवाद ज्ञापन गर्न कुनै सदस्यले प्रस्ताव पेश गर्न सक्नेछ र त्यस्तो प्रस्तावमा अर्को सदस्यले समर्थन गरेको हुनु पर्नेछ ।

(३) धन्यवादको प्रस्तावका प्रस्तावक र समर्थकले बोलिसकेपछि सभामुखले उक्त प्रस्ताव उपर थप छलफल हुन नदिई निर्णयार्थ प्रस्तुत गर्नेछ ।

(४) बैठकले पारित गरेको धन्यवादको प्रस्ताव सभामुखले प्रदेश प्रमुख समक्ष पेश गर्नेछ ।

२१. **नीति तथा कार्यक्रममाथि संशोधन :** (१) दफा १९ को उपदफा (१) बमोजिम प्रस्तुत भएको नीति तथा कार्यक्रम उपर संशोधन प्रस्ताव पेश गर्न चाहने सदस्यले त्यस्तो नीति तथा कार्यक्रम प्रस्तुत भएको अठ्चालीस घण्टाभित्र संशोधन प्रस्तावको सूचना सचिवलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको संशोधन प्रस्तावलाई स्वीकृत गर्ने वा नगर्ने अधिकार सभामुखलाई हुनेछ ।

२२. **नीति तथा कार्यक्रममाथि छलफल र निर्णय** : (१) दफा १९ बमोजिम प्रदेश प्रमुखबाट गरिएको सम्बोधनमा उल्लिखित प्रदेश सरकारको नीति तथा कार्यक्रममाथि छलफल गर्नको लागि सभामुखले मुख्यमन्त्री वा निजको अनुपस्थितिमा निजले तोकेको कुनै मन्त्रीसँग परामर्श गरी दिन र समयावधि तोक्नेछ र त्यसरी तोकिएका दिनहरूमा दलीय प्रतिनिधित्वको आधारमा छलफल हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ छलफलको अन्त्यमा मुख्यमन्त्री वा निजले तोकेको मन्त्रीले दिनेछ ।

(३) उपदफा (२) बमोजिम मुख्यमन्त्री वा मन्त्रीले जवाफ दिएपछि छलफल समाप्त हुनेछ र पेश भएका संशोधनहरूमाथि निर्णय भएपछि सभामुखले प्रस्तावलाई निर्णयार्थ बैठकमा प्रस्तुत गर्नेछ ।

२३. **अरू कार्य गर्न सकिने** : (१) दफा २२ बमोजिम सम्बोधन माथि छलफल गर्न तोकिएको दिनमा देहायका कामहरू समेत गर्न सकिनेछ :-

(क) छलफल प्रारम्भ हुनुभन्दा अघि प्रदेश सभाको कार्यविधि सम्बन्धी औपचारिक कामहरू पूरा गर्ने,

(ख) पूरक अनुमान पेश गर्ने ।

(२) छलफल स्थगित राखियोस् भनी पेश भएको प्रस्ताव स्वीकृत भएमा सम्बोधनमा छलफल गर्न तोकिएका दिनहरूमा देहायको कुनै काम गर्न सकिनेछ :-

(क) कानून बमोजिम प्रदेश सभामा प्रस्तुत गर्ने अवधि किटान गरिएका विषयहरू प्रस्तुत गर्न,

(ख) कुनै मन्त्रीले पेश गरेको अत्यावश्यक कार्यमाथि छलफल गर्न ।

२४. **विश्वासको मत** : (१) संविधानको धारा १६८ को उपधारा (२) वा (३) र धारा १८८ को उपधारा (१) वा (२) बमोजिम मुख्यमन्त्रीले तीस दिनभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न प्रस्ताव पेश गर्ने सूचना सचिवलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने सूचना प्रस्तावमाथि छलफल हुने दिनभन्दा दुई दिन अगावै दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्राप्त भएपछि सचिवले सभामुखसमक्ष पेश गर्नेछ र सभामुखले बैठकमा प्रस्ताव पेश गर्ने दिन र समय तोक्नेछ ।

(४) उपदफा (३) बमोजिम तोकिएको दिन र समयमा सभामुखको अनुमति लिई मुख्यमन्त्रीले सो सम्बन्धमा आफ्नो वक्तव्य दिई सभाको बैठकमा प्रस्ताव पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रस्तावमा छलफल गर्न सभामुखले समयावधि निर्धारण गर्नेछ र सो समयावधिको अन्तमा मुख्यमन्त्री वा निज अस्वस्थ भई वा काबू बाहिरको परिस्थिति परी बैठकमा आफैं उपस्थित हुन असमर्थ भएमा निजद्वारा अधिकृत कुनै मन्त्रीले छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिनेछ ।

(६) उपदफा (५) बमोजिम मुख्यमन्त्री वा निजद्वारा अधिकृत कुनै मन्त्रीले जवाफ दिएपछि सभामुखले मुख्यमन्त्रीमाथि सभाको विश्वास छ वा छैन भन्ने प्रश्न निर्णयार्थ बैठकमा प्रस्तुत गर्नेछ ।

(७) विश्वासको प्रस्तावमाथि सभाको निर्णय दस्तखत सहितको मत विभाजनद्वारा हुनेछ ।

२५. **पोशाक** : प्रदेश सभाका सदस्यहरूको पोशाक र कार्यव्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले तोके बमोजिम हुनेछ ।

२६. **प्रवेश नियमित गर्ने अधिकार** : (१) सभाका बैठकहरू सामान्यतया खुला रहनेछन् ।

(२) प्रदेश सभाको काम कारबाही हेर्न आउने व्यक्तिहरूको सुविधालाई ध्यानमा राखी प्रवेश नियमित तथा नियन्त्रण गर्ने अधिकार सभामुखलाई हुनेछ । त्यसरी प्रवेश नियमित गर्न सभामुखले आवश्यकता अनुसार प्रवेशपत्रको व्यवस्था गर्न वा गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जारी गरिएको प्रवेशपत्र लिई प्रदेश सभाको परिसरभित्र प्रवेश गर्ने व्यक्तिले त्यस्तो प्रवेशपत्रमा उल्लिखित वा प्रदान गरिएको शर्तहरूको पालन गर्नु पर्नेछ । कसैले ती शर्तहरू पालन नगरेमा त्यस्तो व्यक्तिलाई सभामुखको आदेशले बैठक भवनबाट निष्काशन गर्न सकिनेछ ।

२७. **विवरण फाराम भर्ने :** प्रत्येक सदस्यले यो अन्तरिम कार्यविधि प्रारम्भ भएको मितिले तेह्र दिनभित्र अनुसूची-३ बमोजिमको व्यक्तिगत विवरण फाराम भरी सचिवालयमा पेश गर्नु पर्नेछ ।

२८. **सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलले विवरण दिनु पर्ने :** (१) सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको नेताले यो अन्तरिम कार्यविधि प्रारम्भ भएको मितिले तेह्र दिनभित्र देहायको विवरण सचिवालयमा उपलब्ध गराउनु पर्नेछ :-

(क) अनुसूची-४ बमोजिमको फाराममा आफ्नो दलका सदस्यहरूको नाम र विवरण, सचिवालयसँग दलको तर्फबाट पत्राचार गर्न अधिकृत गरिएको बढीमा दुई जना सदस्यहरूको नाम र दस्तखत नमूना,

(ख) सम्बन्धित राजनीतिक दलको विधान वा नियमको एक प्रति, र

(ग) सम्बन्धित संसदीय दलको छुट्टै विधान वा नियम भए सोको एक प्रति ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "दलको नेता" भन्नाले सम्बन्धित दलले आफ्नो नेता भनी छानेको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले प्रदेश सभामा नेताले गर्नुपर्ने कार्य गर्न सम्बन्धित दलले अधिकृत गरेको सदस्यलाई समेत जनाउँछ ।

(२) कुनै राजनीतिक दलको सभामा एक मात्र सदस्य भएमा निजले उपदफा (१) को खण्ड (ख) बमोजिमको कागजात एक प्रति संलग्न गरी दफा २८ बमोजिमको विवरण दिनु पर्याप्त हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक मात्र सदस्य भएको राजनीतिक दलमा अर्को सदस्य थप भएमा सो दलले उपदफा (१) बमोजिमको विवरण दिनु पर्नेछ ।

(४) सभाको कार्यकालमा कुनै दल गठन भएमा त्यसरी गठन भएको पन्ध्र दिनभित्र सो दलको नेताले उपदफा (१) बमोजिमको विवरण दिनु पर्नेछ ।

२९. **यसै कार्यविधि बमोजिम हुने** :यस कार्यविधिमा उल्लेख भएका विषयहरूमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयका सम्बन्धमा सभामुखले दफा १५ बमोजिमको कार्यव्यवस्था परामर्श समितिको परामर्श लिई आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३०. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधि बमोजिम कार्य सञ्चालन गर्दा कुनै बाधा अड्काउ परेमा सभामुखले आवश्यकता अनुसार कार्यव्यवस्था परामर्श समितिको परामर्श लिई त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

# सूची-२

## मौखिक उत्तरको लागि प्रश्नको सूचना

श्री सचिव
प्रदेश सभा, प्रदेश नं.३, हेटौंडा ।

प्रदेश सभा नियमावली,२०७४ को नियम ४२ बमोजिम देहायको विवरण खुलाई मौखिक उत्तरको लागि प्रश्नको सूचना दिएको छु ।

| | |
|---|---|
| सूचना दिएको मितिः | |
| प्रश्नसँग सम्बन्धित मन्त्री/मन्त्रालयः | |

सोध्न खोजेको प्रश्नः

भवदीय,

हस्ताक्षरः

नाम, थरः

क्रम संख्याः

# सूची-३

## लिखित उत्तरको लागि प्रश्नको सूचना

श्री सचिव
प्रदेश सभा, प्रदेश नं.३, हेटौंडा ।

प्रदेश सभा नियमावली, २०७४ को नियम ४२ बमोजिम देहायको विवरण खुलाई लिखित उत्तरको लागि प्रश्नको सूचना दिएको छु ।

| | |
|---|---|
| सूचना दिएको मितिः | |
| प्रश्नसँग सम्बन्धित मन्त्री/मन्त्रालयः | |

सोध्न खोजेको प्रश्नः

भवदीय,

हस्ताक्षरः

नाम, थरः

क्रम संख्याः

प्रश्न सम्बन्धी शर्तहरूमा प्रश्न छोटो र स्पष्ट हुनु पर्ने, एउटा सूचनामा एउटै मन्त्रालयसँग सम्बन्धित एउटा मात्र प्रश्न उल्लेख गरिनु पर्ने र प्रश्नको सूचना तयार गर्दा नियमावलीको नियम ४८ र ४९ को परिधि भित्र रहेर गर्नु पर्ने व्यवस्था गरिएको छ ।

## सूची-४
## प्रदेशको स्थायी राजधानी तोक्ने सम्बन्धी कार्यविधि

